सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ पुस २०८२, आइतबार (11 Jan 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २६२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कुलमानले सहमतिभन्दा अतिरिक्त मागेपछि भाँडियो रास्वपासँगको एकता

सहमतिभन्दा कुलमानले के मागे धेरै ?

पूर्वसहमतिभन्दा केन्द्रीय समितिमा बढी संख्या माग

सहमति : सुरुको सहमतिअनुसार उज्यालो नेपाल समूहले पहिलो वरीयताको उपसभापति, २१ केन्द्रीय सदस्य र १८ समानुपातिक उम्मेदवार पाउने

अहिले माग : वरिष्ठ उपसभापति, महामन्त्रीसहित सचिवालयलगायत सबै कमिटीमा ३० प्रतिशत हिस्सा हुनुपर्ने

पार्टीको नाम परिवर्तनको माग

सहमति : एकता भएपश्चात् राजनीतिक दलको नाम 'राष्ट्रिय स्वतन्त्र पार्टी', दलको झन्डा साबिककै नीलो पृष्ठभूमिको मध्य भागमा सेतो रङको गोलाकार बिचमा नीलो रङको घन्टीको आकृति, दलको चुनाव चिह्न 'घन्टी'

अहिले माग : पार्टीको नाममा 'उज्यालो' थपिनुपर्ने

उनेपा समूहको सांसद ग्यारेन्टीको माग

सहमति : १८ समानुपातिक उम्मेदवार

अहिले माग बन्दसूचीमा ६ जना निर्वाचित हुने गरी राख्नुपर्ने, प्रत्यक्षतर्फ पनि करिब ३० प्रतिशत सहभागिताको सुनिश्चितता हुनुपर्ने

कुलमान छाडेर डा. तारा जोशी रास्वपामै उभिए



डडेल्धुरा (ख) बाट स्वतन्त्र निर्वाचित डा. तारा जोशी रास्वपामै उभिएका छन्। उनी उनेपामा अध्यक्षपछिको पहिलो वरीयताको केन्द्रीय सदस्य थिए।

सत्ता बाँडफाँटको कुरा अहिलेदेखि गर्न थाल्नुभयो



● **मनीष झा,** प्रवक्ता, रास्वपा

सहकार्य गरेर सँगै अगाडि बढ्ने अभिप्रायले सहमति गरेका थियौं। सुरुमै हाम्रो मर्मविपरीत उहाँहरूले समानुपातिक सूचीमा फरक अभ्यास गरिदिनुभयो। ससुरा, भान्जा, छिमेकी सिफारिस भयो। हामीले त्यसबाट मूल्य चुकाउनुपऱ्यो। त्यसमाथि उहाँले यतिजना कन्फर्म हुनुपर्छ भन्नुभयो। चुनाव भएकै छैन, हामीले कसरी त्यो ग्यारेन्टी गर्न सक्छौं। प्रत्यक्षमा पनि सत्ताको बाँडफाँटको कुरा अहिलेदेखि गर्न थाल्नुभयो। हामीले बालेन शाहलाई प्रधानमन्त्री प्रस्ताव गरेका छौं, बाँकी निर्वाचन परिणामपछि छलफलको कुरा हो।

प्रधानमन्त्री मागेको थिइनँ, उहाँहरूले नै सहमति तोड्नुभो



● **कुलमान घिसिङ**
अध्यक्ष, उज्यालो नेपाल

म त रास्वपाको साधारण सदस्य भएर बस्नसमेत तयार थिएँ। तर, हाम्रो केन्द्रीय समितिका साथीहरूको समायोजन हुनुपर्ने कुरा राख्दा पनि सहमति कार्यान्वयन भएन। १२ दिन अत्यन्तै पीडादायक रह्यो। चुनावका बेलामा लामो समय इन्गेज गरेर बस्दा उज्यालो नेपाल पार्टीलाई ठुलो क्षति भएको छ। मैले प्रधानमन्त्री मागेको थिइनँ, पार्टी अध्यक्ष पनि मागेको थिइनँ। उहाँहरूले नै सहमति ब्रेक गर्नुभयो। १२ दिनसम्म लक गरेर हाम्रो आवश्यकता उहाँहरूलाई परेन। हाम्रो त्यागलाई कमजोरी ठानियो। म अत्यन्त मर्माहत भएको छु।

प्रेम गौतम, कमलराज भट्ट

कुलमान घिसिङले सहमतिभन्दा धेरै माग गरेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग १२ दिनअघि भएको एकता सम्झौता भंग भएको छ। सहमतिविपरीत घिसिङले पार्टीको नाम, पदाधिकारी-केन्द्रीय सदस्य र समानुपातिक-प्रत्यक्ष सांसदतिर धेरै संख्या मागेपछि रास्वपा र उज्यालो नेपाल पार्टी (उनेपा)को एकता सम्झौता १२ दिनमै भंग हुने अवस्थामा पुगेको हो।

१४ पुसमा भएको एकीकरणसम्बन्धी सातबुँदे सहमति शनिबार भंग भएसँगै दुवै पार्टीले आ-आफ्ना राजनीतिक कदम अगाडि बढाएका छन्। रास्वपा सचिवालय बैठकले उनेपासँगको सहमति अनुमोदन नगर्ने निर्णय लिएको छ भने उनेपाको केन्द्रीय समिति बैठकले आगामी निर्वाचनमा 'चिम' चुनाव चिह्नमा भाग लिने निर्णय गरेको छ।

सहमतिभन्दा धेरै माग गरेकाले एकता भाँडिएको रास्वपाको दाबी छ भने घिसिङले सहमति कार्यान्वयनका नाममा अल्झाइएकाले बाध्यात्मक कदम चालिएको बताएका छन्। पार्टी एकताको सम्झौता हुँदा उज्यालो नेपालका संरक्षक रहेका घिसिङ सम्झौता भंग भएको दिनै शनिबार केन्द्रीय समिति बैठकबाट अध्यक्षमा चयन भएका छन्।

रास्वपा प्रवक्ता मनीष झाले सचिवालय बैठकले उनेपासँगको सहमति अनुमोदन नगर्ने निर्णय गरेको बताए। उनका अनुसार सुरुदेखि नै समानुपातिक सूची र सिट बाँडफाँटमा मर्मविपरीत अभ्यास देखिएपछि समस्या भएको हो। 'सहकार्य गरेर सँगै अगाडि बढ्ने अभिप्रायले सहमति गरेका थियौं। सुरुमै हाम्रो मर्मविपरीत उहाँहरूले समानुपातिक सूचीमा फरक अभ्यास गरिदिनुभयो। ससुरा, भान्जा, छिमेकी सिफारिस भयो। त्यसबाट मूल्य चुकाउनुपऱ्यो,' झाले भने, 'त्यसमाथि उहाँले यति जना कन्फर्म हुनुपर्छ भन्नुभयो। चुनाव भएकै छैन, हामीले कसरी त्यो ग्यारेन्टी गर्न सक्छौं ? प्रत्यक्षमा पनि सत्ता बाँडफाँटको कुरा अहिलेदेखि गर्न थाल्नुभयो। हामीले बालेन शाहलाई प्रधानमन्त्री प्रस्ताव गरेका छौं, बाँकी निर्वाचन परिणामपछि छलफलको कुरा हो।'

बैठकमा सभापति रवि लामिछानेले अधिकतम लचकता देखाउँदा पनि पार्टी एकता जोगाउन नसकिएको ब्रिफिङ गरेका थिए। 'पार्टी एकता बचाउन अधिकतम लचकता अपनाएको हुँ। तर, उज्यालो नेपालसँगको एकता हाललाई स्थगित गर्नुपर्ने अवस्था आयो,' लामिछानेको भनाइ उद्धृत गर्दै एक नेताले भने।

रास्वपा नेताहरूका अनुसार घिसिङले पार्टीको नाममा 'उज्यालो' थप्नुपर्ने, प्रत्यक्ष निर्वाचन क्षेत्र तोकेर दिनुपर्ने तथा वरिष्ठ उपसभापति र महामन्त्री पाउनुपर्ने माग राखेका थिए। 'अहिले नै सिट तोकेर भागबन्डा गर्नु उपयुक्त हुँदैन,' लामिछानेको भनाइ उद्धृत गर्दै एक नेताले भने। रास्वपाको पछिल्लो बैठकले एक महामन्त्री पद थपेर बालेन शाह समूहलाई दिने निर्णय भएको थियो।

» पृष्ठ २ मा क्रमशः

महाधिवेशन प्रतिनिधिको काँधमा कांग्रेसको भविष्य

आजदेखि विशेष महाधिवेशन, प्रतिनिधिको बहुमत पुगे नेतृत्व परिवर्तन, नपुगे संकल्प प्रस्ताव



पर्शुराम काफ्ले / नयाँ पत्रिका

काग्रेसका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले आह्वान गरेको विशेष महाधिवेशन आइतबार अपराह्न काठमाडौंको भृकुटीमण्डपमा सुरु हुँदै छ।

पार्टी विवाद शिखरमा पुग्दा शीतलनिवास पसे देउवा

लामो समयदेखिका सारथि गोपालमान श्रेष्ठले छाडे देउवाको साथ

सोमबार बिहानसम्म सुरु हुने बन्दसत्रमा बहुमत महाधिवेशन प्रतिनिधि सहभागी भए नयाँ नेतृत्व नै चयन गर्ने, नभए महाधिवेशनलाई भेलामा परिणत गरेर संकल्प प्रस्ताव पारित गर्ने तयारी छ। आठ दशकको कांग्रेस जीवनमा विशेष महाधिवेशन हुन लागेको यो दोस्रोपटक हो। यसअघि ०१४ मा विराटनगरमा विशेष महाधिवेशन गरी बिपी कोइराला सभापति निर्वाचित भएका थिए।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको आह्वानमा भएको विशेष महाधिवेशनमा शनिबार रातिसम्मको घटनाक्रम हेर्दा सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्का दुवै सहभागी

» पृष्ठ २ मा क्रमशः



विशेष महाधिवेशनस्थल भृकुटीमण्डप

खड्का र लेखकले महामन्त्रीद्वयसँग गरे छलफल, देउवा 'समानुपातिक सूची सच्याउन व्यस्त'

कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता रमेश लेखकले शनिबार महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासँग निकास खोज्न छलफल गरे। तर, सहमति जुट्न सकेन। सभापति शेरबहादुर देउवा भने दिनभर डा. शेखर कोइरालालगायत निकटस्थसँग छलफलमा थिए। प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार निकटस्थहरूसँग देउवाको छलफल पार्टी विवादबारे नभई समानुपातिक सूची सच्याउने विषयमा थियो।

'पार्टीको विषय स्पष्ट छ, उहाँहरू (महामन्त्रीद्वय) अघि बढिसक्नुभएको छ। विशेष महाधिवेशनको औचित्य छैन भन्ने पार्टीको निर्णय आइसकेपछि र उहाँहरू त्यसबाट तलमाथि नगर्ने अडान राखेपछि त्यसमा छलफलको अर्थ हुँदैन,' महतले भने, 'सभापतिले समानुपातिक सूची मिलाउने विषयमा नेताहरूसँग छलफल गर्नुभएको हो। महामन्त्रीहरूसँग कार्यवाहक सभापति पूर्णबहादुरजी, रमेशजीहरूले सम्पर्कमा रहेर कुराकानी गरिरहनुभएको छ। तर, उहाँहरू पछि नहटेका कारण कुनै सहमतिको सम्भावना रहेन। विशेष भेला वा नीति अधिवेशनका रूपमा अघि सारेको भए छलफल गर्न सकिने ठाउँ हुन्थ्यो। अब,

» पृष्ठ २ मा क्रमशः

■ माघे संक्रान्तिलाई चाकु



शब्द/तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

काठमाडौंको टोखामा चाकु बनाउँदै एक उद्योगी। माघे संक्रान्ति नजिकिएसँगै चाकुको माग बढेपछि उत्पादकलाई भ्याइनभ्याइ छ। कतिपयले चाकु बनाउने पेसालाई तीन-चार पुस्तादेखि निरन्तरता दिएका छन्। विगतमा थोरै मात्रामा चाकु उत्पादन गर्ने उनीहरूले अहिले उद्योगकै रूपमा विस्तार गरेका छन्। चाकु माघे संक्रान्तिको एक विशेष परिकार हो। सादादेखि मसलेदारसम्म विभिन्न स्वादका चाकु बजारमा पाइन्छन्।

कर्नर किक

● रवि मिश्र



एमाले केन्द्रीय कमिटीमा ओलीको 'ब्रिफिङ'

पपुलिस्ट पात्रले देशमा भयावह भूराजनीतिक जोखिम निम्त्याउन सक्छन्



● **बैठकमा अध्यक्ष ओलीले भने–**

सत्तामा जान जस्तोसुकै भावना पनि बेच्ने र जस्तोसुकै सम्झौता गर्ने पपुलिस्ट पात्रहरूले हाम्रोजस्तो देशमा भयावह भूराजनीतिक जोखिम पनि निम्त्याउन सक्छन्। यसैले यतिबेला राजनीतिक पार्टीहरूकै भूमिकाको बलमा लोकतन्त्र बलियो हुन्छ।

(विस्तृत पृष्ठ ३)



नेपालीको खर्च आम्दानीभन्दा धेरै

नेपालीको औसत प्रतिवर्ष आम्दानी ८७ हजार ८१४ र खर्च १ लाख ४० हजार १७०

साढे १३ अर्ब नाफा कमाएको आयल निगमले आइपिओ ल्याउने

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

एन्टिबायोटिकले काम नगर्दा नेपालमा वार्षिक ६ हजारको मृत्यु

औषधिको डोज पूरा नगर्ने र मनपरी सेवन गर्दा एन्टिबायोटिकले काम नगर्ने दर बढ्दो



● **डा. सरोज शर्मा,** स्वास्थ्य मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख

हामीले पछिल्ला समयदेखि मात्रै मृत्यु हुने बिरामीमा एन्टिबायोटिकले काम गरेको थियो वा थिएन भनेर अध्ययन गरेका थियौं। त्यसरी हेर्दा कतिपयमा काम गरेको पाइएन। जटिल स्वास्थ्य अवस्थामा जब एन्टिबायोटिकले काम गर्न छाड्छ त्यसपछि बिरामी निको हुने अवस्था न्यून हुन्छ।


शिवहरि घिमिरे / नयाँ पत्रिका

एन्टिबायोटिक (एएमआर)ले काम नगर्दा नेपालमा मृत्यु हुनेको संख्या बढ्दै गएको छ। स्वास्थ्य मन्त्रालयका अनुसार एन्टिबायोटिकले काम नगर्दा नेपालमा बर्सेनि ६ हजारले ज्यान गुमाउने गरेका छन्। एन्टिबायोटिकको दुरुपयोगकै कारण यस्तो अवस्था निम्तिएको चिकित्सकहरूको भनाइ छ।

स्वास्थ्य मन्त्रालयले सन् २०२४ देखि नेपालमा एन्टिबायोटिकले काम नगर्दा मृत्यु हुनेको अध्ययन र तथ्यांक संकलन थालेको थियो। सन् २०२४ मा पाँच हजारहाराहारीको मृत्यु भएको थियो। सन् २०२५ अक्टोबरसम्म करिब ६ हजारको मृत्यु भएको पाइएको छ। यो तथ्यांक

» पृष्ठ २ मा क्रमशः

■ यसकारण हुन्छ एन्टिबायोटिकले काम नगर्ने अवस्था





डा. भट्ट

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. रञ्जनराज भट्टले पूरै डोज औषधि नखाने, जथाभावी खाने, चिकित्सकको सल्लाह नलिने, कुखुरा तथा अन्य पशुपक्षीको दानामा एन्टिबायोटिक मिसावट हुनु, कुखुराको तौल बढाउन इन्जेक्सन र भिटामिनको प्रयोगले मानिसमा त्यसको असर बढ्दो रहेको बताए। एन्टिबायोटिकको मुख्य असर भनेको यसले काम नगर्नु हो। जब शरीरको प्रतिरोध क्षमता बढाउन दिएको औषधिले काम गर्दैन, तब बिरामीको अन्ततः मृत्युवरण नै हुन्छ। कुखुराको दाना र इन्जेक्सनमार्फत एन्टिबायोटिक प्रयोग बढेकाले केन्द्रीय भेटेरिनरी ल्याबमार्फत समेत जाँच भइरहेको उनको भनाइ छ। 'अहिले एन्टिबायोटिकले काम नगर्ने अवस्था अर्थात् रेसिस्टेन्स बढेको छ, यसले काम नगर्दा मानिसको मृत्यु नै हुन्छ, त्यसैले एन्टिबायोटिक्स जथाभावी नफालौं,' भट्टले भने, 'पशुपक्षीमा प्रयोग नगरौं, तिनीहरूका मासु खाँदा मानिसमा असर गर्छ।'

● एन्टिबायोटिककै कारण सन् २०५० सम्म विश्वमा वार्षिक एक करोड मानिसको मृत्यु हुने प्रक्षेपण

डम्पिङसाइट नहुँदा विराटनगर महानगरलाई फोहोर व्यवस्थापनमा सधैँ पिरलो

दैनिक सय टन फोहोर उत्पादन, विराटनगर- १६ स्थित दरैयामा आफैँले खरिद गरेको १२ बिघा जमिनमा फोहोर फाल्न स्थानीयको अवरोध

विराटनगरमा **गणेश लम्साल**

आफ्नो व्यवस्थित डम्पिङसाइट नहुँदा विराटनगर महानगरपालिकाले फोहोर व्यवस्थापनमा कठिनाइको सामना गर्नुपरेको छ। दैनिक उत्पादन हुने एक सय टन फोहोर विसर्जन गर्न प्रशोधन केन्द्रसहितको स्थायी ल्यान्डफिल साइट नहुँदा विराटनगर महानगरले विभिन्न चुनौती खेप्दै आएको छ।

महानगरले पहिले विराटनगर- ६ स्थित मोरङ र सुनसरीमा पर्ने केशलिया खोला किनारको निजी जमिनमा फोहोर विसर्जन गर्दै आएको थियो। तर, सो जमिनको सम्झौता सिद्धिएपछि महानगरले विराटनगर- १६ स्थित दरैयामा १२ बिघा जमिन खरिद गरी फोहोर विसर्जन गर्दै आएको छ। तर, त्यहाँ पनि स्थानीयले फोहोर फाल्न नदिन आन्दोलन थालेपछि महानगरलाई अर्को समस्या आइलागेको छ।

विराटनगर महानगरले दरैयामा रहेको आफ्नै जमिनमा मोरङतर्फ फोहोर फाल्न थालेपछि सुनसरीतर्फको बर्जु गाउँपालिकावासीले दुर्गन्धले संक्रमण हुने, बाटो बिग्रने र गाउँवासीको उठिवास लाग्ने भन्दै आन्दोलन थालेका छन्। जसले गर्दा महानगरले दैनिक उत्पादन भएको कुहिने र नकुहिने दुवै फोहोर विसर्जन गर्न झमेला व्यहोरेको छ।

फोहोर डम्पिङसाइटमा विसर्जन गर्न नपाएपछि फोहोर संकलन गर्दै आएका चारवटा साझेदार संस्थाहरूले वेलावेला विराटनगरको फोहोर नै उठाउँदैनन्। जसले गर्दा विराटनगरका सार्वजनिक स्थानमा फोहोर थुप्रिने क्रम बढ्ने गरेको छ।

विराटनगर महानगरले आफ्नै जमिनमा फोहोर फाल्न थालेपछि बर्जु गाउँपालिकाले गत १० पुसमा प्रदर्शन गरेका थिए। त्यसपछि महानगरले नियमित दुर्गन्ध आउन नदिने औषधि छर्कने, फोहोर व्यवस्थित रूपले पुर्दै जाने, डम्पिङसाइट अस्थायी मात्र भएको भन्दै घेराबारा गर्ने, बाटो निर्माण गरिदिनेलगायतका सहमति गरेर तत्कालका लागि अवरोध खुलाएको थियो।



विराटनगर महानगरपालिका- १६ दरैमा रहेको फोहोर फाल्ने ठाउँ

महानगरको सरसफाइ शाखा प्रमुख पुनम दाहालले प्रशोधन केन्द्रसहितको आफ्नै ल्यान्डफिल साइट नभएसम्म समस्या बल्झिरहने बताइन्। 'फोहोर फाल्दा आइपर्ने समस्या, दुर्गन्ध र संक्रमणबारे सचेत थियौँ, त्यसैका लागि स्थानीयसँग वार्ता गरेर सहमति त गरेका छौँ, तर आफ्नै व्यवस्थित डम्पिङसाइट नभएसम्म समस्या आइरहन्छ,' उनले भनिन्। विराटनगर महानगरले एसियाली विकास बैंकसँग सम्झौता गरेर खरिद गरेको जमिनमा करिब तीन अर्बको लगानीमा प्रशोधन केन्द्रसहितको ल्यान्डफिल साइट बनाउने योजना बनाएको छ। तर, अझै योजनाबारे सम्झौता भइसकेको छैन।

महानगरले सार्वजनिक स्थानमा फोहोर फाल्नेहरूको सामाजिक सञ्जालबाट निगरानी गर्नेलाई पाँच सयदेखि एक लाखसम्म जरिवाना, तीन महिनासम्म कैद सजाय भएको फोहोरमैला निर्देशिका कार्यान्वयन गराउन थालेपछि फोहोरमैला जथाभावी फ्याँक्ने क्रम नियन्त्रण हुन थालेको छ। तर, नियमित संकलन गरेको फोहोर व्यवस्थापन गर्न व्यवस्थित स्थायी ल्यान्डफिल साइट नहुँदा पटक-पटक फोहोरको थुप्रो लाग्ने गरेको छ।

विराटनगर महानगरमा दैनिक करिब एक सय टन फोहोर उत्पादन हुन्छ। जसमा ६० प्रतिशत अर्गानिक, २२ प्रतिशत प्लास्टिक, ७ प्रतिशत कागज, २ प्रतिशत कपडा, १.५ प्रतिशत सिसा, १.५ प्रतिशत छाला र ८ प्रतिशत अन्य फोहोर हुन्छन्। महानगरले ०७८ मंसिरदेखि पाँच वर्षका लागि निजी साझेदारसँग मिलेर घरदैलोमै फोहोर संकलन गर्दै आएको छ। महानगरमा हाल फोहोरमैला संकलनका लागि २० हजार ७७८ जना सदस्य छन्। साझेदार संस्थाहरूले सदस्यहरूका घर, पसल, व्यवसाय र मठमन्दिरबाट हप्तामा दुईपटक फोहोर उठाउने गरेको छ। महानगरले फोहोर संकलनका सवारीसाधनमा जिपिएस जडान, अनलाइन भ्याट बिल तथा एसएमएस सेवा सञ्चालन गरेको छ। व्यवसाय दर्ताका लागि सफाइ कार्ड अनिवार्य गरिएको, भित्ते लेखन र माइकमार्फत सचेतना कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। रथयात्रा, चाडपर्वमा निस्किएको फोहोर तुरुन्त व्यवस्थापन गर्ने, बन्द नाला, कल्भर्ट र भूमिगत साइफन खोल्ने विशेष कार्यक्रम पनि महानगरले गर्दै आइरहेको छ।

स्थानीयको विरोधले फिर्ता गएको थियो फिनल्यान्ड सरकारको परियोजना

विराटनगर महानगरले फिनल्यान्ड सरकारको सहयोगमा मोरङको डंग्राहा गाउँपालिकामा प्रदेशस्तरको फोहोर प्रशोधन केन्द्र स्थापना गर्ने गरी स्थायी ल्यान्डफिल साइटका लागि २९ बिघा जग्गा खरिद गरेको थियो। तर, स्थानीयले जनजातिहरूको सांस्कृतिक अधिकार जबर्जस्ती हनन गर्न खोजेको भन्दै आन्दोलन गरेपछि परियोजना फिर्ता भएको थियो। महानगरको जग्गा हाल ग्रामथान गाउँपालिकामा कायमै छ। फोहोर प्रशोधन परियोजना नेपाल सरकारको १५ करोड र फिनल्यान्ड सरकारको ४५ करोड रुपैयाँ गरी ६० करोडमा मोरङको डंग्राहामा निर्माण गर्न लागिएको थियो।

महाधिवेशन..

पृष्ठ १ बाट क्रमशः

नहुने भएका छन्। देउवाको सचिवालयले त विशेष महाधिवेशनमा सहभागिताका लागि पठाएको निमन्त्रणा बुझ्नसमेत अस्वीकार गरेको छ। उल्टै देउवाका सहयोगीले दुर्व्यवहार गर्दै घरबाहिर निकालेको निम्तोपत्र बोकेर देउवानिवास महाराजगन्ज पुगेका नेता रामपल्टन साहको आरोप छ।

राति अबेरसम्मको तयारीअनुसार महाधिवेशनको अध्यक्षता काठमाडौं जिल्ला सभापति सबुजकृष्ण बानियाँले गर्नेछन्। त्यस्तै, महामन्त्री थापा प्रमुख अतिथिको भूमिकामा रहनेछन्। 'सभापति नआएको अवस्थामा विशेष महाधिवेशनको उद्घाटन महामन्त्रीबाट हुनेछ,' विशेष महाधिवेशन प्रचारप्रचार समितिका संयोजक नेता सुवास पोखरेलले भने, 'महामन्त्री, सहमहामन्त्री तथा उल्लेख्य संख्यामा पार्टी केन्द्रीय सदस्यहरू विशेष महाधिवेशनमा सहभागी हुनुहुनेछ।'

देशैभरिबाट महामन्त्रीद्वय थापा र शर्मानिकट नेता तथा महाधिवेशन प्रतिनिधि काठमाडौं आइपुगेका छन्। भृकुटीमण्डपमा कम्तीमा पनि ६ हजार व्यक्ति अट्ने व्यवस्था मिलाइएको आयोजकले जनाएको छ। पार्टीको आन्तरिक कार्यक्रम भएका कारण अन्य दल तथा विदेशी कूटनीतिक नियोगहरूलाई निमन्त्रणा नगरिएको केन्द्रीय सदस्य अजय शिवाकोटीले बताए।

महामन्त्री थापानिकट नेताहरूका अनुसार विशेष महाधिवेशनमा ५० प्रतिशत महाधिवेशन प्रतिनिधि सहभागी नभए नेतृत्व परिवर्तनको एजेन्डा हुनेछैन। 'तर, त्यस्तो अवस्था हुँदैन भन्नेमा विश्वस्त छौँ। कथंकदाचित बहुमत संख्या पुगेन भने विशेष महाधिवेशनलाई विशेष भेलामा रूपान्तरण गर्छौं, एउटा शक्तिका रूपमा यो स्थापित भइहाल्छ भन्ने हाम्रो बुझाइ छ,' थापानिकट एक नेताले भने।

उद्घाटनपछि समय पुगे आइतबारै साँझ वा सोमबार बिहान बन्दसत्र सुरु गर्ने तयारी



छ। बन्दसत्रमा विभिन्न विषयमा प्रतिवेदन पेस हुनेछ। बन्दसत्र सुरु भएलगत्तै कार्यविधि प्रस्तुत हुने र त्यसपछि नेतृत्व चयनलगायत अन्य कार्यसूचीमा प्रवेश हुनेछ। प्रचारप्रसार समिति संयोजक पोखरेलले अहिलेसम्म ६० प्रतिशत महाधिवेशन प्रतिनिधिले सहभागिता जनाउने वचन दिएका छन्। 'कम्तीमा ६० प्रतिशत महाधिवेशन प्रतिनिधि सहभागी हुनुहुनेछ। काठमाडौंबाहिरबाट अधिकांश प्रतिनिधि आइसक्नुभएको छ, बाँकी साथीहरू आइतबार बिहानसम्म आइपुग्नुहुनेछ,' उनले भने।

पोखरेलका अनुसार बहुमत प्रतिनिधि सहभागी भएपछि नेतृत्व परिवर्तनको एजेन्डा प्रवेश हुनेछ। 'हामीले पार्टी फुटाउने प्रश्न आउँदैन। बहुमत महाधिवेशन प्रतिनिधिहरू भएको हलले पार्टीका बारेमा निर्णय लिन्छ, पार्टी फुटाउनेहरू त अल्पमतमा भइहाल्छन् नि ! बहुमत सदस्यले पार्टी फुटाउने होइन, पार्टीको भावी नेतृत्व, नीति र कार्यदिशाका बारेमा निर्णय लिन्छ,' उनले भने।

विशेष महाधिवेशनका लागि बिहान कुपन्डोल, सुन्धारा, रत्नपार्क, शंकरदेव क्याम्पस, कमलपोखरीलगायतबाट जुलुस भृकुटीमपण्डपमा पुग्नेछ।

कांग्रेसका २४ सय ८८ महाधिवेशन प्रतिनिधिले पुसभित्रै नियमित महाधिवेशन वा पार्टी विधानको धारा १७ (२) अनुसार विशेष महाधिवेशन माग गर्दै हस्ताक्षरसहितको निवेदन पार्टी कार्यालयमा बुझाएका थिए। विधानअनुसार तीन महिनाभित्र विशेष महाधिवेशन गर्नुपर्ने मिति २८ पुसमा सकिनुअघि उनीहरूले महाधिवेशन आह्वान गरेका हुन्। केन्द्रीय समिति र केन्द्रीय कार्यसम्पादन समितिले विशेष महाधिवेशनको औचित्य सकिएको भन्दै वैशाख अन्तिम साता नियमित महाधिवेशनको कार्यतालिका पारित गरेको छ। तर, परिवर्तित परिस्थितिमा चुनावअघि नियमित महाधिवेशन हुन नसकेपछि विशेष महाधिवेशनबाट नीति र नेतृत्व परिवर्तन गर्नुपर्ने भन्दै महामन्त्रीद्वय थापा र शर्मासमेत संलग्न भएर विशेष महाधिवेशनको मिति तय गरेका हुन्।

निम्ता दिन गएका नेतालाई देउवानिवासमा 'दुर्व्यवहार'

विशेष महाधिवेशनका लागि गठित अतिथि सत्कार तथा स्वागत समितिका संयोजक कांग्रेस नेता रामपल्टन साह शनिबार निम्तोपत्र लिएर सभापति देउवानिवास महाराजगन्ज पुगेका थिए। तर, उनले देउवालाई भेटेर प्रमुख अतिथि भइदिन अनुरोधसहितको निमन्त्रणा दिन पाएनन्। देउवाका सहयोगीले दुर्व्यवहार गरेर घरबाहिर निकालेको उनको आरोप छ। 'म पहिलो निम्ता सभापतिलाई दिन महाराजगन्ज गएँ। सभापतिलाई भेट्न भनेर आधा घण्टा कुराइयो। पार्टीको मुख्यसचिव कृष्ण पौडेललाई भेटाइदिनुस्, निम्ता दिनु छ भनेँ। उहाँले सभापतिका स्वकीय सचिव भानु देउवालाई देखाउनुभयो,' साहले भने, 'मैले विशेष महाधिवेशनको प्रमुख अतिथिका लागि निम्ता लिएर आएको भनेँ, चिठी भानुजीलाई दिएँ। भानुजीले यस्तो चिठी लिएर आउने, तपाईंलाई लाज लाग्दैन भनेर कच्याककुचुक पारेर मलाई नै दिनुभयो र दुर्व्यवहार गर्नुभयो। उहाँले हातै समातेर जान भनेको र सुरक्षाकर्मीले पनि तपाईंलाई अब नो इन्ट्री भन्दै बाहिर निकाले।' त्यहाँ नेता उमाकान्त चौधरी भेटिएपछि उनैलाई चिठी दिएको साहले बताए। सोही ठाउँमा कार्यवाहक सभापति खड्का र डा. शशांक कोइरालाले चिठी बुझेर धन्यवाद दिएको साहको भनाइ छ।

लामो समयदेखिका सारथिले छाडे देउवाको साथ

लामो समयदेखि सभापति देउवाको समर्थक र सहयोगी बन्दै आएका पार्टी पूर्वउपसभापति गोपालमान श्रेष्ठले विशेष महाधिवेशनमा समर्थन जनाएका छन्। आइतबार विशेष महाधिवेशनमा सहभागी हुने घोषणा पनि गरेका छन्। उनी देउवालाई विगतदेखि साथ दिँदै आएका सात शक्तिशाली नेतामध्ये एक हुन्। शनिबार महामन्त्री थापाले उनसँग निवासमै गएर एक घण्टा ४५ मिनेट छलफल गरेका थिए। अर्का महामन्त्री शर्माले पनि टेलिफोन गरेका थिए।

'कार्यवाहक दिएर सक्रिय राजनीतिबाट अलग भएका देउवाले सिंगापुरबाट फर्केर आएपछि फेरि अधिकार हातमा लिएर मनपरी गरेको मलाई मन परेन। उहाँले हामीजस्ता साथीहरूलाई तिरस्कार गर्नुभयो। अब नयाँ पुस्तालाई सहयोग गर्छु भन्ने लाग्यो र गगन-विश्वलाई सघाउने भएँ,' श्रेष्ठले नयाँ पत्रिकासँग भने, 'म उहाँहरूलाई अभिभावकत्व प्रदान गर्छु। उहाँहरूले मसँग रहेका साथीलाई संरक्षण गर्छु र यथोचित सम्मान दिन्छु भन्नुभएको छ।' श्रेष्ठ पार्टीको १४औँ महाधिवेशनमा सभापतिको दाबेदार थिए। त्यसवेला देउवाले आफूलाई सहयोग गर्न बिन्ती गरेको र १५औँ महाधिवेशनमा सहयोग गर्ने वचन दिएको श्रेष्ठले सुनाए। 'अहिले नेतृत्व एकलौटी र तानासाही भयो। ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको पनि बेवास्ता भयो, यसमा म दुःखी छु,' उनले भने।

खड्का र लेखकले...

पृष्ठ १ बाट क्रमशः

विशेष महाधिवेशनमा के गर्नुहुन्छ हामी हेर्छौं।'

डा. शेखर कोइरालालगायत नेताले दिनभर देउवासँग छलफल गरेका थिए। बिहान छलफल चल्दै गर्दा शीतलनिवासबाट फोन आएपछि देउवा राष्ट्रपति रामचन्द्र पौडेललाई भेट्न निस्किएका थिए भने कोइराला पनि बाहिरिएका थिए। शीतलनिवास स्रोतका अनुसार देउवालाई पौडेलले कांग्रेसको आन्तरिक विवादप्रति आफू चिन्तित रहेको र यसले लोकतन्त्रप्रेमीलाई चिन्ता थपेको भन्दै फुटसम्म पार्टी नपुगोस् भन्ने शुभेच्छा जनाएका थिए। देउवाले आफू प्रयत्नरत रहेको जवाफ दिएका थिए। कांग्रेस प्रवक्ता महतले राष्ट्रपति-देउवा भेटलाई पुष्टि गरे पनि छलफलका विषयबारे खुलाउन चाहेनन्।

देउवा शीतलनिवासबाट फर्किएपछि कोइराला दिउँसो १:३० बजे पुनः देउवानिवास प्रवेश गरेका थिए। देउवासँग उनीसँगै कार्यवाहक सभापति खड्का, सहमहामन्त्री जीवन परियार, नेता डा. मीनेन्द्र रिजाल, बालकृष्ण खाण, डा. प्रकाशशरण महतलगायत छलफलमा थिए।

'सभापतिज्यू राष्ट्रपतिनिवास जानुअघि एक चरण छलफल भएको थियो। सभापति शीतलनिवासबाट फर्केपछि पुनः शनिबार डेढ बजेदेखि डा. कोइराला देउवानिवासमा दिनभर बस्नुभयो,' शेखरका स्वकीय सचिव दिनेश थपलियाले भने।

सुरुमा विशेष महाधिवेशनका लागि हस्ताक्षर गर्न महासमिति सदस्यहरूलाई कोइरालाले नै प्रेरित गरेका थिए। त्यसपछि हस्ताक्षर अभियानको अगुवाइ उनीनिकट नेता गुरुराज घिमिरले गरेका थिए। कोइरालाले शुक्रबार घिमिरेसहित १० नेतासँग दुई घण्टा छलफल गरेका थिए।

कोइरालाले दुई विकल्प सुझाएका छन्। पहिलो- विशेष महाधिवेशन रोकौँ। दोस्रो- यदि रोक्न सक्दैनौँ भने यसलाई केन्द्रीय समितिले स्वामित्व लिएर नीति महाधिवेशनमा परिणत गर्न प्रयास गरौँ र संकल्प प्रस्तावहरू पेस गरेर जाउँ। तर, सभापति देउवा र कार्यवाहक सभापति खड्का दुवै विकल्पमा तयार भएनन्। पूर्वसभापति विमलेन्द्र निधि, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, प्रवक्ता महतलगायतले देउवालाई विशेष महाधिवेशनबारे गलत रिपोर्टिङ गरेको र उनीहरूको सुझाव मात्रै सुन्ने हो भने पार्टी दुर्घटनामा जानेतर्फ कोइरालाले ध्यानाकर्षण गराउँदै आएको स्रोत बताउँछ। विशेष महाधिवेशनलाई कुनै न कुनै रूपमा केन्द्रिय कार्यसमितिले सम्बोधन गर्नुपर्नेमा कोइरालाले सुझाव दिएका छन्।

कुलमानले...

पृष्ठ १ बाट क्रमशः

सुरुको सहमतिअनुसार उज्यालो नेपाल समूहले पहिलो वरीयताको उपसभापति, २१ केन्द्रीय सदस्य, १८ समानुपातिक उम्मेदवार पाउने सहमति भएको थियो। तर, सचिवालयसहित सबै कमिटीमा ३० प्रतिशत हिस्सा, पार्टीको नाममा उज्यालो थप्नुपर्ने, बन्दसूचीमा ६ जना निर्वाचित हुने गरी राख्नुपर्नेलगायत माग राखेपछि समायोजन कठिन भएको रास्वपा नेता असीम शाहले बताए। 'मागहरू थपिँदै जाने, वार्तामाथि वार्ता हुँदै जाने कुराले लिंगरिङ मात्र भयो। अब च्याप्टर क्लोज भयो,' उनले भने।

रास्वपासँगको सहमतिमा घिसिङ पहिलो वरीयताको उपसभापति बन्न तयार भएका थिए। ठोस सहमति गर्ने भन्दै लामिछाने र घिसिङबिच शुक्रबार र शनिबार पनि छलफल भएको थियो। लगातार पेल्ने नीति, समानुपातिकमा विभेद, संख्या कटौती, नाममा उज्यालो थप्ने प्रस्ताव अस्वीकार गरेपछि सँगै जान नसकिएको उनेपाको भनाइ छ।

सहमति भंग भएपछि आयोजित पत्रकार सम्मेलनमा घिसिङले आफूले कुनै ठुलो पदका लागि बार्गेनिङ नगरेको दाबी गरेका छन्। 'म त रास्वपाको साधारण सदस्य भएर बस्नसमेत तयार थिएँ। तर, हाम्रो केन्द्रीय समितिका साथीहरूको समायोजन हुनुपर्ने कुरा राख्दा पनि सहमति कार्यान्वयन भएन,' शनिबार साँझ त्रिपुरेश्वरस्थित उज्यालो नेपाल पार्टीको कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा घिसिङले भने।

संविधानका आधारभूत विषयमा सहमति कायम गर्न पूरक सम्झौता गरौँ भन्दा पनि रास्वपाले नमानेको र उसले एकतर्फी सहमति तोडेको घिसिङको भनाइ छ। देशको परिस्थिति, जेन-जी युवाको भावना र सम्पूर्ण नेपाली जनताको भावना र आकांक्षाअनुसार नयाँ भनिएका शक्ति एक हुनुपर्छ भनेर सम्पूर्ण कुरा त्यागेर रास्वपासँग सहमति गरेको उनले स्मरण गरेका छन्। तर, सहमति कार्यान्वयन नगरी रास्वपाले एकतर्फी रूपमा भंग गरेको उनको दाबी छ। उनले लचक हुँदा कमजोरी ठानिएको गुनासो गर्दै सहमति भंग हुँदा मर्माहत भएको बताए।

घिसिङले उज्यालो नेपाल पार्टीको सदस्यता शनिबार मात्रै लिएको र आफूलाई केन्द्रीय समिति बैठकले अध्यक्ष चयन गरेको बताए। 'आज उज्यालो नेपाल पार्टीको सदस्यता लिएको छु र आजै उज्यालो नेपाल पार्टीको अध्यक्ष चयन भएको छु,' घिसिङले भने, 'पार्टीलाई देशव्यापी रूपमा प्रभावकारी रूपमा अगाडि बढाउनेछु।' उनले प्रत्येक घरमा बत्ती पुऱ्याएको भन्दै देश र जनताको पक्षमा काम गर्न एकपटक निर्वाचनमा जिताउने आह्वान पनि गरे।

रास्वपासँग एकताको सहमतिपछि उनेपाले समानुपातिक बन्दसूची बुझाएको छैन। यसमा अध्यक्ष घिसिङले समानुपातिकका विषयमा नयाँ ढंगले सोच्ने बताए। 'हामी जसरी पनि व्यवस्थापन गर्छौं। भएन भने प्रत्यक्ष मात्रै भए पनि लड्छौँ,' उनले भने। यस्तै, घिसिङले गठबन्धनको विकल्प खुला राखेको पनि सुनाए। 'सबैसँग गठबन्धनको विकल्प खुला छ। कुनै आग्रह-पूर्वाग्रह छैन। रास्वपासँग पनि गठबन्धन हुन सक्छ,' घिसिङले भने।

कुलमान उज्यालोका अध्यक्ष

रास्वपासँगको एकता भाँडिएसँगै उनेपाले कुलमान घिसिङलाई अध्यक्ष चयन गरेको छ। त्रिपुरेश्वरस्थित उज्यालो घरमा बसेको केन्द्रीय समिति बैठकले घिसिङलाई अध्यक्ष बनाउने निर्णय गरेको हो। उक्त बैठकमा अध्यक्ष अनुप उपाध्यायले व्यक्तिगत कारण देखाएर अध्यक्षबाट राजीनामा दिएका थिए। बैठकले लगत्तै कुलमानलाई अध्यक्ष सर्वसम्मत चयन गरेको हो। निर्वाचन आयोगमा अध्यक्ष अनुप उपाध्यायको नाममा पार्टी दर्ता भएको थियो। कुलमान अध्यक्ष बनेसँगै उपाध्याय संरक्षक भएका छन्।

सहमति कार्यान्वयनमै समस्या

उज्यालो नेपाल पार्टीसँग १४ पुसमा रास्वपाले गरेको सातबुँदे सहमतिको बुँदा नम्बर ४ मा सभापति लामिछानेपछि पहिलो वरीयताको उपसभापतिमा घिसिङ रहने भनिएको छ। बुँदा नम्बर ५ मा उज्यालो नेपालको अभियानलाई अपनत्व लिई रास्वपाको कर्यक्रमसँग जोड्दै एकतापश्चात् पार्टीको संगठनात्मक संरचनालाई थप सक्षम र फराकिलो बनाउन उज्यालो नेपाल पार्टीमा आबद्ध युवा अभियन्ता एवं अनुभवी विज्ञहरूलाई समुचित समायोजन गर्दै जिम्मेवारी तोक्दा योग्यता, समावेशिता र सार्वजनिक छविलाई आधार मान्ने भनिएको छ।

त्यसअघि १३ पुसमा रास्वपा र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह बालेनबिच सातबुँदे सहमति भएको थियो। सहमतिअनुसार बालेन समूहको व्यवस्थापन भइसकेको छ। तर, कुलमान समूहको व्यवस्थापन हुन सकेन।

व्यवस्थापनका लागि रास्वपा केन्द्रीय समितिले १९ पुसमा एकता र पार्टी समायोजनलाई सहजीकरण र निष्कर्षमा पुऱ्याउन पार्टी महामन्त्री कवीन्द्र बुर्लाकोटीको संयोजकत्वमा पार्टी एकता समायोजन उपसमिति गठन गरेको थियो। सातबुँदे सहमतिअनुसार समायोजन टुंग्याउन शीर्ष तहमा पनि नेताहरूबिच संवाद भएको थियो।

बालेन र कुलमान समूहको समायोजनका लागि १९ पुसको केन्द्रीय समितिले पदाधिकारी थप्ने निर्णय गरेको थियो। जसमा दुई उपसभापति (एक महिला), एक-एक महामन्त्री, सहमहामन्त्री र सहप्रवक्ता थपिएको थियो। थपिएको पदाधिकारीमा उपसभापति घिसिङ, महिला उपसभापति (नटुंगिएको), महामन्त्री बालेन समूहका सुनील लम्साल, सहमहामन्त्री र सहप्रवक्ता उज्यालो नेपाल समूहको नाममा परेको थियो। उज्यालो नेपालबाट जितराम लामा सहमहामन्त्री र राजु थापा सहप्रवक्ताका लागि चर्चामा थिए। उज्यालो नेपालका अध्यक्ष अनुपकुमार उपाध्यायलाई रास्वपाको संघीय सल्लाहकार परिषद् अध्यक्ष बनाउने तयारी थियो।

रास्वपाको केन्द्रीय समिति पनि विस्तार गरिएको थियो। जसमा सातजना विवेकशील साझाबाट र २६ जना बालेन समूहबाट भनिएको थियो। कुल ३३ केन्द्रीय सदस्य पद थपिएको थियो। तर, बालेन समूहले भने आफ्नोतर्फबाट १३ जना मात्रै केन्द्रीय सदस्य बनेको बताएको छ। जेन-जी समूह र घाइतेका तर्फबाट ११ जना र हाम्रो नेपाल पार्टीका तर्फबाट खगेन्द्र सुनारसहित २६ जना थपिएको नेताहरू बताउँछन्।

बालेन समूहको पदाधिकारी र केन्द्रीय समितिमा टुंगिए पनि कुलमान समूहको केन्द्रीय समितिमा कति उपस्थिति हुने भन्ने विवाद थियो। बालेन समूहले २६ जना पाएको भन्दै आफूहरूले बढी पाउनुपर्ने माग कुलमान समूहको छ। सुरुमा उज्यालो नेपाल समूहले २१ केन्द्रीय सदस्य पाउने समझदारी बनेको थियो।

एन्टिबायोटिकले...

पृष्ठ १ बाट क्रमशः

मन्त्रालयले अस्पतालहरूमा उपचार गराउन आउने बिरामी र उपचारमा संलग्न चिकित्सकले दिएको रिपोर्टका आधारमा तयार पारेको हो। स्वास्थ्य मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख डा. सरोज शर्माका अनुसार पछिल्लोपटक अस्पतालहरूमा नमुना संकलनसमेत गरेर हेर्दा नेपालमा एन्टिबायोटिकले काम गर्ने अवस्था कमजोर हुँदै गएको देखिएको छ। अस्पतालहरूमा मृत्यु हुनेको रिपोर्ट र बिरामीको 'ट्रिटमेन्ट हिस्ट्री'का आधारमा मन्त्रालयले एन्टिबायोटिकले काम नगर्दा अर्थात् यसको रेसिस्टेन्स दर बढी देखिएको हो।

'हामीले पछिल्ला समयदेखि मात्रै मृत्यु हुने बिरामीमा एन्टिबायोटिकले काम गरेको थियो वा थिएन भनेर अध्ययन गरेका थियौँ, त्यसरी हेर्दा कतिपयमा काम गरेको पाइएन, जटिल स्वास्थ्य अवस्थामा जब एन्टिबायोटिकले काम गर्न छाड्छ त्यसपछि बिरामी निको हुने अवस्था न्यून हुन्छ,' उनले भने, 'एन्टिबायोटिकको प्रयोग मनपरी भएकाले यसलाई नियन्त्रण गर्न सन् २०२३ देखि पञ्चवर्षीय योजनाअनुसार काम गरिरहेका छौँ। यसबारे शिक्षा र जनचेतना दिने, इन्फेक्सन प्रिभेन्सनका कार्यक्रम चलाउने, समुदायस्तरमा पुगेर रिसर्च गर्ने, थप रणनीति तय गर्नेलगायत काम भइरहेका छन्।'

शर्माका अनुसार पछिल्लो समय फार्मेसीहरूमा पनि मनपरी रूपमा एन्टिबायोन्टिक बिक्री-वितरण हुने गरेको छ। सरकारले त्यस्त फार्मेसीमा अनुगमनसमेत थालेको छ। 'हामीले अनुगमन गरिरहेका छौँ। फार्मेसीहरूलाई पत्राचार गरेका छौँ। एएमआरबारे क्युआर कोड राख्ने, पाठ्यपुस्तकमा समेत यसबारेमा राख्दै छौँ। थाहा भएर वा नभएर यसको प्रयोग बढ्दो छ। विश्व स्वास्थ्य संगठनले पनि यसमा काम गरिरहेको छ। मन्त्रालयले अहिले कुन-कुन एन्टिबायोटिकको मनपरी प्रयोग र वितरण भइरहेका छ भन्नेबारेमा समेत अध्ययन थालेको छ,' उनले भने।

विश्व स्वास्थ्य संगठनले सन् २०५० सम्म एएमआरका कारण विश्वमा वार्षिक एक करोड मानिसको मृत्यु हुने प्रक्षेपण पनि गरेको छ। स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीले एन्टिबायोटिकको अध्ययन गर्न जनस्वास्थ्य प्रयोगशालाबाट ल्याब टेस्टसमेत भइरहेको बताए। 'नेपालमा जथाभावी एन्टिबायोटिकको प्रयोग भइरहेको छ, यसले मानिस र वातावरण दुवैमा असर पुऱ्याइरहेको छ, मन्त्रालयले त्यस्तो धेरै काम त गरेको छैन, तर जनस्वास्थ्य प्रयोगशालामा विभिन्न नमुना परीक्षण गरेर पञ्चवर्षीय योजनामा काम भइरहेको छ,' उनले भने, 'कुन एन्टिबायोटिक औषधिले कति प्रतिशत काम गरिरहेको छ भन्नेबारेमा हाल अध्ययन जारी छ।'

केसीका अनुसार एन्टिबायोटिकको जथाभावी प्रयोग रोक्न स्वास्थ्य, कृषि तथा पशुपक्षी र वातावरण मन्त्रालयले संयुक्त रूपमा ०८१ देखि ०८६ सम्मको कार्ययोजना तय गरेर काम थालेका छन्। जसअन्तर्गत पशुपक्षीमा एन्टिबायोटिकको प्रयोग भए-नभएको अध्ययन गर्ने, प्रयोगमा रोक लगाउने, मासु र जनावरको नमुना जाँच गर्नेलगायत काम भइरहेका छन्। 'हामीकहाँ रुघा लागेको वेलामा एन्टिबायोटिक दिने गरिन्छ, अझ रातो स्टिकर लगाएको एन्टिबायोटिक फार्मेसीले समेत मनपरी रूपमा दिन्छन्, यो त सरासर लापरबाही हो,' उनले भने, 'अहिले हामीले फार्मेसीहरूलाई पनि पत्राचार गरिसकेका छौँ।'

केसीले एन्टिबायोटिकको प्रयोग मानिसमा मात्रै नभएको र पछिल्लो समय कृषि र पशुपक्षीमा समेत भएकाले त्यसको असर मानिसमा परेको बताए। पशुपक्षीलाई एन्टिबायोटिक खुवाउने र मानिसले त्यसको मासु खाँदा सीधै मानिसको शरीरमा असर पुऱ्याउने गर्छ। अझ पछिल्लो समय कुखुराको दानामा समेत एन्टिबायोटिक मिसाउनेदेखि कुखुरालाई एन्टिबायोटिक इन्जेक्सन र तौल बढाउन हानिकारक भिटामिन प्रयोग गरिन्छ। त्यस्ता कुखुराको मासु खाँदा मानिसको शरीरमा प्रत्यक्ष असर पारिरहेको छ। यस्तो अवस्थामा मानिस सिकिस्त बिरामी भएर एन्टिबायोटिक औषधि चलाउँदा काम नगर्ने र मृत्यु हुने क्रम बढ्दो छ।

'हामीकहाँ मासु उत्पादन गर्ने पोल्ट्री फार्ममा भिटामिन र एन्टिबायोटिक दिने काम भएको छ, यो त खेलबाड हो, नीतिगत निर्णय पनि अब बलियो चाहिन्छ,' महाशाखा प्रमुख शर्माले भने, 'अहिले हामीले पशुपक्षीको समेत विभिन्न नमुनाहरू लिएर अध्ययन गरिरहेका छौँ, मासु तथा कुनै पनि खानेकुरामा एन्टिबायोटिकको मात्रा देखिनुभएन।'

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. रञ्जनराज भट्टले देशभर २६ वटा अस्पतालबाट नमुना संकलन गरेर एन्टिबायोटिकको परीक्षण गरिरहेको बताए। 'कुन-कुन एन्टिबायोटिकले काम गर्न छाडेको छ र कुनले बढी काम गरिरहेको छ वा छैन भन्नेबारेमा हामीले नमुना परीक्षण गरिरहेका छौँ,' उनले भने, 'अहिले समुदायस्तरमा पनि के छ भनेर प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाबाट एन्टिमाइक्रो बिएर रजिस्टेन्ट परीक्षण गर्न थालेका छौँ, कतिपय नतिजामा एन्टिबायोटिकले काम गर्न छाडेको अवस्था देखिएको छ, यो निकै डरलाग्दो चुनौती हो।'

स्वास्थ्य मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाकी वरिष्ठ औषधि प्रशासक उषा तण्डुकारले पनि नेपालमा एन्टिमाइक्रोबियल रेसिस्टेन्सबारे सचेत हुन आवश्यक रहेको बताइन्। 'यसबारे काम गर्न एक्सन प्लान पनि बनेको छ, अब यसलाई कम गर्न र दुरुपयोग नगर्न व्यापक जनचेतना प्रवाह गर्नुपर्छ,' उनले भनिन्।

विश्व स्वास्थ्य संगठनले पनि नेपाल सरकारलाई यसबारे वेलावेलामा सचेत गराउँदै आइरहेको छ। हाल स्वास्थ्य मन्त्रालयसँग समेत एन्टिबायोटिकको जथाभावी प्रयोग रोक्न संगठनले अध्ययनमा सहयोगसमेत गरेको छ। संगठनकी एएमआर फोकल पर्सन डा. पल्पसा कंसाकारले नेपालमा एन्टिमाइक्रोबियल रेसिस्टेन्स डरलाग्दो अवस्थामा देखिन थालेको बताइन्। 'नेपालजस्तो देशमा पनि दिनप्रतिदिन एन्टिबायोटिकले काम नगर्ने अवस्था बढ्दो छ, यसबारेमा समयमै सचेत र गम्भीर हुन जरुरी छ,' उनले भनिन्, 'एन्टिबायोटिकले काम नगर्दा मानिसको ज्यान जान्छ, उपचार पनि असफल हुन्छ, यो मानव जीवन र मेडिकल विज्ञानको पनि चुनौती बनेको छ, त्यसैले सचेत हुनुपर्छ।' कंसाकारका अनुसार मानिसको रोग र त्यसलाई आवश्यक पर्ने एन्टिबायोटिक बनाउन सयौँ वर्ष लाग्छ।

बिचौलियाको सञ्जाल तोड्दै भूमि व्यवस्था मन्त्रालय

घुसका लागि बदनाम मालपोतमा छड्के, सेटिङ तोड्न कर्मचारीको सरुवा



कुमार इङनाम
भूमि व्यवस्था, सहकारीमन्त्री



काम गर्न निकै अप्ठ्यारो छ। जति गर्न सकिन्छ त्यसको सम्भव भएसम्म प्रयास गर्ने हो। घुस्याहाहरूलाई त जेलमै हाल्नुपर्ने हो, नभए पनि वर्तिर-पर्तिर यसो फाल्दिने हो। उनीहरूले सके भने मलाई नै फाल्छ नि त होइन !

सुवास भट्ट / नयाँ पत्रिका

घुसले बदनाम मालपोत र नापी कार्यालय सुधारदेखि सहकारी बेथिति छानबिनसम्मका काममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय लागेको छ। घुसखोर कर्मचारी र बिचौलियाको सञ्जाल तोड्ने प्रयासमा लागेको मन्त्रालयले कार्यालय अनुगमन, घुस्याहा कर्मचारीको सरुवा गर्नेलगायतका काम अघि बढाएको छ। नेतृत्वकर्ता मन्त्री प्रा.डा. कुमार इङनाम सरकारी कार्यालयको सेवाप्रवाहमा सुधार ल्याउन खटिएका छन्।

इङनाम मन्त्री नियुक्त हुनुअघि गत कात्तिकमा आफ्नो घर प्रवेश गर्ने ठाउँमै अगाडिपट्टिको दुई पैसा जग्गा पास गर्ने कामले भक्तपुर मालपोत कार्यालय गए। तर, त्यहाँ उनलाई पाँच हजार रुपैयाँ घुस मागियो। एक बिचौलियाले उनीसँग जग्गाको काम गरिदिएबापतका लागि घुस रकम मागेका थिए। 'त्यतिबेला मैले जग्गाको राजस्व तिरेर पाँच हजार रुपैयाँ अनावश्यक रूपमा (घुसबापत) तिरेको थिएँ,' इङनामले भने।

जग्गाको कामका लागि घुस बुझाउन बाध्य भएका उनी त्यसको अर्को महिना भूमि व्यवस्थामन्त्री नियुक्त भए। प्राध्यापन र अधिवक्ताको लामो अनुभव बोकेका उनी गत २६ मंसिरमा मन्त्री नियुक्त भएका थिए। जग्गाको कारोबार गर्दा अनिवार्य रूपमा जोडिनैपर्ने मालपोत र नापीको कार्यक्षेत्र मन्त्रालयअन्तर्गत पर्छ। तर, यी अड्डा घुसका लागि बदनाम छन्। खासगरी मालपोतमा घुसविना कामै बन्दैन भन्ने भाष्य बनेको छ।

मालपोतको घुस कहाँनी र तिनका अनुभव इङनाम आफैंले जीवनमा सुने-भोगेका पनि छन्। यो भाष्य भत्काउन र मालपोत अड्डामा घुस अनि बिचौलियाको सञ्जाल तोड्ने प्रयासमा अहिले उनी लागिपरेका छन्। मन्त्रीमा बहाली भएको एक महिना पनि नपुग्दै मालपोत कार्यालयमा हुने घुस र बिचौलियाका कहाँनी सुनेर उनी निराशाजनक रूपमा आश्चर्यचकित छन्। 'काम गर्न निकै अप्ठ्यारो छ। जति गर्न सकिन्छ त्यसको सम्भव भएसम्म प्रयास गर्ने हो,' मन्त्री इङनामले भने, 'घुस्याहाहरूलाई त जेलमै हाल्नुपर्ने हो, नभए पनि वरतिर-पर्तिर यसो फाल्दिने हो। उनीहरूले सके भने मलाई नै फाल्छ नि त होइन !'

मन्त्री इङनाम ९ पुसमा सेवाग्राही बनेर डिल्लीबजार मालपोतको अनुमगनमा निस्किए। 'मालपोतमा कसरी काम हुँदोरहेछ, नजिकैबाट हेर्दैं न त भनेर डिल्लीबजार मालपोतमा गएको थिएँ,' उनले भने। त्यहाँ सेवाग्राहीका रूपमा गएका आफूहरूसँग बिचौलियाले सीधै पैसा नमागे पनि बेथिति देखिएको उनले बताए। मालपोत र नापी कार्यालयमा ठुलो कुव्यवस्था देखिएको उनी बताउँछन्। उनका अनुसार मालपोत अधिकृतले आफूले घुस रकम माग्दैनन्। उनीहरूले एजेन्ट राखेका छन्। भूसेवा केन्द्रमार्फत घुस लिन्छन्।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग नै घुस र सेटिङको सञ्जालले घेरिएको अनुभव मन्त्री इङनामको छ। 'भूमि व्यवस्थापन विभागमै सेटिङ गर्ने कर्मचारी रहेछन्। मालपोत कार्यालयमा सरुवाका लागि सेटिङ मिलाएर दुई लाखदेखि १५-२० लाखसम्म माग्ने समूह रहेछ,' मन्त्री इङनामले भने, 'लामो समयदेखि सेटिङको काम गर्ने विभागको एक अधिकृत रहेछ। त्यो मान्छे अस्ति थाहा भयो। त्यसलाई डाँडो कटाएर हुम्ला-जुम्लातिर पठाइदिनू भनेको छु।' ती कर्मचारीको नाम भने उनले बताएनन्।

चाबहिल मालपोतमा भूसेवाका लेखनदासले मासिक रूपमा २४ लाख रुपैयाँ उठाएर कार्यालयका कर्मचारीलाई दिनुपर्ने अवस्था रहेको मन्त्री इङनामले बताए। 'यो थाहा पाएको एक घन्टामै बिचौलियालाई त्यहाँबाट हटाइदिएँ,' उनले भने। उनले मालपोत प्रमुखको पनि सरुवा गरिदिएका छन्।

सहकारीको बेथिति छानबिन गर्न जाँचबुझ आयोग गठन गरिँदै

सहकारी क्षेत्रको बेथिति छानबिनका लागि जाँचबुझ आयोग गठन गर्ने तयारी मन्त्री इङनामले अघि बढाएका छन्। यसको मस्यौदा तयार भइरहेको उनले बताए। मन्त्रालयको कार्ययोजनामा पनि सहकारी क्षेत्रमा भएको बेथितिसम्बन्धी छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्ने उल्लेख गरेका छन्। यो आयोगले सहकारी विभागलगायतका सहकारी नियामक र तिनका पदाधिकारी तथा कर्मचारीमाथि पनि छानबिन गर्ने मन्त्री इङनामले प्रस्ट पारे। तीन महिना समय दिएर पूर्वन्यायाधीशको अध्यक्षतामा पाँच सदस्यीय इङनामले बताए। तीन महिना समय दिएर पूर्वन्यायाधीशको अध्यक्षतामा पाँच सदस्यीय छानबिन आयोग गठन गर्ने तयारी मन्त्रालयको छ।

यस्ता छन्, सेवाप्रवाहमा सुधारसम्बन्धी कार्ययोजना

मन्त्रालयले हालै सेवाप्रवाहमा सुधारसम्बन्धी कार्ययोजना जारी गरेको छ। क्रियाकलाप, त्यसको जिम्मेवार निकाय, अपेक्षित नतिजा र समयसीमासहितको कार्ययोजना मन्त्रालयले तयार गरेको हो। त्यसमा ६ वटा क्षेत्र तोकी त्यसभित्र पनि विषयको वर्गीकरण गरेर समयसीमासमेत किटान गरिएको छ। कार्ययोजनामा मालपोत तथा भूमिसुधारको क्षेत्रमा भूमिसुधार तथा मालपोत कार्यालयले सेवाप्रवाहका लागि अवलम्बन गर्ने विधिसहितको 'एसओपी' बनाई लागू गर्ने, जग्गाको वर्गीकरणअनुसारको लगतको अद्यावधिक विवरण तयार गर्ने, बिर्ता समस्या समाधान गर्ने, स्थानीय तहमा भूसेवा केन्द्र सञ्चालन गर्न अभिमुखीकरण कार्यक्रम गरी परीक्षण सुरु गरिएकामा कम्तीमा १० वटा नयाँ स्थानीय तहमा विस्तार गर्ने, दुर्गम तथा आवश्यक क्षेत्रमा मालपोत कार्यालय थप गर्नेलगायत आठ बुँदा छन्। सहकारी क्षेत्र सुधारतर्फ समस्याग्रस्त सहकारीहरूको विस्तृत विवरणसहितको श्वेतपत्र जारी गर्ने, सहकारी ऐन र नियमावलीबमोजिम सबै सहकारीको विवरण अद्यावधिक गर्ने, उच्च जोखिम भएका सहकारीको सूचीकरण र वर्गीकरण गर्ने, सहकारी क्षेत्रमा भएको बेथितिसम्बन्धी छानबिन गर्न उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्नेलगायत आठ बुँदा छन् (२.७)। यसैगरी, नापी क्षेत्र सुधारमा सबै नापी कार्यालयले सेवाप्रवाहका लागि अवलम्बन गर्ने विधिसहितको 'एसओपी' बनाई लागू गर्ने, अन्तर्राष्ट्रिय सीमास्तम्भ मर्मत तथा व्यवस्थापनको समन्वय गर्नेलगायत सात बुँदा छन्।

गुठी जग्गा संरक्षणतर्फ मठाधीश, पुजारी, चिनियाँ लामालगायतको नियुक्ति तथा पारिश्रमिक तोक्नेसम्बन्धी मापदण्ड तर्जुमा गर्ने, पर्यटन मन्त्रालयअन्तर्गत पर्ने क्षेत्र विकास समिति र गुठी व्यवस्थापन समितिबिचको दोहोरो क्षेत्राधिकारको विषय निराकरण गर्ने, रैतानी, अधीनस्थ र तैनाथी गुठी जग्गाको लगत तयार गरी जग्गाको संरक्षण गर्नेलगायत नौ बुँदा छन्। कानुन तथा फैसला कार्यान्वयनतर्फ भूमि, गुठी, सहकारीसम्बन्धी सर्वोच्च अदालतका फैसला, आयोगका प्रतिवेदन संकलन गरी एकत्रित गर्ने र भूमि, मालपोत, जग्गा नापजाँच, गुठी, सहकारी, गरिबी निवारणसम्बन्धीका ऐन र नियमावली संशोधनको खाका तयार गर्ने विषय छन्।

■ एमाले केन्द्रीय कमिटीमा ओलीको 'ब्रिफिङ'

पपुलिस्ट पात्रले देशमा भयावह भूराजनीतिक जोखिम निम्त्याउन सक्छन्

शुरोजंग पाण्डे / नयाँ पत्रिका

एमाले अध्यक्ष केपी ओलीले सत्ताका लागि जे पनि सौदाबाजी गर्ने पपुलिस्ट पात्रहरूले देशमा भयावह भूराजनीतिक जोखिम निम्त्याउन सक्ने खतरा औंल्याएका छन्। शनिबारबाट जावलाखेलमा सुरु भएको दोस्रो केन्द्रीय कमिटी बैठकमा राजनीतिक प्रतिवेदन पेस गर्दै उनले भूराजनीतिक जोखिमको खतरा औंल्याएका हुन्।

'सत्तामा जान जस्तोसुकै भावना पनि बेच्ने र जस्तोसुकै सम्झौता गर्ने पपुलिस्ट पात्रहरूले हाम्रोजस्तो देशमा भयावह भूराजनीतिक जोखिम पनि निम्त्याउन सक्छन्। यसैले यतिबेला राजनीतिक पार्टीहरूकै भूमिकाको बलमा लोकतन्त्र बलियो हुन्छ,' ओलीले प्रतिवेदनमा भनेका छन्, 'तर यतिबेला विचारविहीन, कुनै सार्वजनिक जवाफदेहिता नभएका र सामाजिक नैतिकताका दृष्टिले विवादास्पद व्यक्तिहरू एक ठाउँमा जम्मा भएर लोकतान्त्रिक प्रणाली, विचार र संस्थाहरूलाई चुनौती दिइरहेको अवस्था छ।'



बैठकका पाँच एजेन्डा

एमालेको केन्द्रीय कमिटी बैठकमा पाँच एजेन्डा प्रस्तुत भएका छन्। महासचिव शंकर पोखरेलका अनुसार बैठकमा अध्यक्षको सम्बोधन, पार्टी नियमावलीमा संशोधन, राष्ट्रिय महाधिवेशनमा भएको आम्दानी-खर्चको जानकारी, महाधिवेशनयता दुईवटा सचिवालय बैठकका निर्णय अनुमोदन, महाधिवेशनबाट निर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यहरूलाई प्रमाणपत्र वितरण र समसामायिक प्रस्ताव बैठकमा छलफलका लागि प्रस्तुत भएको छ। बैठकमा अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन छलफलका लागि प्रस्तुत गरेका छन्।

पपुलिजमले देश र समाजमा निम्त्याउने खतराहरूको विश्लेषण गर्दै ओलीले अहिले अवतारी नायक जन्मिएर जादूमयी समाधान हुन्छ भन्ने भ्रमको तुवाँलो फैल्याउने काम भइरहेको पनि उल्लेख गरेका छन्। 'कुनै दिन कुनै अवतारी' नायकको जन्म हुन्छ र तिनीहरूले हेर्दाहेर्दै समस्याको जादुमयी समाधान गरिदिन्छन् भन्ने भ्रम तुवाँलो फैलाइँदैछ,' उनले भनेका छन्।

जनतालाई भ्रममुक्त बनाउने महत्त्वपूर्ण काम नै अहिलेको मुख्य कार्यभार भएको ओलीले औंल्याएका छन्। 'पपुलिजमले मुलुकको स्थायित्व, लोकतान्त्रिक प्रणाली र जनताको भावनामा खेलबाड गर्दै कमजोर बनाउँछ, समाजमा सामूहिक निराशा सिर्जना गर्छ र पपुलिजम सामाजिक असन्तुष्टि, अराजकता र त्यसपछि विध्वंश। यही हो सिलसिला ! यसले थप समस्या जन्माउँदै जान्छ,' उनले भने, 'त्यसैले यतिबेला भदौ २४ को विध्वंशको जगमा खडा भएको, लोकतन्त्र र संविधानलाई कमजोर गर्न उद्यत र विभिन्न सपना बेच्दै एकत्रित हुन खोजिरहेका पपुलिस्ट र पथभ्रष्ट तत्त्वबाट जनतालाई भ्रममुक्त गर्नैपर्छ।'

मुलुकमा लोकतन्त्र र संविधान संकटमा रहेको औंल्याउँदै उनले राष्ट्रिय एकता कमजोर हुँदै जाँदा बाह्य चलखेलको जोखिम बढेको र राष्ट्रिय हितको रक्षामा नयाँ चुनौती थपिएको पनि बताए। मुलुकमा केही पनि भएन भनेर जबर्जस्त सिर्जना गरिएको नकारात्मक भाष्य र युवाहरूमा निराशा र अन्योलले समाजमा भ्रम र द्विविधा रहेकाले त्यसलाई सम्बोधन गर्नुपर्नेमा जोड दिँदै ओलीले सबै लोकतान्त्रिक शक्तिलाई सहकार्यको आह्वान पनि गरे।

देश अवाञ्छित भ्रमको चपेटामा : पूर्वराजा शाह

काठमाडौं / पूर्वराजा ज्ञानेन्द्र शाहले देश अवाञ्छित भ्रमको चपेटामा परेको टिप्पणी गर्दै दुई दशकअघि आफ्नो बहिर्गमन जनचाहना नभएको जिकिर गरेका छन्। ३०४औं पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा शनिबार झापाको दमकबाट जारी भिडियो सन्देशमा उनले नारायणहिटीबाट आफू बाहिरिएको दुई दशकमा देशमा संकट कायम रहेको भन्दै चिन्ता व्यक्त गरेका छन्। 'कालान्तरमा कतैबाट उत्पन्न अवाञ्छित भ्रमको चपेटामा देश पऱ्यो। झन्डै दुई दशकअघि शान्ति ल्याउँछौं, आर्थिक समृद्धितर्फ देशलाई लैजान्छौं र स्थायित्व दिन्छौं भनेर सत्तामा पुगेका दलहरूको चाहनाअनुसार हामीले श्रीपेच र राजदण्ड जनताको नासो जनताको सुरक्षित संरक्षणमा बुझायौं र सहयोगी नियतका साथ राजकाज बाहिरिएको सर्वविदितै छ,' शाहले भनेका छन्, 'यो दायित्वबाट पलायन वा निषेधित राजनीतिका निम्ति कमजोरीको अनुमोदन थिएन। न त यो भावना आमजनतामै थियो। नारायणहिटी दरबारबाट हामी बाहिरिएको दुई दशक बित्दा पनि देशले सामना गरिरहनुपरेको संकटले हामीलाई चिन्तित तुल्याएको छ। हिजो देश नबनेकोमा चिन्ता थियो, आज देश नै नबच्ने हो कि भन्ने निराशा पैदा भएको छ।' पूर्वराजा शाहले अहिलेको संकटको निकास राष्ट्रिय सहमतिबाट खोज्नुपर्नेमा जोड दिएका छन्। 'स्वचालित व्यक्तिले राष्ट्रको हित खोज्दै जान्छ, परिचालित व्यक्तिले अर्काको मित खोज्दै हिँड्छ। राष्ट्रिय सहमतिविना निकास खोज्नु समय खेर फाल्नु मात्रै हो। समुन्नतिको यात्रामा सबै मिलेर अघि बढौं,' उनले भनेका छन्।



पूर्वी रुकुमबाट चुनावमा उठ्ने प्रचण्डको घोषणा

नयाँ पत्रिका





नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले आगामी निर्वाचनमा रुकुम पूर्वबाट चुनाव लड्ने घोषणा गरेका छन्। शनिबार रुकुम पश्चिममा आयोजित नेकपाको एकता सभालाई सम्बोधन गर्दै उनले भने, 'हुन सक्छ म आउने चुनाव रुकुमबाटै लड्न सक्छु, यही रुकुम भन्ने नठान्नु होला, पूर्वी रुकुममा म आउने करिब निश्चित भएको छ, रुकुम पूर्वमा म आउने भनेको रुकुम पश्चिम पनि आउनु हो।'

एकता सभामा ठुलो संख्यामा कार्यकर्ता उपस्थित भएकोप्रति उनले रुकुमका जनता पलायनको पछाडि नलागेको भन्दै धन्यवाद दिए। जनार्दन शर्माप्रति लक्षित गरी उनको पछाडि नलागेर मूल पार्टीलाई साथ दिएको भन्दै प्रचण्डले धन्यवाद दिएका हुन्। उनले विगतमा आफूलाई जनार्दन शर्माले रुकुम ल्याउने गरेको भन्दै अब झन् धेरै आफू रुकुम आउने बताए। 'प्रभाकरको अभावमा पार्टी हेडक्वार्टरसँग सीधा सम्बन्ध हुँदैन कि भन्ने तपाईंहरूलाई लागेको छ भने त्यो भ्रममा नपर्न म अनुरोध गर्न चाहन्छु। तपाईंहरूका लागि पार्टी हेडक्वार्टरको ढोका काठमाडौंमा सधैं खुला हुनेछ,' उनले भने।

रुकुमका केही नेताहरू विचलित भएर पार्टी छाडेर गएको भन्दै आफूलाई रुकुमका जनमत खस्केको हो कि भन्ने कुरामा चिन्ता भएको पनि बताए। 'यहाँको एकजना तपाईंहरूले अघि सारेको नेता पलायन भए, विचलित भएर गए। कहाँ गए भने कम्युनिस्ट र मार्क्सवाद छाड्नेतिर गए,' उनले भने, 'यसको पछाडि षड्यन्त्र छ। निकै ठुलो षड्यन्त्रअन्तर्गत ती मान्छेलाई बिचलित बनाइएको छ।'

प्रचण्ड कालिकोट, कास्की ३, नुवाकोट १, सिन्धुली २, रामेछाप, महोत्तरी ४, गोरखा १, रोल्पा, कैलाली ३ बाट उम्मेदवार सिफारिस भएका छन्। कतै एकल र कतै उनीसहितको नाम केन्द्रमा सिफारिस भएर आएको छ। तर, अहिलेसम्म नेकपाले उनको निर्वाचन क्षेत्रबारे टुंगो लगाएको छैन।

०८४ को निर्वाचनमा उनी गोरखा २ बाट विजयी भएका थिए। ०६४ को पहिलो संविधानसभा निर्वाचनमा उनी काठमाडौं १० र रोल्पाबाट उम्मेदवार बनेका थिए।

निर्वाचन प्रहरीमा भर्ना हुन दुई दिनमै २७ हजारको आवेदन



बारा प्रहरी कार्यालयमा शनिबार निर्वाचन प्रहरीका लागि आवेदन दिनेको भिड। तस्बिर : इन्दीप कोइराला / नयाँ पत्रिका

● नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता **डिआइजी अविनारायण काफ्ले** भन्छन्-



निर्वाचन प्रहरीको आवेदन २४ पुसदेखि खुला भएको छ। इच्छुक युवाले १ माघसम्म आवेदन दिन सक्नेछन्। पहिलो दिनमा नेपाल प्रहरीमा मात्रै ११ हजार ६९ युवाको आवेदन पऱ्यो। दोस्रो दिन यो संख्या बढेर १६ हजार ३६२ पुगेको छ। आवेदनको चाप हेर्दा युवाको सहभागिता उत्साहजनक ढंगले बढेको देखिन्छ।

टेकराज थामी / नयाँ पत्रिका

आगामी २१ फागुनमा हुने निर्वाचनको सुरक्षार्थ निर्वाचन प्रहरीका लागि आवेदन दिने युवाहरूको संख्या दुई दिनमै २७ हजार नाघेको छ। यो संख्या नेपाल प्रहरीमातहत भर्ना हुन चाहने युवाहरूको मात्रै हो।

सरकारले एक लाख ३३ हजार ९८० निर्वाचन प्रहरी भर्ना गर्न लागेको हो। जसका लागि २४ पुसबाट ७७ वटै जिल्ला प्रहरी कार्यालयबाट आवेदन खुला गरेको छ। इच्छुक युवाले आगामी १ माघसम्म आवेदन दिन सक्नेछन्। देशभरका जिप्रकामा पहिलो दिन नै ११ हजार ६९ र दोस्रो दिन १६ हजार ३६२ को आवेदन परेको छ।

दुई दिनमै २७ हजार ४३१ युवाले निर्वाचन प्रहरीमा भर्ती हुन आवेदन दिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी अविनारायण काफ्लेले बताए। 'निर्वाचन प्रहरीको आवेदन २४ पुसदेखि खुला भएको छ। इच्छुक युवाले १ माघसम्म आवेदन दिन सक्नेछन्। पहिलो दिनमा नेपाल प्रहरीमा मात्रै ११ हजार ६९ युवाको आवेदन पऱ्यो। दोस्रो दिन यो संख्या बढेर १६ हजार ३६२ पुगेको छ। आवेदनको चाप हेर्दा युवाको सहभागिता उत्साहजनक ढंगले बढेको देखिन्छ,' उनले भने।

निर्वाचन प्रहरीमा आवेदन दिने महिलाहरूको संख्या पनि उत्साहजनक देखिन्छ। शुक्रबार आवेदनको परेको संख्या विश्लेषण गर्दा आवेदन दिनेमध्ये २७.८६ प्रतिशत महिला देखिन्छ। त्यस दिन मुलुकभर चार हजार ५६० महिलाको आवेदन परेको थियो भने पुरुषको संख्या ११ हजार ८०२ छ।

यता सशस्त्र प्रहरीमा पनि आवेदन दिने युवाको लर्को देखिन्छ। सशस्त्रले उपलब्ध गराएको तथ्यांकअनुसार शुक्रबार ७७ वटै गुल्ममा ७३३ युवाको आवेदन परेको छ। सशस्त्रलाई १५ हजार ११० मात्रै निर्वाचन प्रहरी भर्ना गर्ने स्वीकृति छ। आवेदन दिनेमध्ये १४२ महिला र ५९१ पुरुष छन्।

सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी मनीष थापाले निर्वाचन प्रहरीमा भर्ती हुन चाहने युवाको संख्या सशस्त्रमा पनि उत्साहजनक रहेको बताए। 'सशस्त्रले १५ हजार ११० निर्वाचन प्रहरी मात्रै भर्ना गर्न पाउँछ। हालसम्मको स्थिति हेर्दा युवाको सहभागिता उत्साहजक देखिन्छ। हामीले ७७ वटै जिल्लाबाट भर्नाका लागि आह्वान गरेका छौं। आवेदन पर्ने क्रम जारी छ,' उनले भने।

निर्वाचनका लागि हालसम्म मुलुकभर १० हजार ९६७ निर्वाचनस्थल निर्धारण भएका छन्। जसमा निर्वाचन केन्द्र २३ हजार ११२ निर्धारण भएका छन्। गृह मन्त्रालयका अनुसार ३६ सय ८० मतदानस्थल अतिसंवेदनशील छन्। ती अधिकांश तराईका जिल्लाका छन्। त्यस्तै, ४४ सय ४२ मतदानस्थल सुरक्षा चुनौती विश्लेषणका आधारमा संवेदनशील सूचीमा राखिएका छन्। बाँकी २८ सय ४५ मतदानस्थल भने सामान्य अवस्थाका छन्।

प्रहरीका अनुसार निर्वाचन प्रहरीले न्यूनतम ५४ हजारदेखि अधिकतम ८३ हजार रुपैयाँसम्मको खर्च सिलिङभित्र ४० दिनको तलबसहित पोसाक, खाद्यान्न र भ्रमण भत्ताबापतको रकम प्राप्त गर्नेछन्। निर्वाचन प्रहरीको दर्जा जवानसरहको हुन्छ। निर्वाचन प्रयोजनार्थ उनीहरू ४० दिन फिल्डमा खटिनेछन् र त्यसै अवधिको तलब-सुविधा प्राप्त गर्नेछन्।

प्रहरीका अनुसार काठमाडौं उपत्यकाभित्र खटिने निर्वाचन प्रहरीले सबैभन्दा कम र जुम्लामा खटिने निर्वाचन प्रहरीले सबैभन्दा धेरै सुविधा प्राप्त गर्नेछन्। काठमाडौं उपत्यकाभित्र खटिनेले तलब र अन्य सुविधासहित ५४ हजार ३६८ रुपैयाँ मात्रै प्राप्त गर्नेछन्। जुम्लामा खटिनेले भने ८३ हजार २४१ रुपैयाँ पाउनेछन्।

त्यस्तै, तराईका जिल्लामा खटिनेका लागि तलब-सुविधासहित ५५ हजार ६६६ खर्च हुनेछ। तराईको पनि झापामा खटिनेले भने काठमाडौंसरह ५४ हजार ३६८ मात्रै पाउँछन्।

पहाडी क्षेत्रका जिल्लामा खटिनेहरूका लागि तलब र अन्य सुविधासहित ५८ हजार ७८५ रुपैयाँ खर्च गरिनेछ। तर, पहाडी जिल्लाका पनि सहरी क्षेत्रमा खटिनेहरूले ५६ हजार ९७१ रुपैयाँबराबरको मात्रै तलब-सुविधा प्राप्त गर्नेछन्।

हिमाली क्षेत्रका जिल्लामा खटिने निर्वाचन प्रहरीका लागि भने तलब र अन्य सुविधासहित ६४ हजार ६०८ रुपैयाँ खर्च गरिनेछ। तर, उक्त क्षेत्रको पनि विकट क्षेत्रमा खटिनेहरूलाई तलब र अन्य सुविधासहित ८३ हजार २४१ रुपैयाँ खर्च गरिने प्रहरीले जनाएको छ।

नेपाल प्रहरीका अनुसार मतदान केन्द्र र सुरक्षा थ्रेट वृद्धिसँगै निर्वाचन प्रहरीको संख्या पनि बढेको छ । ०७९ को निर्वाचनमा मुलुकभर १० हजार ७५६ मतदानस्थल र २१ हजार ५१२ मतदान केन्द्र निर्धारण भएका थिए।

संक्षेप

बाँकावीरलाई पहिलो सहिद घोषणा गर्न माग

काठमाडौं / सुदूरपश्चिम सरोकार मञ्चले सुदूरपश्चिमका बाँकावीर बलदेवलाई पहिलो सहिद घोषणा गर्न माग गरेको छ। काठमाडौंमा शनिबार आयोजित मञ्चको बैठकले जहाँनीय राणा शासनविरुद्ध लडेका बाँकावीरलाई पहिलो सहिद घोषणा गर्न पहल गरिदिन सरकारसँग माग गर्ने निर्णय गरेको हो। बाँकावीरलाई राणा शासनले पक्राउ गरेर हत्या गरेको थियो। श्रममन्त्री राजेन्द्र भण्डारीले नेपाल अहिले संक्रमणमा रहेको र त्यसलाई अवतरण गर्नुपर्ने प्रमुख प्राथमिकता रहेको बताएका थिए। जेन-जी आन्दोलनपछि मुलुकलाई संक्रमणबाट अवतरण गरी विकासको ढोका खोल्नुपर्ने उनको भनाइ थियो।

बर्दियाका वन्यजन्तु-पीडितको प्रदर्शन

बर्दिया / बर्दियाका वन्यजन्तुपीडितले प्रदर्शन गरेका छन्। पछिल्लो समय वन्यजन्तुका कारण नागरिकको सुरक्षामा चुनौती बढ्दै गएपछि बर्दियाका वन्यजन्तुपीडितले काठमाडौंमा प्रदर्शन गरेका हुन्। राष्ट्रिय निकुञ्जवरपर बस्दै आएका नागरिकको सुरक्षाको माग गर्दै प्रदर्शन गरेका हुन्। पीडितहरूले विभिन्न प्लेकार्डसहित च्याली निकालेको गेरुवा गाउँपालिका- २ का शिव रिमालले जानकारी दिए। उनले भने, 'राष्ट्रिय निकुञ्ज चाहिन्छ, तर सुरक्षित बस्ती पनि उत्तिकै आवश्यक छ।' उनले बर्दियावासी वनको शत्रु नभई छिमेकी भएकाले उनीहरूको पीडा समाधान गर्ने जिम्मेवारी देशको भएको बताए।

रूपान्तरण र पुस्तान्तरणका लागि आगामी निर्वाचन

आगामी निर्वाचन युवाका लागि केवल मत हाल्ने दिन मात्र नभई रूपान्तरण र पुस्तान्तरणका लागि नेतृत्व निर्माणको ढोका बन्न सक्नुपर्छ



● खुबीराम खनाल

अग्रलेख

इतिहास हेर्ने हो भने विश्वका सफल लोकतन्त्रान्त्रिक मुलुकमा निर्वाचनले सधैँ परिवर्तनलाई संस्थागत गरेको छ। पुराना नीति, जडे नेतृत्व र असफल अभ्यासलाई विस्थापित गर्दै नयाँ नीति र नेतृत्वलाई अघि ल्याउने मुख्य माध्यम नै निर्वाचन हो। नेपालमा पनि २००७ सालको प्रजातान्त्रिक आन्दोलन, ०४६ र ०६२/६३ सालको जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्नेदेखि लिएर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने कार्यमा निर्वाचनले निर्णायक भूमिका खेलेको छ।

लोकतान्त्रिक मुलुकका लागि निर्वाचन केवल प्रतिनिधि चयन गर्ने औपचारिक प्रक्रिया मात्र होइन। यो राज्यको सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरणको माध्यम पनि हो। निर्वाचनले नेतृत्वको पुस्तान्तरण सुनिश्चित गर्दै नयाँ विचार, ऊर्जा र दृष्टिकोणलाई शासन प्रणालीमा प्रवेश गराउने काम गर्छ।

सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद अन्त्य गरी देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धि कायम गर्न नेपाली जनताले पटक-पटक आन्दोलन गर्नुपऱ्यो। ०६२/६३ को जनआन्दोलन सफल भएसँगै संविधानसभाबाट जारी भएको नेपालको संविधानले नेपालको शासकीय संरचनामा आमूल परिवर्तन ल्यायो। तर, नेपालमा योग्यता प्रणालीले भन्दा चाकडी, चाप्लुसी, नातावाद र कृपावादले अत्यधिक स्थान पायो। उही पुरानो सोच र मानसिकता बोकेकाहरू नै लामो समयदेखि नेतृत्व तहमा पुग्न सफल भए। तिनै पुरानो सोच र मानसिकता बोकेकाहरूले लामो समयदेखि नेपाली राजनीतिमा रजगज नै चलाए।

शासनको बागडोर सम्हालेका शासकप्रति आमनागरिकको धैर्यको बाँध टुट्न पुग्यो। खास गरी नवपुस्ताले आफूहरूमा आएको असन्तुष्टि गत २३ र २४ भदौको विद्रोहमार्फत व्यक्त गरे। जेन-जी पुस्ताको विद्रोहका कारण करिब दुईतिहाइ बहुमतसहितको सरकार अपदस्थ हुन पुग्यो भने विद्रोहको जगमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्की अन्तरिम सरकारको नेतृत्व प्राप्त गर्न सफल भइन्। यो अन्तरिम सरकारको मुख्य जिम्मेवारी भनेको आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्यको स्वच्छ निर्वाचन गराई ताजा जनादेशसहितको जनप्रतिनिधिमूलक सरकारलाई सत्ता हस्तान्तरण गर्नु रहेको छ।

सो जिम्मेवारी पूरा गर्न आगामी २१ फागुनमा प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदै छ। जसमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमार्फत १६५ जना र समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना गरी जम्मा २७५ जना जनप्रतिनिधिका लागि करिब एक करोड ९० लाख मतदाताले गोप्य मतदान गर्दै छन्। यस निर्वाचनमा भाग लिनका लागि तोकिएको समयावधिमा ११४ राजनीतिक दलले निर्वाचन आयोगमा दल दर्ता गराएको निर्वाचन आयोगले जनाएको छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा राजनीतिक दलका तर्फबाट र स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिनेछन्। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ११४ वटा राजनीतिक दलका साथै कैयौँ स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रिने पक्का छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारको मनोनयन दर्ता ६ माघका लागि तोकिएको र उम्मेदवारको अन्तिम नामावली ९ माघमा प्रकाशन गर्ने आसन्न निर्वाचनको कार्यतालिका रहेको छ।

नवपुस्ताले चाहेको रूपान्तरण र पुस्तान्तरणका लागि निर्वाचनमा योग्य र सक्षम उम्मेदवारको मनोनयन हुनु आवश्यक छ। राजनीतिक दलले जनचाहना र अपेक्षाअनुरूप कस्तो योग्यता, क्षमता भएका व्यक्तिलाई उम्मेदवारका रूपमा सिफारिस गर्ने भन्ने कुरा सम्बन्धित राजनीतिक दलको नीति र मापदण्डमा भर पर्छ। उम्मेदवारको विकल्पबाट समाजमा सदाचार, निष्ठा, अनुशासन, इमानदारी तथा उच्च नैतिक चरित्र कायम राख्न सक्ने योग्यता र क्षमता भएको उम्मेदवारलाई मतदान गरी त्यस्तो व्यक्तिलाई आफ्नो जनप्रतिनिधिका रूपमा छनोट गर्नु आममतदाताको जिम्मेवारीका साथै कर्तव्य पनि हो। कुनै दलको उम्मेदवार वा स्वतन्त्र उम्मेदवार जे भए पनि नैतिकवान्, निष्ठा भएको कुशल उम्मेदवारको पहिचान गरी दबाब, प्रभाव एवं प्रलोभनमा नपरी योग्य, इमानदार एवं निष्ठावान् उम्मेदवारलाई मतदाताले छनोट गर्न सक्नुपर्छ।

> जब निर्वाचन परिवर्तनको स्पष्ट एजेन्डासहित सम्पन्न हुन्छ, तब मात्र सामाजिक, आर्थिक, राजनीतिक र संस्थागत क्षेत्रमा गुणात्मक रूपान्तरणका साथै पुस्तान्तरणको सुनौलो ढोका खुल्नेछ

मतदाताले आफ्नो अमूल्य मतमार्फत योग्यमध्येको पनि योग्य जनप्रतिनिधि छनोट गर्ने अवसर आगामी २१ फागुनको निर्वाचमार्फत पाउँदै छन्। नेपालको संविधान र प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ मा उम्मेदवारको योग्यता तोकिएको छ, तथापि निर्वाचन सुशासनका लागि उम्मेदवारको नाम, थर, ठेगाना, शैक्षिक योग्यता, अनुभव तथा अन्य थप विवरण उल्लेख गरी वैयक्तिक विवरणसमेत सार्वजनिक गर्ने व्यवस्था गर्नु आवश्यक छ। यस कार्यले मतदाताले उम्मेदवारबारे सही जानकारी पाई योग्यमध्येको पनि योग्य व्यक्ति छनोट गर्न सक्छन्। योग्य व्यक्तिको छनोटमार्फत मात्र राजनीतिक संस्कार, नीति निर्माणको शैली, सेवा प्रवाह, समावेशिता, पारदर्शिता र उत्तरदायित्वसँग सम्बन्धित पुस्तान्तरण र रूपान्तरण सम्भव छ।

आगामी २१ फागुनको आसन्न निर्वाचनलाई सामाजिक, आर्थिक, राजनीतिक र संस्थागत क्षेत्रमा गुणात्मक रूपान्तरण र पुस्तान्तरण गर्ने ऐतिहासिक अवसरका रूपमा उपयोग गर्नु आवश्यक छ। जब निर्वाचन परिवर्तनको स्पष्ट एजेन्डासहित सम्पन्न हुन्छ, तब मात्र सामाजिक, आर्थिक, राजनीतिक र संस्थागत क्षेत्रमा गुणात्मक रूपान्तरणका साथै पुस्तान्तरणको सुनौलो ढोका खुल्नेछ।

लोकतन्त्र जीवन्त रहन पुस्तान्तरण अनिवार्य छ। एउटै पुस्ता, एउटै अनुहार र एउटै सोचले लामो समयसम्म शासन गर्दा व्यवस्था जड बन्छ। नेपाली राजनीतिको अहिलेको संकट यही हो। दशकौँदेखि राजनीतिमा सक्रिय नेतृत्वले अझै पनि निर्णायक स्थान ओगटिरहेका छन्। अनुभव महत्त्वपूर्ण भए पनि अनुभवकै नाममा नयाँ पुस्तालाई अवसर नदिनु लोकतन्त्रको आत्माविरुद्ध हो।

पुस्तान्तरणको अर्थ पुराना नेतालाई पूर्ण रूपमा बहिष्कार गर्नु होइन। यसको अर्थ अनुभव र नयाँ ऊर्जाबिच सन्तुलन कायम गर्नु हो। निर्वाचनले यही सन्तुलन सिर्जना गर्ने अवसर दिन्छ। तर, त्यसका लागि दलभित्र लोकतन्त्र, आन्तरिक प्रतिस्पर्धा र पारदर्शी उम्मेदवार छनोट प्रणाली आवश्यक हुन्छ।

नेपालको जनसांख्यिक संरचना युवाकेन्द्रित छ। तर, राजनीतिमा युवाको प्रतिनिधित्व न्यून छ। यसको कारण युवाको उदासीनता मात्र होइन, राजनीतिक दलहरूको बन्द संरचना र अवसरको असमान वितरण पनि हो। निर्वाचन युवाका लागि केवल मत हाल्ने दिन मात्र नभई रूपान्तरण र पुस्तान्तरणका लागि नेतृत्व निर्माणको ढोका बन्नुपर्छ। निर्वाचनको सफलतामा मतदाताको भूमिका निर्णायक हुन्छ। जब मतदाता सचेत हुन्छ, तब मात्र गलत अभ्यास पराजित हुन्छन्। जात, क्षेत्र, पैसा र भावनात्मक नाराभन्दा माथि उठेर नीति र चरित्रका आधारमा मतदान गर्ने संस्कार विकास गर्नु आवश्यक छ। रूपान्तरण र पुस्तान्तरणका लागि आसन्न निर्वाचनका अविश्वास, राजनीतिक अस्थिरता, पैसाको प्रभाव, अनुचित दबाब, आन्तरिक लोकतन्त्रको अभावजस्ता थुप्रै चुनौती छन्। तर, यी चुनौतीसँगै डिजिटल प्रविधि, सचेत युवा, बढ्दो नागरिक दबाब र वैकल्पिक राजनीतिक शक्तिको उदयजस्ता अपार सम्भावना पनि हामीबिच रहेका छन्।

अतः निर्वाचन केवल आवधिक औपचारिक प्रक्रिया मात्र होइन, यो राष्ट्रको भविष्य कोर्ने सामूहिक अभ्यास पनि हो। राजनीतिक संक्रमण र अस्थिरताबाट ग्रसित हाम्रोजस्तो देशमा आसन्न निर्वाचन रूपान्तरण र पुस्तान्तरणका लागि महत्त्वपूर्ण माध्यमका रूपमा रहेको छ। पुरानो सोच र अभ्यासबाट मुक्त भई नयाँ नेतृत्व, नयाँ विचारसहितको स्थायी रूपान्तरण र पुस्तान्तरणका लागि आगामी २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचन अब विकल्प होइन, अपरिहार्य छ।

(खनाल उच्च अदालत, पाटनका शाखा अधिकृत हुन्)

---

३ प्रश्न

कांग्रेस नेता **देवराज चालिसे**लाई



२७ र २८ पुसमा आयोजना हुने विशेष महाधिवेशनको तयारी कहाँ पुग्यो ?

२७ पुसमा काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुने विशेष महाधिवेशनको तयारी जोडतोडले तीव्रस्तरमा भइरहेको छ। १७ पुसमा पार्टीको शीर्ष नेतृत्व उपस्थित नभएमा दुई महामन्त्रीबाट विशेष महाधिवेशन उद्घाटन हुनेछ। विशेष महाधिवेशनका लागि देशभरबाट प्रतिनिधि बडो उत्साहसाथ काठमाडौं आइसक्नुभएको छ। कैयौँ साथी आइपुग्ने क्रम जारी नै छ। यो विशेष महाधिवेशन पार्टीको सुधार र रूपान्तरणका लागि एउटा विशेष कुम्भ मेला बन्नेछ।

पार्टी नेतृत्वलाई पनि निम्तो दिनुभएको छ। उहाँहरूको उपस्थितिको सम्भावना कति देख्नुहुन्छ ?

विशेष महाधिवेशन पार्टीकै ठुलो कार्यक्रम हो। यस्तो महत्त्वपूर्ण कार्यक्रममा पार्टीको जिम्मेवार तहमा रहेका नेतृत्व सहभागी हुनैपर्ने हो। उहाँहरूलाई निम्तो पनि पठाइएको छ। त्यसैले, उद्घाटन कार्यक्रमसम्म उहाँहरू आउनुहुन्छ भन्ने हाम्रो विश्वास छ।


विशेष महाधिवेशनका नाममा कांग्रेस फुटको डिलमा पुगेको चर्चा चलिरहेको सुनिन्छ नि ?

विशेष महाधिवेशनले पार्टी फुट्छ भन्नु विशेष महाधिवेशनको माग गर्ने प्रतिनिधिलाई भड्काउने या भ्रमित गराउने प्रयास मात्र हो। पार्टी विधानको सर्वोपरिता र पार्टीको एकतालाई आधार मानेर आयोजना गरिएको यो विशेष महाधिवेशनले पार्टीलाई थप सशक्त र एकताबद्ध बनाउँछ। विधानको व्यवस्था पालना गर्दा कसरी पार्टी फुट्छ ? यो विशेष महाधिवेशन त पार्टीको सुधार, एकता र रूपान्तरणका लागि गरिएको सामूहिक प्रयास हो। सार्वभौम प्रतिनिधि उपस्थित हलले महाधिवेशनको कार्यविधि बनाउँछ। त्यसैअनुसार कता जाने, कसरी जाने र के गर्ने भन्ने निर्धारण हुन्छ। हलले गर्ने निर्णय नै अन्तिम हुनेछ। पार्टीका जिम्मेवार प्रतिनिधिले पार्टी फुटाउने निर्णय गर्छन् भनेर सोच्नु नै गलत हो।

प्रेरक प्रसंग

महान् मान्छेको खोजी

महान् विचारक कन्फ्युसियस चीनमा ठुला दार्शनिकका रूपमा परिचित थिए। चीनका सम्राट् पनि उनको धेरै आदर गर्थे। एक दिन चिनियाँ सम्राट्ले उनीसँग भने, 'कन्फ्युसियस, मलाई त्यस्तो मानिस भएको ठाउँमा लैजाऊ, जो सबैभन्दा महान् छ।' सम्राट्को आदेश खस्न नपाउँदै कन्फ्युसियसले भने, 'त्यस्तो महान् मान्छे त तपाईं आफैँ हुनुहुन्छ, किनकि जसले सत्य थाहा पाउने इच्छा राख्छ ऊ नै महान् हो।'



कन्फ्युसियसको जवाफ सुनेपछि एक छिन सोचेर सम्राट्ले भने, 'तिमी मलाई मभन्दा पनि महान् मानिसको बारेमा भन।' सम्राट्को आदेश पाउनासाथ कन्फ्युसियसले भने, 'तपाईंभन्दा महान् मानिस मै हुँ, किनकि म सत्यलाई प्रेम गर्छु।' सम्राट्ले फेरि भने, 'त्यो त हो, तिमी मभन्दा त महान् छौ। तर, मलाई त तिमीभन्दा पनि महान् मानिस चाहियो।' सम्राट्को चाहना बुझेपछि कन्फ्युसियसले भने, 'त्यसो भए ठिक छ, तपाईं मसँग हिँड्नुस्। म तपाईंलाई त्यस्तो मानिसकहाँ लिएर जान्छु, जो हामी सबैभन्दा धेरै महान् छन्।'

त्यसपछि दुवैजना महान् मान्छेको खोजीमा हिँडे। एक ठाउँमा उनीहरूले एकजना वृद्ध मानिसले कुवा खनिरहेको देखे। दार्शनिक कन्फ्युसियसले भने, 'सम्राट्! हेर्नुस् त, यी व्यक्ति धेरै वृद्ध भइसकेका छन्। शरीर पनि धेरै दुर्बल छ र पनि कुवा खनिरहेका छन्।' सम्राट्ले त्यसको कारण जान्न खोजे। यति वृद्धावस्थामा पनि उनी किन यसरी सकी-नसकी कुवा खनिरहेका छन् त ?' कन्फ्युसियसले जवाफ दिए, 'उनी यो सब परोपकारका लागि गरिरहेका छन्, सम्राट्! उनको आनन्दको अनुभूति परोपकारमा निहित छ। जो तनमन यस्तो आनन्दानुभूतिमा काम गर्छन्, अब यीभन्दा महान् को हुन सक्लान् र, होइन त सम्राट् ?' सम्राट्लाई उनको तर्क चित्त बुझ्यो। उनले ती वृद्धलाई ठुलो सम्मान दिए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विशेष महाधिवेशनको विरोध किन ?

पार्टीका नाममा राज्यदोहन गरिरहेकाहरू अहिले कांग्रेसको विशेष महाधिवेशनको विपक्षमा छन्।

● **ध्रुव गौतम**

कोटा खाँदाखाँदा धेरै भोटा फाटिसके। हजुरबुबा, हजुरआमासहित बुबाआमाको सधैँ रुखमा भोट, देश, जनता र पार्टीलाई भने सधैँ चोट !

● **दीपक न्यौपाने**

'विनाशकाले विपरीत बुद्धि' भनेको यही हो। विधि र विधानको धज्जी उडाएर रुपान्तरण हुन नसके समाप्तिको दिशामा जानेछ कांग्रेस। महिनौँ केन्द्रको बैठक हात्ती आयो हात्ती आयो फुस्सा ! कुर्सीमोहले बिगारेको कांग्रेसका हामीजस्ता शुभचिन्तक निराश छौँ।

● **केदारनाथ गौतम**

कांग्रेस नेतृत्वका आसेपासेहरू महाधिवेशन रोक्न बिभिन्न कसरत गर्दै छन्। यतिबेला गगन थापालाई चुनावको मुखमा प्रतिस्पर्धीसँग भिड्नुपर्ने वेलामा आफ्नै पार्टीभित्र भिड्नुपर्ने लठारो आइलागेको छ।

● **देवेन बस्नेत**

यदि कांग्रेसजनमा थोरै मात्र भए पनि आत्मस्वाभिमान बाँकी छ भने लोकतन्त्र र कांग्रेसको विधान र भविष्यका लागि अहिले गगन-विश्वलाई साथ दिनु अपरिहार्य छ।

● **राजकुमार प्याकुरेल**

थोत्रा, मक्किएका, बारम्बार प्रयोग गरी अफापसिद्ध भइसकेका, बारम्बार तरमाराहरूलाई बिदा नदिएसम्म नेपालको राजनीतिमा शुद्धीकरण आउँदैन।

● **हरिहर गौतम**

जनचाहना तथा राष्ट्रिय हितका लागि कांग्रेस केन्द्रमा ठुलो परिवर्तनको आवश्यकता देखिएको छ। त्यसैले प्रदेश, जिल्ला, क्षेत्र र वडाबाट हामीले परिवर्तनका लागि साथ दिऊँ, आन्तरिक झगडामा नअल्झीकन मितव्ययिता साथ काठमाडौं जाऊँ र पार्टीको विशेष महाधिवेशन सफल पारौँ।

● **विसु पौडेल**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

समानुपातिकको अर्थ के हो ?

पुराना हुन् या नयाँ, हरेक दलले समानुपातिकको अर्थ बुझेझैँ लागेन। सबैले समानुपातिकमा मनलागी भर्ती गरेर जग हँसाउने काम गरेका छन्। समानुपातिक प्रणाली भनेको आफ्नालाई राजनीति भर्ती गर्ने मौका भन्दा फरक नपर्ने देखियो। जसले निर्वाचनमा जनताको मन र मत जित्न सक्दैनन्, तिनका लागि पटक-पटक सांसद र मन्त्री बन्ने सजिलो भच्याङ भयो समानुपातिक प्रणाली। यसरी राजनीतिलाई गिजोल्ने हो भने देशमा अमनचैन कहिले आउला ? जनताले गरीखाने दिन कहिले आउला ?

राजनीति भनेको साना नानीबाबुको खेलौनाजस्तो सम्झेका छन्, दलहरूले। जसका कारण देशमा कहिल्यै स्थायित्व आउन सकेन। देशमा राजनीतिक स्थायित्व ल्याएर देशको अर्थतन्त्र बलीयो बनाउने हो भने पहिलो नम्बरमा समानुपातिक प्रणाली हटाउनुपर्छ। दोस्रो नम्बरमा प्रदेश संरचना खारेज गर्नपर्छ भने तेस्रोमा राष्ट्रिय सभा पनि खारेज गर्नुपर्छ। हाम्रो जस्तो सानो देशलाई नेता मात्र उत्पादन गर्ने कम्पनी बनाएर हुन्छ ? देशको आम्दानीजति नेता पाल्दै ठिक छ अनि देश विकास केले गर्ने ? जनतालाई आशा देखाएर मात्र हुँदैन। त्यसका लागि स्रोत पनि चाहिन्छ। देशको अवस्था के छ, एकपटक मनन गरौँ।

अहिले कुलमान रास्वपाबाट अलग भए पनि हिजो रवि, बालेन र कुलमानले आआफ्ना पकडका मान्छेलाई समानुपातिकमा सिफारिस गरेका कारण चौतर्फी आलोचना भयो। जसले राजनीतिको 'र' बुझेको छैन, त्यसलाई मन्त्री सांसद बनाउँदा देशले राजनीतिक निकास कसरी पाउला ?

● पुरुषोत्तम घिमिरे, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

रेलले मात्र लिँदैन निर्दोष हात्तीको ज्यान

भारतमा रेलले मात्र हात्ती मार्दैनन्, बरु सरकारी विभागले खडा गरेका संरचनाले तिनका ज्यान लिन्छन्



देश/विदेश

● सन्तनुनन्दन शर्मा

मिजोरमबाट दिल्ली जाँदै गरेको राजधानी एक्सप्रेसले गत साता आसामको होजाई जिल्लामा हात्तीको बथानलाई जोतेको थियो। दुर्घटनामा पाँच छावासहित आठ जम्बोहरू मारिए। लगभग २५ हजार हात्तीको घर मानिने भारतमा रेलकै कारण प्रत्येक वर्ष एक दर्जनभन्दा बढी जम्बोहरूको ज्यान जाने गरेको छ। पछिल्लो घटना सोही त्रासदी अर्को शृंखला थियो। (२०१८-१९ र २०२३-२४ बिच मात्र रैलकै कारण ९२ हात्तीको मृत्यु भएको थियो। पछिल्लो घटनाले सम्पूर्ण देशको ध्यान आकर्षित गऱ्यो, किनभने एउटै विनाशकारी घटनामा आठवटा निर्दोष प्राणीले ज्यान गुमाउनुपरेको थियो।

एक डिभिजनल वन अधिकारी (डिएफओ) लाई उद्धृत गर्दै प्रारम्भिक रिपोर्टले दुर्घटना (लगभग रातको २-२.३० बजे) बाक्लो कुहिरोका कारण भएको उल्लेख गरेका छन्। एक स्थानीय रेलवे प्रवक्तालाई उद्धृत गरिएका तिनै विवरणमा उल्लेख गरिएको छ कि ठक्कर तोकिएको हात्ती कोरिडोरबाहिर भएको थियो। जसको अर्थ हात्ती कोरिडरबाहिर रेलका लागि कुनै अनिवार्य सीमित गति तोकिएको छैन।

रेल चालकहरू, सिग्नल इन्जिनियर, वनका गार्ड वा हुस्सुकुहिरोतर्फ औंला तेर्स्याइहँदा एउटा ठुलो सत्यलाई भने बेवास्ता गरेको देखिन्छ, वास्तविक असफलता संस्थागत संरचनामा छ। रेलहरूले हात्तीलाई मार्दैनन्, बरु सरकारी विभागले खडा गरेका संरचनाले उनीहरूको ज्यान लिन्छ।

यहाँ एउटा गतिलो उदाहरण छ- झारखण्डको हजारीबाग जिल्लाको जंगलको मध्यमा बारीकोला झोंझ गाउँ छ, जुन गाउँ दुईवटा हात्ती पास भएपछि लोकप्रिय भयो। यहाँ २०१५ मा हात्तीका लागि घाँसले ढाकिएको वन्यजन्तु ओभरब्रिज निर्माण गरिएको थियो। एक दशकपछि गाउँलेले भन्न थालेका छन् कि हात्तीहरूले लामो समयदेखि उक्त करिडोर छोडिसकेका छन्। ओभरब्रिजले अब एउटा विनम्र उद्देश्य पूरा गर्छन्- गाई, बाख्रा र भेडाहरूका लागि केबल चरन मार्ग। अगस्टमा इकोनोमिक्स टाइमको टोलीसँगै आएका एक रेलवे इन्जिनियरले सत्य स्वीकार गरे- हात्तीले नयाँ बिछ्याइएको रेलवे लाइन पार गर्न अन्य मार्ग रोजे।

तैपनि, यस वर्षको सुरुमा रेलसेवाले दक्षिण झारखण्डमा मुख्यालय रहेको प्रमुख रेलवे हब चक्रधरपुर डिभिजनअन्तर्गत ओडिसामा ५५ किलोमिटर लामो खण्डमा २३४ करोड भारु लागतमा थप ११ वटा हात्ती पास मार्ग स्वीकृत गऱ्यो। जम्बोहरूलाई आकर्षित गर्न कटहर र केराका रुख लगाउनेदेखि नयाँ संरचनाले हात्तीको बथानलाई 'आकर्षित' गर्ने अधिकारीले दाबी गर्छन्।

असम दुर्घटनापछि चक्रधरपुर रेलवे डिभिजनले हात्तीको आवागमन बढेको कारण देखाउँदै डिसेम्बरको अन्तिम साता केही दिन आठवटा रेल सञ्चालन रद्द गर्ने घोषणा गऱ्यो। सामान्यतया वन विभागले हात्तीको उपस्थितिलाई मनन गरेर एड्भाइजरी जारी गर्छ, जसका कारण रेलवेले अस्थायी गति प्रतिबन्ध लगाउन सक्छ।



उदाहरणका लागि झारखण्ड-ओडिसा सीमामा रहेको हात्ती कोरिडोरहरूमा रातको समयमा रेललाई प्रायः ४० किलोमिटर प्रतिघण्टाभन्दा बढी गतिमा नचलाउन निर्देशन दिइन्छ।

द्रुतमार्ग र रेलवे लाइनहरूको द्रुत विस्तारसँगै आगामी वर्षमा महत्त्वपूर्ण हात्ती करिडोरसहित वन्यजन्तुको वासस्थान अझ घट्ने अवस्थामा छ। निष्पक्ष भन्नुपर्दा भारत सरकारले छनोट गरिएका न्यूनीकरण उपाय अपनाउन थालेको छ- लेभल क्रसिङ, बार, ब्यारिकेड, अन्डरपास र ओभरपाससहित भूकम्पीय सेन्सरमा आधारित हात्ती घुसपैठ पत्ता लगाउने प्रणालीहरू।

तैपनि, समस्याको मूल कारण अन्यत्रै छ। रेल सेवाको प्रभावकारिता अझै पनि गति र समयनिष्ठताले मापन गरिन्छ, कति हात्ती बचाइएका छन् भन्ने कुराले होइन। वातावरण मन्त्रालयका लागि सिफारिसको बढ्दो सूचीमा जोड दिइएको देखिन्छ। उदाहरणका लागि वाइल्डलाइफ इन्स्टिच्युट अफ इन्डियासँग तयार पारिएको मार्च २०२५ को रिपोर्टले कोषको प्रश्नसँग जुध्न नदिई ७०५ नयाँ संरचना (जसमा ६५ अन्डरपास र २२ ओभरपास समावेश छन्) प्रस्ताव गरेको थियो। यसलाई अझ जटिल बनाउँदै जमिनमा निरन्तर समन्वयको कमी छ, जहाँ रेलवे, वन विभाग र स्थानीय प्रहरी प्रायः एकीकृत प्रतिक्रिया प्रणालीका रूपमा नभई संरचनामा काम गर्छन्।

फेब्रुअरीमा जब आठवटा प्रविधि फर्मका प्रतिनिधि हात्ती पत्ता लगाउने प्रणाली प्रदर्शन गर्न चक्रधरपुरमा अवतरण गरे, रेलवे अधिकारीका लागि धेरै आधारभूत आवश्यकता थियो- परीक्षणका लागि दुईवटा हात्तीको उपलब्धता। जमसेदपुर र राँचीका चिडियाखानाबाट जम्बोहरू प्राप्त गर्ने असफल प्रयासपछि अधिकारीले छनोट प्रक्रियामा चार महिना ढिलाइ गर्नुपऱ्यो, जसले गर्दा विभागीय सुस्ततालाई फेरि एकपटक ऊर्जागर गऱ्यो। रेलवे ट्र्याकबाट २० मिटरसम्म हात्तीको चाल पत्ता लगाउन डिजाइन गरिएको यो प्रविधिलाई रेल-हात्तीको टक्कर कम गर्ने सम्भावित उपकरणका रूपमा व्यापक रूपमा हेरिन्छ। तैपनि, यसको प्रयोग रोकिएको छ र यसको प्रभावकारिता निर्णायक रूपमा स्थापित हुन अझै बाँकी छ।

(शर्मा इकोनोमिक्स टाइम्सका वरिष्ठ सम्पादक हुन्)
(इकोनोमिक्स टाइमबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

के सिरिया एकताबद्ध रहिरहला ?

नयाँ शासनप्रति अल्पसंख्यक समुदायको अविश्वास र विदेशी हस्तक्षेपबिच देशलाई एकताबद्ध राखिरहन दमास्कस सरकारको क्षमताको हुँदै छ परीक्षण

केही दिनअघि सिरियाको अलाबी समुदायको सघन बसोवास रहेको क्षेत्रमा विद्रोह सुरु गर्नेसम्बन्धी रूपरेखा कोरिएको रेकर्डिङ तथा कागजात बाहिरियो । योजनामा हाल निर्वासनमा रहेका पूर्वराष्ट्रपति बसर अल-असदको सरकारमा काम गरेका कैयौँ उच्चपदस्थ अधिकारी संलग्न भएको देखिएको छ । बाहिर चुहिएका रेकर्डिङ र कागजातमा सिया अलाबी समुदायबाट लडाकु भर्ती गर्ने, हतियार आपूर्ति तथा भण्डारण गर्नेदेखि लडाकु परिवारलाई भुक्तानी हस्तान्तरण गर्नेसम्मका विषय समावेश छन् ।

यसै वर्ष मार्चमा अलाबी समुदायको बाहुल्य रहेको तटीय क्षेत्रमा एक सानो विद्रोह उठेको थियो । त्यसविरुद्ध सरकारले कारबाही गर्दा नागरिक, सरकारी सेना र अलाबी लडाकुसहित एक हजारभन्दा बढी मानिस मारिएका थिए । त्यसको केही महिनापछि यो नयाँ खुलासा बाहिरिएको छ ।

जुलाईमा फेरि सिरियाको दक्षिण भागमा ड्रुज समुदायको सघन बसोवास रहेको सुवैदामा उस्तै हिंसा भड्कियो । त्यहाँ सुन्नी समुदाय र ड्रुज सम्प्रदायआबद्ध मिलिसियाबिच साम्प्रदायिक हिंसा भएको थियो । सरकारी फौजले हिंसा रोक्न हस्तक्षेप त गऱ्यो, तर उसले सयौँ ड्रुज नागरिकको हत्या रोक्न सकेन । मार्च १० मा कुर्दबहुल 'सिरियन डेमोक्रेटिक फोर्सेस (एसडिएफ)'ले देशको राष्ट्रिय सेनामा समाहित गर्ने सम्झौतामा सहमति जनाएको थियो । तर, त्यसयता दुई समूहबिच पटक-पटक झडप भएका छन् । यी तीन द्वन्द्वले सिरियाका अल्पसंख्यक समुदायभित्रको नयाँ शासनप्रतिको असन्तुष्टिलाई प्रतिबिम्बित गर्छ । साथै अल्पसंख्यकको प्रभुत्व भएका भूभाग अलग हुने हुन् कि भन्ने चिन्तालाई पनि बढाएको छ । त्यसो भएमा बलियो सिरियाली राज्यको स्थापनाको सपनामा धक्का लाग्नेछ । तथापि, सही नीतिले यस विभाजनलाई रोक्न पनि सकिन्छ ।





● मार्बान काबालान

सिरियाली शिक्षाविद् तथा लेखक काबालान 'अरब सेन्टर फर रिसर्च एन्ड पोलिसी स्टडिज'मा नीति विश्लेषण निर्देशक हुन् ।

अलाबी सम्प्रदायको चुनौती

अलाबी सम्प्रदायमाझ विद्रोह उठाउने विषय समेटिएको पछिल्लो रेकर्डिङ र कागजातका चुहावटले पूर्वशासनका अवशेष अझै कुनै न कुनै रूपमा टाउको उठाउने योजनामा रहेको देखाउँछ । तथापि, यो तिनको आशा मात्र हुन सक्छ । अलाबी समुदायबाट रहेका बसर अल-असदले देश छाडेर भागेपछि स्तब्ध बनेको सिरियाका बहुसंख्यक अलाबी नयाँ शासन स्विकार्ने र नयाँ परिस्थितिमा अनुकूलन गर्ने प्रयास गरिरहेका छन् ।

कट्टरपन्थीको सानो समूहले पुरानो विरासत फर्कने कल्पना नगरेका होइनन् । सम्भवतः यो समूह अलाबीको सघन बसोवास रहेको तटीय क्षेत्रलाई अलग राज्य बनाउन चाहन्छन् । तर, यो महत्त्वाकांक्षा पनि बृहत्तर अलाबी समुदायमाझ त्यति लोकप्रिय छैन । आज अधिकांश अलाबीहरू आफूले भोगिरहेको आर्थिक अभाव र भौतिक असुरक्षा सम्बोधन होस् भन्न चाहन्छन्, बसर शासनको पुनर्स्थापना होइन । जस्तो गत महिना 'इस्लामिक अलावाइट काउन्सिल इन सिरिया एन्ड डायस्पोरा'का प्रमुख गजलले आमविरोधको आह्वान गरेका थिए । त्यसमा राजनीतिक उद्देश्यभन्दा समुदायको सामूहिक चिन्ता र गुनासाको अभिव्यक्त झल्किन्थ्यो ।

एक वर्षअघि बसरको शासन अन्त्य भएपछि धेरै सरकारी संस्था, अझ त्यसमा पनि विशेषतः अलाबी समुदायको अधिपत्य रहेको सेना र सुरक्षा निकायको विघटन गरिएको थियो । त्यस क्रममा रोजगारी गुमाएका कारण लाखौँ अलाबी परिवार गरिबीमा धकेलिन पुगेका छन् । अवकाशप्राप्तहरूले समेत एक वर्षभन्दा लामो समयतेदखि पेन्सन पाएका छैनन् । यस्तो माहोलामा अलाबी समुदाय विद्रोहमा उठिहाल्यो भने त्यो वैचारिक वा राजनीतिक महत्त्वाकांक्षाले भन्दा गरिबी र निराशाले प्रेरित हुनेछ । सरकारले यो अवस्था आउन रोक्ने हो भने आमनिराशालाई सम्बोधन गर्नुपर्छ । संक्रमणकालीन न्यायको अभावले तनावलाई अझ बढाउँछ । बसर परिवारको दशकौँ लामो शासनबाट पीडितहरू अहिले सो शासनमा प्रभावशाली रहेका अलाबी समुदायप्रति बदलापूर्ण हिंसामा उत्रिएका छन् ।

ड्रुज र कुर्दिस प्रतिरोध कायमै

सुवैदाको दक्षिणपश्चिम क्षेत्रको परिस्थिति झन् जटिल छ । त्यहाँ स्थानीय ड्रुज समुदायले त सरकारी फौजलाई आफ्नो क्षेत्रमा प्रवेश गर्न दिएको छैन । सार्वजनिक रूपमै इजरायलसँग सम्बन्ध भएका प्रमुख ड्रुज आध्यात्मिक नेता हिक्मत अल-हिजरीले नयाँ सरकारले आफ्नो समुदायलाई सुरक्षा दिने बताउँदै आएका छन् । तटीय क्षेत्रमा अलाबी समुदायमाथि भएको मार्चको नरसंहारपछि सरकारप्रतिको उनको आशंका झन् बलियो बन्यो । ग्रीष्ममा ड्रुज समुदायको एक मात्र राजनीतिक प्राधिकार घोषित भएका अल-हिजरीको विचारले निकै महत्त्व राख्छ ।

खासमा जुलाईमा सुन्नी लडाकुको समर्थन लिएर सरकारी सेनाले त्यस भेगमा नियन्त्रण लागू गर्न खोजेको थियो । त्यो असफल भएदेखि सुवैदा अहिले एक स्वायत्त क्षेत्रजस्तो छ । त्यति वेला अल-हिजरीले सरकार तथा सुन्नी समुदायबाट सुरक्षा दिन खुला रूपमा इजरायलसँग अपिल गरेका छन् । अपिलअनुरूप इजरायलले सैन्य हस्तक्षेप गर्दा दमास्कस पछाडि हट्न बाध्य भएको थियो । त्यसपछि अल-हिजरीको निगरानीमा गठन भएको 'नेसनल गार्ड'को नेतृत्व बसरकालीन शासनमा अधिकारीलाई दिइएको छ । त्यसको सञ्चालन खर्च इजरायलले व्यहोरिरहेको छ । ड्रुजबहुल क्षेत्र स्वतन्त्र हुनुपर्ने आवाज बढ्न थालेको छ ।

उत्तरपूर्वमा, दमास्कसले अर्को भयानक चुनौतीको सामना गरिरहेको छ । कुर्द नेतृत्वको सैन्य समूह सिरिया लोकतान्त्रिक शक्ति (एसडिएफ)ले राष्ट्रिय सेनामा समाहित हुन मार्च १० मा गरेको सम्झौता कार्यान्वयन गर्न आनाकानी गरिरहेको छ । उसलाई एक दशक लामो युद्धमा हासिल भएका राजनीतिक तथा सैन्य लाभ त्याग्न गाह्रो भएको छ । गत आइतबार मात्रै दमास्कसमा मार्च १० को सम्झौता कार्यान्वयन गर्ने सम्बन्धमा वार्ता भएको थियो । सो वार्ता असफल भएपछि एलेप्पोको कुर्दिसबहुल भेग र वरपर युद्ध भड्किएको छ । यसले देशलाई अर्को गृहयुद्धमा डुबाउने डर बढाएको छ । यसपटक युद्ध साम्प्रदायिक हुने खतरा छ । संयुक्त राज्य अमेरिकाले समर्थन गरेको र इजरायलसँग राम्रो सम्बन्ध भएको एसडिएफमा झन्डै ६० हजार लडाकु छन् । एसडिएफको पकडमा सिरियाको झन्डै एकतिहाइ क्षेत्र आउँछ, जुन भेगमा कुर्दहरूको एक स्वायत्त शासन प्रणालीले आकार लिँदै छ ।

एकता कायम राख्न चुनौती

विगत एक वर्षदेखि सिरिया फेरि गृहयुद्धमा फर्किन सक्ने भविष्यवाणी पटक-पटक विफल भएका छन् । तथापि, वर्तमान परिस्थिति निकै जटिल छ । अमेरिकाको निर्णायक समर्थनको अभाव, निरन्तर इजरायली हस्तक्षेपको चिन्ता र तटीय तथा सुवेदा भेगका अशान्तिबिच दमास्कस देशलाई पूर्ण रूपमा एकताबद्ध गर्न बलियोसँग अघि बढ्न सकेको छैन । अहिले न त अल्पसंख्यकसँग नयाँ सरकारलाई बलियो चुनौती दिन सक्ने क्षमता देखिन्छ, न दमास्कससँग तिनको चुनौतीलाई पूर्ण नियन्त्रण गर्न सक्ने शक्ति नै देखिन्छ । यस्तोमा सिरिया लामो समयसम्म गतिरोधमा फस्ने जोखिममा छ । यसले समयक्रममा साँच्चै देशलाई विभाजनतर्फ धकेल्न सक्छ ।

> उत्तरपूर्वमा दमास्कसले अर्को भयानक चुनौतीको सामना गरिरहेको छ । कुर्द नेतृत्वको सैन्य समूह एसडिएफले राष्ट्रिय सेनामा समाहित हुन १० मार्चमा गरेको सम्झौता कार्यान्वयन गर्न आनाकानी गरिरहेको छ ।

इजरायलले हालै सोमालिल्यान्डलाई अलग राज्यको मान्यता दिएको सन्दर्भलाई मनन गर्दा यसले सिरियामा पनि यस्तै रणनीति अपनाउन सक्छ भन्ने डर बढेको छ । यद्यपि, स्थिर र एकताबद्ध सिरिया चाहने बाह्य शक्ति नभएका भने होइनन् । आइएसआइएसको पुनरोदय र इरानी प्रभावको डरले अमेरिकाले मार्च १० को सम्झौता कार्यान्वयन गर्न एसडिएफ र दमास्कस सरकार दुवैलाई दबाब दिइरहेको छ । त्यस्तै, छिमेकी टर्कीएले पनि एसडिएफलाई आफ्नो अडान नरम पार्न र एकीकरणका सर्तमा सहमत हुन दबाब पनि दिइरहेको छ । अंकाराले त सिरियाबाट अलग्गिने प्रयास भए कुर्द फौजविरुद्ध सैन्य बल प्रयोग गर्ने धम्की दिएको छ । सिरियाली शरणार्थीको फिर्तीलाई सहज बनाउन जर्मनी र बेलायतलगायत धेरै युरोपेली देशले पनि सिरियालाई स्थिर बनाउने प्रयासलाई सघाइरहेका छन् । डिसेम्बरमा अमेरिकाले आइएस लडाकुका इलाकामा आक्रमण गरेको थियो भने भर्खरै बेलायत-फ्रान्सले संयुक्त रूपमा फेरि उक्त समूहलाई निसाना बनायो । यसले पनि सिरियाको स्थिरता र सुरक्षाप्रति पेरिस र लन्डनको पनि चासो रहेको देखाउँछ ।

तथापि, राष्ट्रपति अहमद अल-साराको सरकारले सिरियाको एकता र क्षेत्रीय अखण्डता कायम राख्न बाह्य समर्थनमा मात्र भर पर्न हुँदैन । समावेशी राजनीतिक प्रक्रिया सुरु गर्न, एकता सरकार गठन गर्न र सिरियाका राजनीतिक, जातीय र साम्प्रदायिक समूहको व्यापक सहभागितामा नयाँ संविधानको मस्यौदा तयार गर्न राष्ट्रिय संवादले अल्पसंख्याको विश्वास जित्न सकिन्छ ।

राष्ट्रिय मेलमिलापसँगै अन्तरदेशीय न्यायको प्रक्रिया सुरुवात गरिए १४ वर्ष लामो गृहयुद्धका क्रममा बनेको घाउ निको पार्न मद्दत पुग्नेछ । तटीय क्षेत्र, सुवेदा र उत्तरपूर्वमा अल्पसंख्यकप्रति केही मेलमिलापपूर्ण कदम चालिहाल्नुपर्छ । र, गरिबी न्यूनीकरण र बेरोजगारीलाई सम्बोधन गर्ने कार्यक्रम नल्याइए यी सबै उपायको प्रभाव कम हुनेछ । यी सबै नीतिलाई एकसाथ मिलाएर अघि बढेमा दमास्कसले देशमाथि इजरायलको दुष्ट योजनालाई निस्तेज पार्दै देशमा एकता कामय गर्न सक्छ ।

- अलजजिराबाट

इतिहासमा आज

जनवरी ११



सन् १९९० : २७ वर्ष लामो जेल जीवनपछि आजकै दिन दक्षिण अफ्रिकाका अश्वेत तथा रंगभेदविरोधी नेता नेल्सन मन्डेला रिहा भए । नेता मन्डेलाको रिहाइ दक्षिण अफ्रिकामा रंगभेदबाट प्रजातान्त्रिक कदममा एउटा संक्रमणकालीन समय थियो । रिहाइलगत्तै मन्डेलाले तत्कालीन राष्ट्रपति एफडब्लु डी क्लर्कसँग वार्ता गरेका थिए । त्यसपछि दक्षिण अफ्रिकामा रंगका आधारमा हुने विभेद अन्त्य भएको घोषणा गरिएको थियो ।

सन् १९४२ : जर्मन तानाशाह एडोल्फ हिटलरले दोस्रो विश्वयुद्धका क्रममा उत्तर अफ्रिकामा जारी मित्रशक्ति इटलीको युद्ध अभियानलाई सघाउन आफ्नो सेनालाई निर्देशन दिए ।

सन् १९७५ : मार्गरेट थ्याचर ब्रिटिस कन्जर्भेटिभ पार्टीको पहिलो महिला नेतृ बनिन् । थ्याचरले सन् १९७९ मा भएको आमनिर्वाचनमा विजयी भएपछि बेलायतकी प्रधानमन्त्री बनिन् । उनी युरोपकै पहिलो महिला प्रधानमन्त्री हुन् ।

सन् १९७९ : आयोतोल्लाह खमेनीले इरानमा शक्ति नियन्त्रणमा लिए । फ्रान्सको निर्वासनबाट भव्य स्वागतका साथ स्वदेश फर्किएको केही दिनपछि इरानी सेनाले आत्मसमर्पण गरेको थियो ।

सन् १९८९ : विश्वका १४० देशले रासायनिक हतियार प्रतिबन्ध लगाउने विषयमा सहमति जनाए ।

सन् १९९१ : अमेरिकी कंग्रेसले इराकमाथि आक्रमण घोषणा गर्ने अधिकार राष्ट्रपतिलाई प्रदान गऱ्यो ।

सन् २००७ : चर्चित उपन्यासकार जेके रोलिङले उनको चर्चित उपन्यास शृंखला हयारी पोटरको अन्तिम अर्थात् सातौँ भाग आजकै दिन पूरा गरिन् ।

सन् २०११: ३० वर्षसम्म सत्तामा रहेका होस्नी मुबारक थेग्ने नस्कने आन्दोलनपछि सन् २०११ को ११ फेब्रुअरीमा इजिप्टको राष्ट्रपतिबाट राजीनामा दिन बाध्य भए । अरब क्रान्तिको एउटा अंशको रूपमा इजिप्टमा फैलिएको आम प्रदर्शनपछि मुबारकले जनताको शक्तिसामु घुँडा टेकेका थिए ।

सन् २०२० : ताइबानमा सम्पन्न निर्वाचनमा साई इङ वेन दोस्रोपटक निर्वाचित भइन् । चीनविरोधी साईको यस जितले मूलभूमिसँगको ताइबान सम्बन्ध थप तनावपूर्ण बन्यो ।

म्यानमारमा जुन्तासमर्थित युएसडिपीलाई अग्रता

यांगुन / म्यानमारको सेना समर्थित युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी (युएसडिपी)ले विवादास्पद आमचुनावको पहिलो चरणमा अग्रता लिएको छ । पहिलो चरणमा ५६ निर्वाचन क्षेत्रमा जुन्तासमर्थित पार्टीले अपेक्षा गरेअनुसार फराकिलो अन्तरले जित हासिल गरेको देखाएको छ । २०२१ को 'कु'पछिको पहिलो मतदानमा सत्तारुढ जुन्ताले मतदानले गरिब दक्षिणपूर्वी एसियाली राष्ट्रमा राजनीतिक स्थिरता ल्याउने बताएको छ । नतिजाले अवकाशप्राप्त जनरलहरूको नेतृत्वमा रहेको युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी (युएसडिपी) ले प्यिथु ह्लुट्टाब (तल्लो सदनमा) ४० मध्ये ३८ सिट जितेको देखाएको छ । सान नेसनालिटिज डेमोक्रेटिक पार्टी, जसलाई ह्वाइट टाइगर पार्टी पनि भनिन्छ र मोन युनिटी पार्टी (एमयुपी)ले एक-एक सिट पाए ।

सेनाद्वारा छनोट गरिएका प्रतिस्पर्धीको कम क्षेत्रमध्ये युएसडिपीले पहिलो-अतिथि-पोस्ट प्रणालीमा गणना गरिएका १५ क्षेत्रीय सिटमध्ये १४ सिट पनि जितेको छ भने अखा राष्ट्रिय विकास पार्टीले एउटा जितेको छ । माथिल्लो सदनमा सान नेसनालिटिज डेमोक्रेटिक पार्टी र मोन युनिटी पार्टीले एक-एक सिट जितेका छन् । जुन्ताविरोधी राजनीतिक दलहरू चुनावमा सहभागी नभएको चुनावको संयुक्त राष्ट्र संघ, केही पश्चिमा देश र मानव अधिकार समूहले आलोचना गरेका छन् ।



चुनावको अन्तिम नतिजाका लागि कुनै मिति तोकिएको छैन । निर्वाचन प्यानलले पहिलो चरणमा मतदान हुने कुल निर्वाचन क्षेत्रको संख्या खुलाएको छैन, बरु निर्वाचन क्षेत्रदर-निर्वाचन क्षेत्रको आधारमा आंशिक नतिजा जारी गर्ने विकल्प रोजेको छ । बुधबार जुन्ताले पहिलो चरणमा ५२ प्रतिशत मतदाताले मतदान गरेको बताएको थियो । यद्यपि, अमेरिकामा आधारित गैरनाफामुखी संस्था इन्टरनेसनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम्सका अनुसार यो २०२० र २०१५ मा भएको आमचुनावमा लगभग ७० प्रतिशत मतदानभन्दा कम थियो । जनवरी ११ र २५ मा हुने भनिएको दुई चरणको मतदान म्यानमारको ३३० टाउनसिपमध्ये २६५ मा हुनेछ, जसमध्ये केहीमा जुन्ताको पूर्ण नियन्त्रण छैन । २०२० मा भारी मतले चुनाव जितेको महिनौँपछि सेनाले पदच्युत गरेकी नोबेल शान्ति पुरस्कार विजेता आङ सान सुकी अझै पनि हिरासतमा छिन् ।

भेनेजुएलामा 'ट्रम्प डक्ट्रिन'





● रिचर्ड हास

विदेश सम्बन्ध परिषद्का अध्यक्ष हास सेन्टरभ्यु पार्टनर्सका वरिष्ठ सल्लाहकार र न्युयोर्क विश्वविद्यालयका प्राज्ञ हुन् ।

निकोलस मदुरो अहिले भेनेजुएलाका पूर्वराष्ट्रपति भएका छन्, जो अमेरिकी हिरासतमा कैद छन् । यद्यपि, अमेरिकी विशेष बलबाट भएको उनको बर्खास्ती 'अन्त्यको सुरुवातभन्दा पनि सुरुवातको अन्त्य'को रूपमा बुझ्न सकिन्छ । निश्चित रूपमा भेनेजुएला वा अन्त कतै थोरैले मात्र मदुरोको बर्खास्तीमा शोक गर्लान् । उनी एक निरंकुश थिए, जसले सन् २०१८ र २०२४ को निर्वाचनमा धाँधली गरेर परिणाम आफ्नो पक्षमा पारे । उनको शासनमा जनतामाथि व्यापक दमन भएको थियो । देशमा विशाल तेल भण्डार हुँदाहुँदै पनि देशको अर्थतन्त्रलाई रसातलमा पुऱ्याए र लागुपदार्थको तस्करी गरे । तर, यसको मतलब अमेरिकाको सैन्य कारबाही आवश्यक र सही थियो भन्ने होइन ।

वास्तवमा, यो वैधानिकताको प्रश्न पनि थियो । यसको रणनीतिक मूल्य पनि शंकास्पद थियो, मदुरोले संयुक्त राज्य अमेरिकाका लागि तत्काल खतरा निम्त्याउन सकेनन् । यो इच्छाले गरिएको सैन्य कारबाही थियो, आवश्यकताले होइन ।

यो अप्रेसन र सन् १९८९ मा राष्ट्रपति जर्ज एच डब्लु बुसले पानामाका शक्तिशाली राजनीतिज्ञ म्यानुएल नोरिएगालाई सत्ताबाट हटाउन सुरु गरेको अप्रेसनबिच केही सतही समानता छन् । तर, नोरिएगाविरुद्ध बलियो कानुनी मुद्दा थियो, जसमा लागुपदार्थ मात्र नभई एक अमेरिकी सैनिकको हत्या पनि समावेश थियो । साथै, पनामामा तैनाथ अन्य अमेरिकी सैन्य कर्मचारीलाई खतरा र पानामा नहरको सुरक्षाबारे जायज चिन्ता थिए । भेनेजुएलालाई लक्षित गर्ने छनोटले राष्ट्रपति डोनाल्ड ट्रम्पको मनसाय प्रकट गर्छ । सैन्य कारबाहीपछि आफ्नो पत्रकार सम्मेलनमा ट्रम्पले सुझाव दिएको मुख्य प्राथमिकता भनेको भेनेजुएलामा रहेको विश्वको सबैभन्दा ठुलो तेल भण्डारमा अमेरिकी पहुँच थियो । दोस्रो उद्देश्यमा लागुपदार्थको व्यापारमा भेनेजुएलाको संलग्नता अन्त्य गर्नु, देश छाडेर गएकाहरूलाई घर फर्कन मद्दत गर्नु र क्युबामाथिको दबाबलाई कडा पार्नु समावेश थियो । क्युबा आफ्नो संघर्षरत प्रतिबन्धित अर्थतन्त्रलाई बलियो बनाउन भेनेजुएलाबाट अनुदानमा प्राप्त तेलमा अत्यधिक धेरै निर्भर छ ।

तर, अमेरिकी अप्रेसन सफल भएको घोषणा गर्नु अति नै हतार हुनेछ । कुनै व्यक्तिलाई सत्ताबाट हटाउनु एउटा कुरा हो । कुनै शासनलाई हटाउनु र त्यसलाई अझ सौम्य र टिकाउ विषयले प्रतिस्थापन गर्नु अर्को फरक र अझ कठिन काम हो । अब भेनेजुएलाको सन्दर्भमा पूर्वविदेशमन्त्री कोलिन पावेलको 'पोटरी बार्न नियम' लागू हुन्छ, जसको अर्थ हो- अर्को देशको सत्ता ढालेर त्यहाँको स्वामित्व आफूले लिने । ट्रम्प प्रशासनले अहिले भेनेजुएलाको सत्ता ढालेको छ र अब त्यहाँको प्राकृतिक सम्पदाको स्वामित्वमा दाबी गर्नेछ ।

ट्रम्पले घोषणा गरेका छन् कि अमेरिकाले 'भेनेजुएलामाथि शासन गर्नेछ '। विवरणहरू दुर्लभ छन् र यसका लागि कब्जा गर्ने सेना चाहिन्छ कि चाहिँदैन भन्ने कुरा स्पष्ट छैन । एउटा कुरा स्पष्ट छ, कम्तीमा अहिलेका लागि ट्रम्प प्रशासनले विपक्षीलाई सशक्त बनाउनुको सट्टा विद्यमान शासनका अवशेषसँग काम गर्न रुचाउँछ, यसले मदुरोका उपराष्ट्रपतिसँग समझदारीमा पुगेको देखिन्छ, जो अहिले सरकारको नेतृत्व गरिरहेकी छिन् । यो लोकतन्त्रलाई प्रवर्द्धन गर्ने र मानव अधिकारको रक्षा गर्ने इच्छाले होइन, व्यावसायिक लाभको सम्भावनाबाट प्रेरित नीतिसँग मिल्दोजुल्दो छ । त्यसो त ट्रम्पले भेनेजुएलाकी अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजलाई पनि चेतावनी दिइसकेका छन् । अमेरिकी चेतावनीपछि वासिंटनसँग सहकार्य गर्न तयार रहेको रोड्रिगेजले बताएकी छिन् । दबाबबिच उनलाई अमेरिकाले कठपुतली बनाउनेमा कुनै शंका छैन ।

> भेनेजुएलाको सन्दर्भमा पूर्वविदेशमन्त्री कोलिन पावेलको 'पोटरी बार्न नियम' लागू हुन्छ, जसको अर्थ हो- अर्को देशको सत्ता ढालेर त्यहाँको स्वामित्व आफूले लिने । ट्रम्प प्रशासनले अहिले भेनेजुएलाको सत्ता ढालेको छ र अब त्यहाँको प्राकृतिक सम्पदाको स्वामित्वमा दाबी गर्नेछ ।

सबै सम्भावित समस्यालाई पन्छाउन सकिन्छ, तर मुख्य समस्या (क्रमबद्ध रूपमा विघटन) लाई स्पष्ट रूपमा स्वीकार गर्नुपर्छ । आगामी दिनमा मदुरो शासन समर्थक तत्त्वहरू सक्रिय हुनेछन् । विपक्षीहरू एकताबद्ध भएकाले प्रतिरोध गर्न सक्छन् । यस्ता अज्ञात कुराले अमेरिकाका लागि कठिन नीतिगत छनोट खडा गर्न सक्छ कि यदि तिनीहरू नियन्त्रणबाहिर गए भने यसले कठिनाइ निम्त्याउँछ ।

यो अप्रेसनले ट्रम्पको विदेश नीतिको सारलाई समेट्छ । यो यसको मूल नीतिमा एकतर्फी थियो । यसले वैधानिकता वा अन्तर्राष्ट्रिय रायलाई थोरै मात्र ध्यान दियो । यसले युरोप, इन्डो-प्यासिफिक वा मध्यपूर्वको सट्टा पश्चिमी गोलार्धलाई जोड दियो । लक्ष्य व्यावसायिक लाभ थियो, लागुपदार्थ र आप्रवासनसम्बन्धी चिन्ता प्रतिबिम्बित गर्दै अमेरिकी मातृभूमि सुरक्षालाई बलियो बनाउनु र अन्ततः तेल भण्डारमा असीमित पहुँच बढाउनु । सैन्य बल प्रयोग गरिएको थियो, तर सीमित तरिकाले ।

विश्वकै ठुलो तेल भण्डारण रहेको भेनेजुएलामा अमेरिका आफ्नो स्वार्थ पूरा गर्न चाहन्छ । भेनेजुएला अप्रेसनको सबैभन्दा ठुलो नकारात्मक पक्ष यसले स्थापित गरेको उदाहरण हुन सक्छ, जसले ठुला शक्तिहरूको आफ्नो घरको आँगनमा अवैध वा खतरा ठान्ने नेताविरुद्ध हस्तक्षेप गर्ने अधिकारलाई पुष्टि गर्छ । युक्रेनलाई 'नाजीकरणबाट मुक्ति' र राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीलाई हटाउन आह्वान गरिरहेका रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सहमतिमा टाउको हल्लाएको कल्पना मात्र गर्न सकिन्छ । भेनेजुएलामा ट्रम्पको सैन्य अप्रेसनले रुस-युक्रेन युद्धको अन्त्यलाई पहिलेभन्दा अझ टाढा बनाउँछ ।

ताइबानलाई आफ्नो अभिन्न प्रान्त र त्यहाँको सरकारलाई अवैध मान्ने चीनमा पनि यस्तै प्रतिक्रिया आउने सम्भावना छ । यसको अर्थ राष्ट्रपति सी जिनपिङले अचानक ताइबानका लागि आफ्नो महत्त्वाकांक्षामा काम गर्नेछन् भन्ने होइन । तर, भेनेजुएलामा भएका घटनाले टापुमा आक्रमण, घेराबन्दी वा अन्यथा जबर्जस्ती गरेमा उनी सफल हुनेछन् भन्ने उनको आत्मविश्वास बढाउन सक्छ ।

मदुरोलाई हटाउने कारबाहीले स्पष्ट पार्छ कि हालै जारी गरिएको अमेरिकी राष्ट्रिय सुरक्षा रणनीतिलाई गम्भीरतापूर्वक लिनुपर्छ र ट्रम्प प्रशासनले पश्चिमी गोलार्धलाई अमेरिकी हितलाई प्राथमिकता दिने क्षेत्रको रूपमा हेर्छ । रुस र चीनले यसलाई ट्रम्पले प्रभावका क्षेत्रमा विभाजित संसारको आफ्नो दृष्टिकोण साझा गर्ने संकेतको रूपमा स्वागत गर्नेछन्, जहाँ युरोप र इन्डो-प्यासिफिकमा क्रमशः मस्को र बेइजिङका सरकारको हात छ । ८० वर्षदेखि टिकेको विश्वव्यापी व्यवस्था तीन क्षेत्रीय व्यवस्थाले प्रतिस्थापन गर्ने संघरमा छ, जुन व्यवस्थित वा स्वतन्त्रबाहेक अरू केही हुन सक्छ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २७ पुस ०८२


नेपालीको खर्च आम्दानीभन्दा धेरै

नेपालीको औसत प्रतिवर्ष आम्दानी ८७ हजार आठ सय र खर्च एक लाख ४० हजार एक सय, कमाएर पैसा बचत गर्ने समय २० वर्ष मात्रै

तथ्यांक कार्यालयका निर्देशक दिनेश भट्टराई भन्छन्-



नेसनल ट्रान्सफर एकाउन्टमा नेपालको अवस्था सन्तोषजनक देखिएन। समग्र जीवनचक्रमा नेपालीले आम्दानी गर्न सक्ने अवस्था २० वर्ष मात्रै देखियो, यो अत्यन्त न्यून हो। त्यसमा पनि श्रम आम्दानीभन्दा उपभोग धेरै देखियो। यो हामीले पहिलोपटक तयार गरेको तथ्यांक हो। यसमा घाटालाई कसरी पूर्ति गरिएको छ भनेर विश्लेषण गरिएको छैन। सम्भवतः त्यसमा रेमिट्यान्सको हिस्सा धेरै हुन्छ होला।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालीको जीवनचक्रमा आम्दानीभन्दा उपभोग अर्थात् खर्च धेरै देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालय पहिलोपटक तयार गरेको 'नेसनल ट्रान्सफर एकाउन्ट'सम्बन्धी प्रतिवेदनले नेपालीको आम्दानीभन्दा उपभोग खर्च धेरै देखाएको हो। यो प्रतिवेदन आर्थिक वर्ष ०७८/७९ लाई आधारवर्ष मानी तयार गरिएको हो।

तथ्यांक कार्यालयको प्रतिवेदनअनुसार नेपालीको औसत प्रतिवर्ष श्रम आम्दानी ८७ हजार आठ सय १४ रुपैयाँ छ। तर, औसत प्रतिवर्ष उपभोग भने एक लाख ४० हजार एक सय ७० रुपैयाँ छ। यसरी वर्षमा नेपालीको आम्दानीभन्दा उपभोग ५२ हजार तीन सय ६६ रुपैयाँ बढी देखिएको छ। अर्थात् वार्षिक जीवनचक्र अभाव (डेफिसिट) ५२ हजार तीन सय ६६ रुपैयाँ छ।

उमेर समूहअनुसार २४ वर्षसम्म वार्षिक ९३ हजार तीन सय ४८ रुपैयाँ, २५ देखि ६४ वर्षसम्ममा वार्षिक सात सय २४ रुपैयाँ र ६५ वर्षमाथि वार्षिक एक लाख १० हजार चार सय ६८ रुपैयाँ घाटा छ।

२४ वर्षसम्म वार्षिक २७ हजार पाँच हजार ४८, २५ देखि ६४ वर्षसम्ममा वार्षिक एक लाख ५८ हजार ६ सय ३१ र ६५ वर्षमाथि वार्षिक ३६ हजार आम्दानी हुने गरेको देखिएको छ। खर्चतर्फ भने २४ वर्षसम्म वार्षिक एक लाख २० हजार आठ सय ९५, २४-६४ वर्षसम्म वार्षिक एक लाख ५९ हजार तीन सय ३५ र ६५ वर्षमाथि एक लाख ४६ हजार चार सय ८८ रुपैयाँ हुने गरेको छ। जीवनचक्रमा हुने गरेको घाटा कसरी पूर्ति भएको छ भन्ने विषयमा भने कार्यालय अध्ययन गरेको छैन।

के-केमा कति खर्च ?

एकजनाले नेपालीको वार्षिक खर्च एक लाख २५ हजार आठ सय २४ रुपैयाँ छ। त्यसमा शिक्षामा आठ हजार दुई सय ९२ रुपैयाँ, स्वास्थ्यमा एक हजार ७७ रुपैयाँ र अन्य एक लाख १६ हजार चार सय ५५ रुपैयाँ छ।

सार्वजनिक खर्च अर्थात् सरकारले गरिदिने खर्च भने वार्षिक १४ हजार तीन सय ५५ रुपैयाँ छ। त्यसमा शिक्षामा तीन हजार दुई सय ९१ रुपैयाँ, स्वास्थ्यमा एक हजार नौ सय ७९ रुपैयाँ र अन्यमा नौ हजार ८५ रुपैयाँ छ।

नेपालको वार्षिक जीवनचक्र घाटा १५ खर्ब २७ अर्ब

नेपालको कुल वार्षिक औसत जीवनचक्र घाटा १५ खर्ब २७ अर्ब २१ करोड ९० लाख रुपैयाँ देखिएको छ। ०७८ को जनगणनाअनुसार नेपालको जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ छ।

आधार वर्ष ०७८/७९ मा नेपालीको कुल श्रम आम्दानी २५ खर्ब ६१ अर्ब चार करोड ७० लाख छ। खर्च भने ४० खर्ब ८८ अर्ब दुई सय ६६ छ। यसरी आधार वर्ष ०७८/७९ मा देशको कुल उपभोगभन्दा श्रम आम्दानी कम छ। अर्थात्, आव ०७८/७९ मा १५ खर्ब २७ अर्ब २१ करोड जीवनचक्र अभाव देखिएको छ।

'समग्रमा उपभोग र श्रम आम्दानीबिच तुलनात्मक रूपमा ठुलो अन्तर देखिन्छ। देशको कुल उपभोगभन्दा कुल श्रम आम्दानी कम भएकाले ठुलो जीवनचक्र घाटा रहेको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ।

जीवनमा बचत हुने समय २० वर्ष मात्रै

प्रतिवेदनअनुसार नेपालीले आफ्नो जीवनभरमा २० वर्ष मात्रै कमाएको पैसा बचत गर्न सकेका छन्। २७ देखि ४६ वर्ष उमेरमा मात्रै उपभोगभन्दा आम्दानी धेरै देखिएको छ।

नेपालीको औसत आयु ७१.३ वर्ष छ। नेपालीले नौ वर्षदेखि नै आम्दानी गर्न सुरु गरेर ८९ वर्षसम्म पनि कमाएको प्रतिवेदनले देखाउँछ। तर, २७ देखि ४६ वर्षको बिचमा हुने आम्दानीबाट बचत हुने गरेको तथ्यांकमा उल्लेख छ। त्यसपछिको अवस्थामा आम्दानी घट्दै गएको देखिन्छ। त्यो वेलामा पुरानै बचत वा अन्य माध्यमबाट खर्च धान्नुपर्ने स्थिति नेपालीको छ। २६ वर्षसम्मको हकमा भने परिवारबाटै स्रोत जुटाउनुपर्ने देखिन्छ।

अमेरिकामा २८ देखि ६१ वर्षसम्मका उमेर समूहले आम्दानीबाट बचत गर्न सकेका छन्। भारतमा पनि २६ देखि ६० वर्षसम्म उमेर समूहकाले आम्दनीबाट बचत गर्न सकेका छन्। त्यसको तुलनामा नेपालमा आम्दानी गरेर बचत गर्ने अवधि कम देखिएको छ।

■ किन आयो यस्तो अवस्था ?

'नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ ले नेपालको बेरोजगारी दर ११.४ प्रतिशत देखाएको छ। बेरोजगारीका कारण उपभोग र श्रम आर्यबिच ठुलो खाडल स्थापित भएको छ भन्ने आधार स्पष्ट हुन्छ। अर्थात्, यथोचित रोजगार उपलब्ध नभएको अवस्थामा न्यून तलब र स्वरोजगारको सीमित आम्दानीले गर्दा श्रम आम्दानी आवश्यक आधारभूत उपभोग पूरा गर्न पर्याप्त हुन सकेको छैन,' प्रतिवेदनमा भनिएको छ।

नेपालले जनसंख्याको लाभ लिन नसकेको पनि प्रतिवेदनमा उल्लेख छ। 'नेपालमा १५ देखि ६४ वर्षका काम गर्न सक्ने उमेर समूह कुल जनसंख्याको ६५ प्रतिशत रहेको छ, जसले आर्थिक वृद्धिका लागि प्रशस्त सम्भावना देखाउँछ। श्रम बजारमा श्रम सहभागिता दर ३८.५ प्रतिशत मात्र छ भने युवा बेरोजगारी १२.७ प्रतिशत रहेको छ। बेरोजगारीको यो अवस्थाले नेपालमा सिप विकास र रोजगारी सिर्जना कार्यक्रमको अविलम्ब अभिवृद्धि गर्नुपर्ने आवश्यकता प्रस्तुत गर्छ। देशको कुल उपभोगभन्दा श्रम आम्दानी निकै कम छ। काम गर्ने उमेर समूहको हिस्सा बढी भए तापनि सीमित रोजगारी र सिप असमानताले युवा बेरोजगारी बढाइरहेको छ,' प्रतिवेदनमा भनिएको छ।

वैदेशिक रोजगारीमा युवा जाँदा पनि देशभित्रको आर्थिक क्रियाकलाप फस्टाउन नसकेको प्रतिवेदनमा उल्लेख छ। 'काम गर्ने उमेर समूहको उल्लेखनीय हिस्सा वैदेशिक रोजगारमा रहेका कारण देशभित्रको आर्थिक क्रियाकलाप अपेक्षित रूपमा फस्टाउन सकेका छैनन्। समयसापेक्ष प्रविधिलाई भित्र्याउन सकिएको अवस्था देखिँदैन। शिक्षा क्षेत्रमा सार्वजनिक लगानी कम भएकाले शैक्षिक पहुँचमा असमानता कायम रहेको छ। वृद्ध जनसंख्याको बढ्दो हिस्साले दीर्घकालीन समयमा पेन्सन र स्वास्थ्य नीतिमा चुनौती बढ्दै जाने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'साथै, अबको २३ वर्षपछि श्रमशक्ति क्रमशः घट्दै जाने भएकाले निवृत्त जीवनको सुरक्षा, स्वास्थ्य खर्च व्यवस्थापन र वृद्धका लागि सामाजिक सुरक्षाका थप नीति तथा कार्यक्रम आवश्यक देखिन्छ।'

कार्यालयका निर्देशक दिनेश भट्टराईले नेसनल ट्रान्सफर एकाउन्टमा नेपालको अवस्था सन्तोषजनक नदेखिएको बताए। 'समग्र जीवनचक्रमा नेपालीले आम्दानी गर्न सक्ने अवस्था २० वर्ष मात्रै देखियो, यो अत्यन्त न्यून हो। त्यसमा पनि श्रम आम्दानीभन्दा उपभोग धेरै देखियो,' उनले भने, 'यो हामीले पहिलोपटक तयार गरेको तथ्यांक हो। यसमा घाटालाई कसरी पूर्ति गरिएको छ भनेर विश्लेषण गरिएको छैन। अबको अध्ययनमा यस्तो घाटालाई कसरी पूर्ति गरिएको छ भनेर हेर्नेछौं। सम्भवतः त्यसमा रेमिट्यान्सको हिस्सा धेरै हुन्छ होला।' यस्तै, अन्तरपुस्ता दायित्व, पैतृक सम्पत्ति, पेन्सनको माध्यमबाट पनि घाटाको पूर्ति भएको हुन सक्ने उनको भनाइ छ।

अब सरकारले यसकै आधारमा उपयुक्त नीति ल्याउनुपर्ने उनले बताए। 'अब विद्यार्थीको हकमा आफैं कमाउन आफैं पढ भनेर पनि नीति ल्याउनुपर्छ होला। विदेशमा जसरी १८ वर्षदेखि आफ्नो दायित्व आफैं लिनु भनेर सन्तानलाई भन्नुपर्छ। समग्रमा बचत हुने समय बढाउनुपर्छ। २० वर्षदेखि ६० वर्षसम्मको आम्दानीबाट बचत हुने अवस्था गराउन सकियो भने धेरै राम्रो हुन्छ,' उनले भने, 'तर, त्यसका लागि सरकारले उपयुक्त नीति ल्याउनुपर्छ।'

यो तथ्यांकले मानव पुँजी निर्माणमा सरकारी प्रयासको दायरा वृद्धि गर्न मार्गदर्शन गर्ने कार्यालयको भनाइ छ। 'साथै, नेपालको काम गर्ने उमेर समूहको श्रम बजार सहभागिता अभिवृद्धि गर्न, सिप विकासलाई प्रवर्द्धन गर्न तथा सामाजिक सुरक्षा प्रणालीमा सुधार गर्नुपर्ने आवश्यकतालाई यस अनुमानले स्पष्ट दिशानिर्देश गर्छ,' प्रतिवेदनमा भनिएको छ।

साढे १३ अर्ब नाफा कमाएको आयल निगमले आइपिओ ल्याउने



नयाँ पत्रिका

गत आर्थिक वर्ष ०८१/८२ मा साढे १३ अर्ब नाफा कमाएको नेपाल आयल निगमले सर्वसाधारणलाई प्राथमिक सेयर दिने तयारी थालेको छ। सरकारी स्वामित्वको निगमलाई पब्लिक लिमिटेडमा रूपान्तरण गरेर आइपिओ जारी गर्ने तयारी गरिएको हो।

निगमका कार्यकारी निर्देशक डा. चन्डिकाप्रसाद भट्टले आइपिओ जारी गर्ने विषयमा अध्ययन भइरहेको बताए। शनिबार काठमाडौंमा आयोजित निगमको ५६औं वार्षिकोत्सवमा आर्थिक सफलता र भावी योजनाका विषयमा बोल्दै उनले आर्थिक रूपमा सबल बन्दै गएको कम्पनीले हिस्सेदार सर्वसाधारणलाई समेत बनाउने योजना उनले सुनाएका हुन्।

कार्यकारी निर्देशक भट्टका अनुसार गत आर्थिक वर्षमा निगमले तीन खर्ब ६७ अर्ब रुपैयाँको कुल कारोबार गरेको छ। यस अवधिमा निगमले १३ अर्ब ६७ करोड खुद नाफा कमाएको उनले बताए। निगमले एक खर्ब २४ अर्ब रुपैयाँ राजस्व योगदान गरेको छ। ०७१ सालमा सुरु गरिएको 'स्वचालित मूल्य प्रणाली' नै निगमको इतिहासमा सबैभन्दा महत्त्वपूर्ण कोसेढुंगा साबित भएको र यसैका कारण निगम आर्थिक रूपमा मजबुत बनेको कार्यकारी निर्देशक भट्टले बताए।



सुरक्षा जोखिममा रहेका सिनामंगल, भैरहवा र धनगढीका डिपोहरू स्थानान्तरण गरिने उनले बताए। कर्णालीमा नयाँ डिपो निर्माणको प्रक्रिया सुरु गरिएको छ। दुर्गमका ३७ स्थानमा नयाँ पेट्रोलपम्प खोलेर बोतलको महँगो इन्धन किन्नुपर्ने बाध्यता अन्त्य गर्ने लक्ष्य लिएको उनले बताए।

■ सिलगुडी-चारआली र मोतीहारी-सर्लाही पाइपलाइन अघि बढ्दै

निगमले पछिल्ला वर्षमा पूर्वाधार विकासमा उल्लेख्य उपलब्धि हासिल गरेको बताएको छ। मोतीहारी-अमलेखगन्ज ७२ किलोमिटर पेट्रोलियम पाइपलाइन र अमलेखगन्जमा १७ हजार किलोलिटर क्षमताको भण्डारगृह सञ्चालनमा आइसकेको छ। यसबाट दुवानी खर्च बचत भई उपभोक्ताले प्रतिलिटर दुई रुपैयाँ सस्तोमा इन्धन पाउन सम्भव भएको डा. भट्टको भनाइ छ। यसैगरी, पोखरामा तीन हजार ६ सय किलोलिटर क्षमताको हवाई इन्धन भण्डारगृह निर्माण सम्पन्न भएको छ। 'प्रविधितर्फ निगमले अमलेखगन्ज, भैरहवा र थानकोट डिपोमा 'फ्लो मिटर' जडान गरेर तेल चोरी र चुहावट नियन्त्रणमा पारदर्शिता ल्याएको छ,' उनले भने, 'इआरपी प्रणालीमार्फत व्यवसायीले मोबाइलबाटै तेल अर्डर गर्न सक्ने व्यवस्था मिलाइएको छ, जसले मानवीय हस्तक्षेप घटाएको छ।' पूर्वाधारतर्फ सिलगुडी-चारआली र मोतीहारी-सर्लाही एलपिजी पाइपलाइन निर्माणका लागि भारतीय पक्षसँग छलफल अघि बढाइएको कार्यकारी निर्देशक भट्टले बताए।

■ क्लिन इनर्जीको व्यापारमा लाग्ने योजना

निगमले परम्परागत इन्धनको व्यापारका साथै क्लिन इनर्जीमा समेत हात हाल्ने भएको छ। निगमले अब परम्परागत इन्धनको व्यापारबाट माथि उठेर क्लिन इनर्जी र विविधीकरणतर्फ लाग्ने योजना बनाएको उनले बताए। 'यसअन्तर्गत पेट्रोलमा इथानोल मिसाउने सरकारको नीतिलाई यसै वर्षदेखि कार्यान्वयनमा लगिनेछ भने काठमाडौं विश्वविद्यालयसँगको सहकार्यमा हरित हाइड्रोजनको व्यवसायीकरण गरी सन् २०४५ सम्मको शून्य कार्बन उत्सर्जनको लक्ष्यमा सघाउ पुऱ्याइनेछ,' उनले भने।

■ सेवा प्रवाहमा सुधार ल्याउन मन्त्री सिन्हाको निर्देशन

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले सेवा प्रवाहमा सुधार ल्याउन नेपाल आयल निगमलाई निर्देशन दिएका छन्। शनिबार आयोजित निगमको ५६औं वार्षिक उत्सवमा बोल्दै उनले सेवा प्रवाह र संस्थागत विकासमा सुधार गर्न निर्देशन दिएका हुन्।

उनले पेट्रोलियम पदार्थको आयात, भण्डारण र बिक्रीको एकाधिकारको लाभबाट मात्रै संस्था अघि बढ्न नसक्ने उल्लेख गर्दै निगमलाई सबल, प्रतिस्पर्धी र व्यावसायिक बन्न आग्रह गरे। निगम सञ्चालक समितिका अध्यक्ष एवं वाणिज्य सचिव डा. रामप्रसाद घिमिरेले पेट्रोलियम पदार्थको आपूर्ति चुस्त बनाउनुपर्ने बताए। उनले समयको मागअनुसारको सेवा प्रवाहमा निगम निपुण हुनुपर्ने बताए। एलपी ग्यास उद्योग संघका अध्यक्ष शिव घिमिरेले एलपी ग्यासमा अपेक्षित सुधार हुन नसकेको बताए। उनले एलपी ग्यासमा ठुलो रकम खर्च भइरहेको उल्लेख गर्दै सिमरामा भण्डारण गरी पाइपलाइनमार्फत ल्याउनुपर्ने धारणा राखे।

संक्षेप

वायुसेवा संघमा पाण्डे



काठमाडौं/ नेपाल वायुसेवा संघ (एओएएन)मा नयाँ कार्यसमिति चयन गरिएको छ। शुक्रबार सम्पन्न संघको २५औं वार्षिक साधारणसभाले कैलाश हेलिकोप्टर सर्भिसेस लिमिटेडका प्रबन्ध निर्देशक प्रतापजंग पाण्डेको अध्यक्षतामा १४ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो। सभा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का निमित्त महानिर्देशक देवचन्द्रलाल कर्णको प्रमुख आतिथ्यतामा भएको थियो।

संघको प्रथम उपाध्यक्षमा निमा नुरु शेर्पा (अल्टिच्युट एयर), द्वितीय उपाध्यक्षमा सुभाष सापकोटा (यती एयरलाइन्स) र तृतीय उपाध्यक्षमा उमेर पनेरू (तारा एयर प्रालि) चयन भएका छन्। त्यस्तै, सिम्रिक एयरको प्रतिनिधित्व गर्दै महासचिवमा मुरलीधर जोशी, सचिव बालकृष्ण पण्डित (डाइनास्टी प्रालि), कोषाध्यक्ष रूपेश जोशी (बुद्ध एयर प्रालि) निर्वाचित भएका छन्।

साथसाथै, सदस्यमा रोमहर्ष श्रेष्ठ (बेसक्याम्प हेलिकोप्टर प्रालि), घनश्यामराज आचार्य (सीता एयर प्रालि) उमेश आचार्य (सौर्य एयरलाइन्स) विनोद थापा (फिस्टेल एयर) चुनिएका हुन्। थप सदस्यमा प्रज्वल थापा (गुण एयरलाइन्स) मिलन महर्जन (हिमालयन एयरलाइन्स) नोभेलकुमार राजलवट (प्रभु हेलिकोप्टर) र फुर्वा छिरिङ शेर्पा (हेली एभरेस्ट) रहेका छन्।

सुनको मूल्यमा उतारचढाव, चाँदीमा कीर्तिमान



काठमाडौं/ यो साता नेपाली बजारमा सुनको मूल्यमा तीव्र उतारचढाव आएको छ। साताभरमा सुनको मूल्य प्रतितोला सात हजार चार रुपैयाँले बढेको हो। सुनको मूल्य गत आइतबार प्रतितोला दुई लाख ६० हजार चार सय रहेकोमा उतारचढाव हुँदै शुक्रबार दुई लाख ६७ हजार आठ सय कायम भएको छ।

त्यस्तै, चाँदीको मूल्यले पनि यो साता ऐतिहासिक रेकर्ड कायम गरेको छ। साताको पहिलो दिन आइतबार प्रतितोला चाँदीको भाउ चार हजार पाँच सय रुपैयाँ रहेकोमा सोमबार, मंगलबार क्रमशः बढ्दै गई बुधबार हालसम्मकै उच्च मूल्य प्रतितोलाको चार हजार नौ सय ३५ रुपैयाँ कायम भएको थियो। उच्च मूल्यबाट केही घटेर शुक्रबार प्रतितोला चार हजार सात सय ८० रुपैयाँ कायम भएको छ। समग्रमा साताभर चाँदी प्रतितोला दुई सय ८० रुपैयाँले बढेको छ।

सेयर कारोबार १८०% ले बढेर सवा २१ खर्ब पुग्यो

कास्कीमा **रोहितराज पराजुली**

आर्थिक वर्ष ०८१/०८२ मा २१ खर्ब २४ अर्ब ९५ करोडबराबरको सेयर कारोबार भएको छ। यो अघिल्लो आव ०८०/०८१ को तुलनामा एक सय ८० प्रतिशत बढी रहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से)का प्रमुख कार्यकारी अधिकृत चूडामणि दाहालले बताए।

पोखरामा सम्पन्न स्टक ब्रोकर्स एसोसिएसन अफ नेपालको ३१औं वार्षिक साधारणसभामा उनले यस्तो बताएका हुन्। उनका अनुसार हाल ७४ लाखजनाले डिम्याट खाता खोलेका छन्।

त्यसमध्ये ४१ लाख लगानीकर्त्ता रहेको र २१ लाखले दोब्रो बजारको कारोबार गरिरहेका छन्।

कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पुँजी बजार निजी क्षेत्र, लगानीकर्ताको आत्मविश्वाश र देशको आर्थिक भविष्यसँग प्रत्यक्ष जोडिएको बताउँदै स्टक ब्रोकर्सहरूको व्यवहार, पारदर्शिता र व्यावसायिक नैतिकताले नै लगानीकर्ताको विश्वास निर्माण हुने बताए। लगानीकर्ताको अपेक्षाअनुसार पुँजी बजारलाई बलियो बनाउन डिजिटल कारोबार र प्रविधिमैत्री सुधार जरुरी रहेको बताए। एसोसिएसनका अध्यक्ष सागर ढकालले आर्थिक क्षेत्र चलायमान बनाउन पुँजी बजारको प्रवर्द्धन आवश्यक रहेको बताए। आफूहरूले व्यवसाय सञ्चालनका क्रममा व्यावसायिक वातावरण कठिन बनाउने काम हुँदै आएको भन्दै असन्तुष्टि व्यक्त गरे।

नेपाल राष्ट्र बैंक, गण्डकी प्रदेश प्रमुख राधिनी सिंहले नेपाल सरकारले पुँजी बजारको नीतिगत सुधारमा राष्ट्र बैंकले काम गरिरहेको बताउँदै यसलाई अघि बढाउन गर्नुपर्ने अन्य काम भइरहेको बताइन्। धितोपत्र बोर्डका कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठले पुँजी बजार सुधारका लागि सबैसँग सहकार्य गर्न बोर्ड सधैं तयार रहेको बताए।

एनआरएनए महाधिवेशन आयोजक कमिटी गठन गर्न आग्रह

काठमाडौं/ गैरआवासीय नेपाली संघ (एनआरएनए)को आगामी महाधिवेशनको मूल आयोजक कमिटी गठन गर्न परराष्ट्रमन्त्री बालानन्द शर्मासँग प्रतिनिधिले माग गरेका छन्। २३-२५ फेब्रुअरी ०२६ मा काठमाडौंमा आयोजना हुने १२औं एनआरएनएको महाधिवेशनका लागि परराष्ट्रमन्त्रीको अध्यक्षतामा नेपाल सरकार उच्चस्तरीय आयोजक समिति गठन गर्ने व्यवस्था छ। ३० नोभेम्बर २०२५ मा भएको बृहत् एकता सहमतिअनुसार सो मितिमा १२औं महाधिवेशन तथा अन्तर्राष्ट्रिय सम्मेलन हुँदै छ। मन्त्रालयमा गैरआवासीय नेपाली संघका अध्यक्षद्वय डा. बद्री केसी र महेश श्रेष्ठको नेतृत्वमा गएको प्रतिनिधिमण्डलसँग परराष्ट्रमन्त्री शर्माले एनआरएनएको महाधिवेशन विधानअनुसार सञ्चालन गर्दा उपयुक्त हुने सुझाव दिए।

भेटमा अध्यक्ष श्रेष्ठले संघको १२औं महाधिवेशन बृहत् एकतापछि आयोजना गर्न लागिएको र एकता सुदृढ बनाउन काम गरिरहेको जानकारी बताए।

■ प्रधानमन्त्रीको कार्यालयसहित सात निकायलाई एनसेलको पत्र

आइपिओ जारी गर्दै नेपालीको सेयर बढाउने योजना

कृष्ण रिजाल/नयाँ पत्रिका

दूरसञ्चार सेवाप्रदायक कम्पनी एनसेल आजियाटा लिमिटेडले सर्वसाधारणलाई समेत सेयर दिएर कम्पनीमा नेपालीको स्वामित्व बढाउने योजना अघि सार्दै सहजीकरण गरिदिन सरकारसँग आग्रह गरेको छ। एनसेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सात निकायलाई पत्राचार गरेर एनसेलको निरन्तर सञ्चालन, स्वामित्व परिवर्तन र लगानी वृद्धिको वातावरण बनाइदिन आग्रह गरेको हो।

एनसेलले अनुमतिपत्रको अवधि समाप्त भएपछिको सञ्चालन निरन्तरताको सुनिश्चितता भएमा आइपिओ जारी गर्ने, कम्पनीमा नेपालीका सेयर स्वामित्व ५० प्रतिशतभन्दा बढी पुऱ्याउने, देशव्यापी रूपमा आधुनिक प्रविधिमा लगानी बढाउने र सामाजिक उत्तरदायित्वअन्तर्गत सरकारको प्राथमिकता प्राप्त क्षेत्रमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। यसका लागि सरकारले विगतमा मन्त्रिपरिषद्ले गरेको निर्णय पुनरावलोकन, दूरसञ्चार नियमावली संशोधन र एनसेलको अनुमतिपत्र नवीकरण गर्दाका सर्त खारेज गर्नुपर्ने एनसेलको माग छ।

एनसेलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, लगानी बोर्ड नेपालको कार्यालय र उद्योग विभागमा पत्राचार गरेर दूरसञ्चार क्षेत्रको वर्तमान अवस्था, समस्या, एनसेलको योगदान, एसनेलका भावी योजना, माग र सुझाव पेस गरेको हो।

■ सेयर खरिद सम्झौता स्वीकृतिको माग

करिब दुई वर्षअघि गैरआवासीय नेपाली सतिशलाल आचार्यले एनसेलको ८० प्रतिशत सेयर स्वामित्व खरिद गरेका थिए। आचार्यको शतप्रतिशत स्वामित्व रहेको स्पेक्ट्रलाइट युके र आजियाटा इन्भेस्टमेन्ट युकेबिच एनसेलको सेयर खरिद-बिक्रीका लागि १ डिसेम्बर २०२३ मा सम्झौता भएको थियो। स्वामित्व खरिद-बिक्रीपछि कानुनअनुसार १४ फागुन ०८० मा ठुला करदाता कार्यालयमा एक अर्ब ६९ करोड ६३ लाख ७० हजार पाँच सय २८ रुपैयाँ कर भुक्तानी गरिसकेको कम्पनीले उल्लेख गरेको छ। तर, सेयर खरिद-बिक्रीको पूर्वजानकारी नदिएको भन्दै प्राधिकरणले हालसम्म पनि सम्झौता स्वीकार गरेको छैन। एनसेलले आफू विदेशी लगानी भएकाले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ अनुसार सम्झौता जानकारी गराएको उल्लेख गरेको छ। 'ऐनको दफा १९ बमोजिम खरिद-बिक्री भएको ३० दिनभित्रै उद्योग विभागमा स्वकृतिका लागि निवेदन पेस गरिसकेका छौं,' पत्रमा उल्लेख छ, 'तसर्थ, उपयुक्त नियमनकारी प्रक्रियाद्वारा उक्त सम्झौतालाई तत्काल स्वीकृति दिलाइपाऊँ।'

■ निर्णय पुनरावलोकनका लागि आग्रह

एनसेल आजियाटा लिमिटेडमा ८० प्रतिशत लगानी रहेको रेनोल्ड होल्डिङको सेयर स्वामित्व खरिद-बिक्रीका लागि आचार्यको स्पेक्ट्रलाइट युके र आजियाटा इन्भेस्टमेन्ट युके १ डिसेम्बर २०२३ मा सम्झौता भएको थियो। खरिद सम्झौता विवादित बनेपछि तत्कालीन सरकारले उच्चस्तरीय छानबिन समिति बनाएको थियो। समितिले दिएको सुझावका आधारमा सरकारले यथास्थितिमा सेयर



स्वामित्व खरिद-बिक्री सम्झौता स्वीकार गर्न नसकिने, साबिकमा कायम रहेको सेयर स्वामित्वको संरचनामा कुनै फेरबदल नगर्ने सर्तसहित अनुमतिपत्र पाँच वर्षका लागि नवीकरण गर्ने, नवीकरण दस्तुर किस्तामा बुझाउनुपर्ने, १० प्रतिशत ब्याज बुझाउनुपर्नेलगायत निर्णय गरेको थियो। तर, एनसेलले यसलाई अनावश्यक हस्तक्षेप र अन्यायपूर्ण निर्णय भन्दै पुनरावलोकन गर्न आग्रह गरेको छ।

■ समान व्यवहार गर्न आग्रह

एनसेल र नेपाल टेलिकम प्रतिस्पर्धी कम्पनी भए पनि सरकार तथा नियमनकारी निकायबाट सधैं असमान व्यवहार गरिँदै आएको एनसेलले जिकिर गरेको छ। अनुमतिपत्र नवीकरणको सुविधा, फ्रिक्वेन्सी वितरण, जरिवानालगायतमा समान प्रकृतिका एनसेल र टेलिकमलाई फरक व्यवहार हुने गरेको एसनेलले जनाएको छ। अनुमतिपत्र नवीकरण भुक्तानीका विषयमा नेपाल टेलिकमलाई गरिएको व्यवहारसरह नै एनसेललाई पनि समान व्यवहार प्रदान गर्न र किस्ताबन्दीमा लगाइएको ब्याज पूर्ण रूपमा खारेजी एवं माफी गर्नसमेत एनसेलले अपिल गरेको छ।

देशभर एक करोड ४० लाखभन्दा बढी नेपालीलाई २१ वर्षदेखि दूरसञ्चार सेवा उपलब्ध गराइआएको एनसेललले हालसम्म तीन खर्ब ६० अर्ब रुपैयाँभन्दा बढी राजस्व तिरेको उल्लेख गरेको छ। त्यस्तै, स्वास्थ्य, शिक्षा, वातावरण, कला-संस्कृतिजस्ता विविध सामाजिक उत्तरदायित्वका क्षेत्रहरूमा दुई अर्ब रुपैयाँभन्दा बढी खर्च गरेको समेत कम्पनीले जनाएको छ।

■ क्षमता पुष्टि भएको दाबी

मन्त्रिपरिषद्को ६ फागुन ०८० को बैठकले एसनेलको सेयर खरिद-बिक्री सम्झौता यथास्थितिमा स्वीकार नगर्ने निर्णय गरेको थियो। सम्झौता स्वीकार गर्न नसकिने आधारमध्येमा खरिदकर्ताको प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता पुष्टि हुने कागजात उपलब्ध नगराएको उल्लेख गरिएको थियो। एनसेलले भने २४ वैशाख ०८१ मा उद्योग विभागमा सेयर खरिद-बिक्री सम्झौताका साथै खरिदकर्ताको प्राविधिक ज्ञान, वित्तीय तथा व्यवस्थापकीय क्षमता पुष्टि हुने कागजात पेस गरिसकेको उल्लेख गरेको छ। सन् २०२३ को डिसेम्बर १ मा सम्झौता भएपछिको दुई वर्षयता निरन्तर रूपमा कम्पनी विनाअवरोध सञ्चालन हुँदै आएको तथा थप गुणस्तरीय सेवा प्रदान गरिएको व्यवस्थापनको दाबी छ। 'विगत पाँच वर्षदेखि कम्पनीको आयमा देखिएको गिरावट नयाँ व्यवस्थापन आएपछि स्थिर हुन पुगेको, अहिले विदेशका दूरसञ्चार कम्पनीमा उच्च तहमा काम गरेका अनुभवी व्यवस्थापक तथा प्राविधिकलाई नियुक्त गरिएको छ,' पत्रमा उल्लेख छ।

औद्योगिक तथा व्यावसायिक क्षेत्रलाई बन्द-हडताल निषेध क्षेत्र घोषणा गर्न माग

ठुलो संख्यामा रोजगारी सिर्जनाका साथै राजस्व संकलनको स्रोत बनेको निजी क्षेत्र जहिल्यै बन्द-हडतालको चपेटामा पर्ने उद्योगी-व्यवसायीको गुनासो

भैरहवामा **दीपेश पछाई**

औद्योगिक र व्यावसायिक क्षेत्रलाई बन्द-हडताल निषेध घोषणा गर्न व्यवसायीले माग गरेका छन् । शनिबार सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीको ६७औँ वार्षिक साधारणसभाका अवसरमा बोल्दै उद्योगी-व्यवसायीले औद्योगिक र व्यावसायिक क्षेत्रलाई बन्द-हडताल निषेधित क्षेत्र घोषणा गराउन माग गरेका हुन् ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले औद्योगिक तथा व्यावसायिक क्षेत्रलाई बन्द-हडताल निषेधित क्षेत्र घोषणा गराउन महासंघले सरकारसमक्ष माग गरेको जानकारी गराए । हरेक आन्दोलनमा निजी क्षेत्रलाई लक्षित गरी क्षति पुऱ्याउने गरिएको भन्दै सरकारबाट यसबारे चाँडै नै निर्णय हुने विश्वास व्यक्त गरे ।

'विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरेजस्तै निजी लगानीको औद्योगिक तथा व्यावसायिक क्षेत्रलाई पनि हडताल निषेधित घोषणा गरी तोडफोड, आगजनी, लुटपाटजस्ता घटना गर्न नमिल्ने गराउनुपर्छ,' ढकालले भने, 'यसका लागि महासंघले ड्राफ्ट बनाई सरकारसमक्ष बुझाइसकेको छ । मन्त्रिपरिषदको बैठकले चाँडै नै यसबारे निर्णय गर्नेछ,' उनले भने ।

मुलुकको ठुलो संख्यामा रोजगारी, राजस्व संकलनको स्रोत र विकासका पूर्वाधार औद्योगिक तथा व्यावसायिक क्षेत्रबाट हुने गरे पनि जहिले बन्द-हडतालको चपेटामा निजी क्षेत्र पर्ने गरेको भनाइ उनको थियो ।

त्यस्तै, ढकालले भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई नियमित सञ्चालनका लागि आफूले निरन्तर पहल जारी राखेको उल्लेख गर्दै उनले यसका लागि पछिल्लोपटक मध्यपूर्वी देशबाट सिधा हवाई उडानका लागि प्रस्ताव राखेको जनाए ।

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष नेत्रप्रसाद आचार्यले निजी क्षेत्रको प्रतिनिधिका रूपमा संघले विगतदेखि नै राजनीतिक स्थायित्व, आर्थिक समृद्धि र विकासमुखी नीतिलाई सरकार तथा राजनीतिक दलहरूको मुख्य एजेन्डा बनाइनुपर्ने माग गर्दै आइरहेको बताए ।

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनका लागि सरकारले बौद्धमार्गी मुलुकहरूसँग नीतिगत तथा कूटनीतिक पहल गर्नुपर्ने र भैरहवामा निर्माणाधीन आइसिपी (एकीकृत जाँचचौकी) स्थलमा रेलवे सेवा जोडिनुपर्नेमा उनले जोड दिए ।

भैरहवा नाकाबाट नेपाल भित्रिने विदेशी पर्यटकलाई भीसालगायतका सुविधा भन्सार विन्दुबाटै उपलब्ध गराइनुपर्ने र भैरहवालगायतका सीमावर्ती नेपाली सहरमा रात्रिकालीन बजारसहितको 'मनोरञ्जनात्मक सहर' बनाइनुपर्ने आचार्यको भनाइ थियो ।

सरकारबाट लागू गरिएको ओभरलोड भारको नियम सबै नाकामा समान हुनुपर्ने बताए । 'कुनै नाकामा ओभरलोडको मतलब नै नहुने र कुनै नाकामा लागू गरिने विभेदपूर्ण व्यवहारप्रति सरकारको ध्यान जाओस्,' आचार्यले भने ।

सिद्धार्थ नगरपालिकाकी उपप्रमुख उमा अधिकारीले स्थानीय उत्पादनको प्रयोगलाई जोड दिँदै आमव्यवसायीको हितलाई ध्यानमा राखेर नगरपालिकाले कर नभई करको दायरा बढाएको बताइन् । नगरपालिकाले कर छुट दिँदा पनि व्यवसायी सम्पर्कमा नआएको गुनासो उनले गरिन् । उनले निजी क्षेत्रसँग पालिकाले हातेमालो गरेर अघि बढिरहेको जनाइन् ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले युवापुस्तालाई बेवास्ता गर्दा मुलुकमा समस्या आएको बताए । उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले निजी क्षेत्रले मुलुकमा स्थायित्व खोजेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अध्यक्ष दिलसुन्दर श्रेष्ठले गौतम बुद्ध र पोखरा विमानस्थलको अवस्था देखेर रुन मन लाग्ने जनाए । ऋणमा बनाएको विमानस्थल चलाउन निरन्तर आवाज उठाउनुपर्ने उनले बताए ।



चन्द्र ढकाल, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरेजस्तै निजी लगानीको औद्योगिक तथा व्यावसायिक क्षेत्रलाई पनि हडताल निषेधित घोषणा गरी तोडफोड, आगजनी, लुटपाटजस्ता घटना गर्न नमिल्ने गराउनुपर्छ ।

● **नेत्रप्रसाद आचार्य**, अध्यक्ष, सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देही



गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न सरकारले बौद्धमार्गी मुलुकसँग कूटनीतिक पहल गर्नुपर्छ । त्यस्तै, भैरहवा नाकाबाट नेपाल भित्रिने विदेशी पर्यटकलाई भन्सार विन्दुबाटै भिसा उपलब्ध गराइनुपर्छ ।

जेन-जीलाई उद्योग क्षेत्र बुझाउन उद्योग संगठनको 'बिजनेस एट स्कुल'



विराटनगरमा **गणेश लम्साल**

उद्योग-व्यवसाय क्षेत्रमा जेन-जी समूहलाई प्रेरित गर्न उद्योग संगठन मोरङले अध्ययन हुने विद्यालयमै पुगेर 'बिजनेस एट स्कुल' कार्यक्रम सञ्चालन गर्न थालेको छ । विद्यालय तहदेखि नै नयाँ पुस्तालाई स्वदेशमै उद्यमशील बनाएर स्वरोजगार बनाउन र शिक्षित युवालाई रोजगारको अवसर पहिल्याउने लक्ष्यलाई सहज बनाउन उद्योग संगठन मोरङले यो कार्यक्रमको सुरुवात गरेको हो ।

यो कार्यक्रमले विद्यार्थीलाई उद्योग तथा सेवा क्षेत्रको अवस्था र रोजगारको अवसर प्रत्यक्ष रूपमा बुझ्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ । कार्यक्रमअन्तर्गत विद्यार्थीलाई नै सहभागी गराएर विषयगत विज्ञबाट व्यवसाय सुरु गर्ने आधारभूत प्रक्रिया र लगानी तथा जोखिम व्यवस्थापनजस्ता कौशलबारे परामर्श प्रदान गरिन्छ ।

संगठनका महानिर्देशक चूडामणि भट्टराईका अनुसार २४ मंसिरमा मोरङको बुढीगंगा गाउँपालिका- १, टंकीस्थित नरग्राम माविमा सगठनले नमुना कार्यक्रम गरिसकेको छ । माघमा दोस्रो विद्यालयमा 'बिजनेस एट स्कुल' सञ्चालन गरेर अभियानकै रूपमा निरन्तरता दिने योजना रहेको महानिर्देशक भट्टराईले बताए । उनले भने, 'उद्योग क्षेत्रको उद्यमशीलता, उत्पादन, श्रम र रोजगारबारेको धारणा सकारात्मक बनाउँदै स्वदेशमै नयाँ पुस्तालाई आत्मनिर्भर बनाउन संगठनले वर्षमा कम्तीमा १० वटा स्कुलमै पुगेर बिजनेस एट स्कुल कार्यक्रम सञ्चालन गर्नेछ ।'

उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले परिवर्तित समयसँगै आफ्नो सिप तथा दक्षता अभिवृद्धि गर्न विद्यालयदेखि नै युवालाई भविष्यको मार्गदर्शन र प्रेरणाका लागि यो कार्यक्रमको अवधारणा अघि ल्याएको बताए । अध्यक्ष राठी भन्छन्, 'हामीले विद्यार्थीलाई भविष्यमा स्वदेशमै सफल उद्यमी बन्न सक्ने अवसर प्राप्त होस् भनेर उद्योग क्षेत्र, उत्पादन र रोजगारका अवसरबारे उनीहरू पढ्ने स्कुलमै पुगेर जानकारी गराउन थालेका हौं ।'

उद्योग संगठन मोरङको उक्त बिजनेस एट स्कुल कार्यक्रमलाई इन्स्योर, क्वालिटी, एनभिक्युएस परियोजनाले प्राविधिक सहयोग गरेको छ । यसबाहेक मागअनुसार स्थानीय उद्योग र विश्वविद्यालय र प्राविधिक संस्थानले पनि प्राविधिक सहयोग गर्नेछन् ।

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शैक्षिक महाशाखा प्रमुख दामोदर फुयाँल उद्योग संगठनले सञ्चालन गरेको 'बिजनेस एट स्कुल' कार्यक्रमले वास्तविक क्षेत्रको अनुभवसहित उद्योग क्षेत्रमा रहेका अवसर तथा चुनौती विद्यार्थीलाई नजिकबाट बुझाएर शिक्षालाई व्यावहारिक दिशामा उन्मुख गराउन सफल हुने बताउँछन् ।

बालबालिकालाई नेपाल एसबिआई बैंकको अत्यावश्यक सामग्री सहयोग



काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले बालबालिकालाई अत्यावश्यक सामग्री सहयोग गरेको छ । बैंकले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत नक्सालस्थित नेपाल बाल संगठन, बाल मन्दिरका एक सय सातजना बालबालिकालाई न्यानो कपडा, चप्पल, ब्ल्यांकेट, म्याट्रेस, वाटर प्युरिफायरलगायतका अत्यावश्यक सामग्री प्रदान गरेको छ ।

यो सहयोगले बालबालिकाका तत्काल आवश्यकता पूरा हुनुका साथै उनीहरूको समग्र विकासमा सहयोग पुऱ्याउने लक्ष्य बैंकको छ । कार्यक्रममा बैंकका अध्यक्ष बैंकट वंशीधर कुंचाले नेपाल बाल संगठनकी अध्यक्ष विद्या उपाध्याय न्यौपानेलाई सहयोग सामग्री हस्तान्तरण गरेका थिए ।

सहयोग हस्तान्तरण कार्यक्रममा बैंकका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रामकुमार तिवारी, बैंकका सञ्चालक रितेश सिन्हा, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख सञ्चालन अधिकृत विकास आनन्द, प्रमुख वित्तीय अधिकृत राजेशकुमार पंडा, प्रमुख व्यवसाय प्रवर्द्धन अधिकृत प्रवीणमुनि बज्राचार्यलगायको उपस्थिति थियो ।

ज्योति विकास बैंकका ग्राहकलाई भोटेकोशी हेली रिसोर्टमा छुट



काठमाडौं/ ज्योति विकास बैंक लिमिटेडले सिन्धुपाल्चोकस्थित भोटेकोशी हेली रिसोर्ट एन्ड स्पा प्रालिमा बैंकका ग्राहकलाई छुट प्रदान गर्नेसम्बन्धी सम्झौता गरेको छ । सम्झौताअनुसार बैंकका ग्राहकले उक्त रिसोर्टमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् ।

भोटेकोशीको रमणीय प्राकृतिक सौन्दर्य, स्वादिष्ट परिकार र उत्कृष्ट आतिथ्य सेवाका कारण भोटेकोशीस्थित यस रिसोर्टले ग्राहकको मन जित्दै विशिष्ट गन्तव्यका रूपमा आफ्नो पहिचान स्थापित गरेको छ ।

कामना विकासले गच्यो कास्कीको विद्यालयलाई शैक्षिक सामग्री वितरण



काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत कास्कीको विद्यालयलाई सहयोग गरेको छ । बैंकले अन्नपूर्ण- ३, पाउँदुरस्थित लक्ष्मी आधारभूत विद्यालयलाई शैक्षिक सामग्री वितरण गरेको हो ।

बैंकका पोखरा क्षेत्र प्रमुख शिवकुमार ढकालले विद्यालयका प्रधानाध्यापक तारानाथ पौडेललाई स्टेसनरी तथा शैक्षिक सामग्री हस्तान्तरण गरे । कार्यक्रममा बोल्दै प्रधानाध्यापक पौडेलले सामाजिक, आर्थिक रूपले पिछडिएको तथा गरिब र विपन्न वर्गका विद्यार्थीको शैक्षिक पहुँचमा बैंकले गरेको सहयोगले सकारात्मक प्रभाव पार्ने बताए । बैंकको यो सहयोगले विद्यार्थीको अध्ययनमा थप प्रेरणा मिल्ने उनको धारणा थियो ।

होटेल गरिमाको आइपिओ बिक्री प्रबन्धक लक्ष्मी सनराइज क्यापिटल



काठमाडौं/ सनराइज क्यापिटल लिमिटेडलाई होटेल गरिमाको धितोपत्र निष्कासक (आइपिओ) तथा बिक्री प्रबन्धक नियुक्त गरिएको हो । नियुक्तिसम्बन्धी सम्झौतामा लक्ष्मी सनराइजका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठ र होटेल गरिमाका प्रबन्ध सञ्चालक विनोद पौडेलबिच सम्झौता भएको छ ।

इटहरीमा रहेको पाँचतारेस्तरको होटेल सोल्टी वेस्टेन्ड इटहरीको स्वामित्व रहेको होटेल गरिमाले सर्वसाधारणका लागि आइपिओ निष्कासन गर्ने तयारी गरेको छ । होटेलले प्रतिकित्ता १०० अंकित मूल्यका ४० लाख कित्ता साधारण सेयर निष्कासन गर्ने कार्यका लागि लक्ष्मी सनराइजलाई बिक्री प्रबन्धक तोकेको हो ।

सिद्धार्थ बैंकको सिइओमा बस्याल

काठमाडौं/ सिद्धार्थ बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा रामेश्वरप्रसाद बस्याल नियुक्त भएका छन् । बैंकको सञ्चालक समिति बैठकले यही २५ पुसदेखि लागू हुने गरी सिइओ नियुक्त गरेको हो ।

बस्यालसँग बैंकिङ क्षेत्रमा करिब साढे तीन दशकको कार्यानुभव छ । उनी सन् १९८९ देखि २००५ सम्म नबिल बैंकका विभिन्न जिम्मेवार पदमा थिए । सन् २००५ देखि सिद्धार्थ बैंकमा आबद्ध उनले प्रबन्धक, वरिष्ठ प्रबन्धक,



सहायक महाप्रबन्धक, नायब महाप्रबन्धक, सहायक प्रमुख कार्यकारी अधिकृत तथा नायब प्रमुख कार्यकारी अधिकृतका रूपमा नेतृत्वदायी भूमिका निर्वाह गरिसकेको बैंकले जनाएको छ ।

बैंक सञ्चालनसम्बन्धी अनुभव भएका उनको मूलतः बजार व्यवस्था, कर्जा लगानी तथा जोखिम व्यवस्थापन क्षेत्रमा विशेष योगदान रहेको छ । उनको नेतृत्वमा बैंकले दिगो वृद्धि, ग्राहक सेवा उत्कृष्टता तथा संस्थागत सुदृढीकरण थप मजबुत हुने विश्वास लिएको छ ।

सानिमा रिलायन्सले ५१ करोड लाभांश बाँड्ने

काठमाडौं/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको नवौं वार्षिक साधारणसभा बिहीबार गोल्फुटार, काठमाडौंमा सम्पन्न भएको छ । साधारणसभाले गत वर्षको नाफाबाट सेयरधनीलाई लाभांशबापत ५१ करोड चार लाखभन्दा बढी रुपैयाँ (करसहित) नगद लाभांश बाँड्ने प्रस्ताव अनुमोदन गरेको छ । यो चुक्ता पुँजीको १०.१७ प्रतिशत हो ।

कम्पनीका अध्यक्ष रतनलाल केडियाले आर्थिक वर्ष ०८१/८२ को वार्षिक प्रतिवेदन पेस गरेका थिए । उक्त प्रतिवेदन सभाले पारित गरेको छ । त्यसका साथै चालू आवका लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण पनि टुंगो लगाइएको छ ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले ग्राहकमुखी सेवा, अभिकर्तामैत्री



उत्प्रेरणात्मक कार्यक्रम, शाखा सञ्जालको विस्तारलगायतले कम्पनीले सम्मानजनक स्थान ओगट्न सफल भएको जानकारी गराए । साथै, मर्जरमा आएका चुनौतीलाई धैर्यतापूर्वक व्यवस्थापन गर्दै कम्पनीलाई एक सबल, सक्षम कम्पनीका रूपमा सञ्चालन गर्दै आइरहेको उनको भनाइ थियो । उनले कम्पनीको साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गरेका थिए ।

आइएमई लाइफको १०.५२ प्रतिशत लाभांश पारित



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारणसभाले आर्थिक वर्ष ०८१/०८२ का लागि लाभांश प्रस्ताव पारित गरेको छ । बिहीबार बसेको कम्पनीको नवौं वार्षिक साधारणसभाले चुक्ता पुँजीको १०.५२ प्रतिशत करसहित नगद लाभांश प्रस्ताव पारित गरेको हो । सभा कम्पनी सञ्चालक समितिका अध्यक्ष डा. रामहरि अर्यालको अध्यक्षतामा भएको थियो ।

उक्त सभाले सामान्य प्रस्तावअन्तर्गत गत आवको सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायतका वित्तीय विवरण पनि पारित गरेको छ । साथै, चालू आवका लागि बाह्य लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिकसमेत निर्धारण गरिएको कम्पनीले जनाएको छ । त्यस्तै, कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्नुका साथै गत आवमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कम्पनीबाट भएको खर्च अनुमोदन गरेको छ ।

आइजिआई प्रुडेन्सियलको साधारणसभा



काठमाडौं/ आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडको २८औँ वार्षिक साधारणसभा बिहीबार आम्रपाली बैंक्वेट नक्साल, काठमाडौंमा सम्पन्न भएको छ । सो सभाले सेयरधनीलाई चुक्ता पुँजीको पाँच प्रतिशत नगद लाभांश दिने प्रस्ताव स्वीकृत गरेको छ । त्यसैगरी, प्रधान कार्यालय पानीपोखरीस्थित दुई रोपनी ६ आना २ पैसा ३ दाम जग्गामा करिब ६० हजार वर्गफिटमा निर्माण भएको दुई तला पार्किङसहित ११ तलाको भवनमा सर्ने अध्यक्ष हेमराज ढकालले सभालाई जानकारी गराएका छन् ।

यसैगरी, जेन-जी आन्दोलनका क्रममा निर्जीवन बिमा क्षेत्रमा करिब २३ अर्ब ४४ करोडको दाबी परेको कम्पनीले जनाएको छ । असोज १८ गतेदेखिको अविरल वर्षा, बाढीपहिरोबाट करिब चार अर्बबराबरको दाबी परेको सभामा जानकारी दिइएको थियो । सभामा अध्यक्ष ढकालले विश्व बजारमा तीव्र आर्थिक प्रतिस्पर्धा रहेको वर्तमान परिवेशमा सूचना प्रविधिको माध्यमबाट छरितो, सुरक्षित सेवा प्रदान गर्नुपर्ने बताए ।

साना किसान विकास लघुवित्तको १५ प्रतिशत लाभांश पारित

काठमाडौं/ साना किसान विकास लघुवित्तको २४औँ वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभाले सेयरधनीलाई १४.२५ प्रतिशत बोनस सेयर र ०.७५ नगद लाभांश कर प्रयोजनका लागि गरी कुल १५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ ।

सञ्चालक समितिका अध्यक्ष खेमबहादुर पाठकको अध्यक्षतामा भएको सभाले आर्थिक वर्ष ०८१/८२ को वार्षिक प्रतिवेदनलगायत असार



मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाबलगायत अन्य वित्तीय विवरणसमेत सर्वसम्मत पारित गरेको छ । संस्थाले गत आवमा ८७ करोड ५० लाख रुपैयाँ खुद नाफा आर्जन गरेको छ । यसैगरी, संस्थाका प्रमुख कार्यकारी अधिकृत वासु अधिकारीले संस्थाले उद्यम र उद्यमशीलताको विकासमा आफ्नो ध्यान केन्द्रित गरेको बताए ।

स्वावलम्बनको लाभांश स्वीकृत



काठमाडौं/ स्वावलम्बन लघुवित्तको लाभांश स्वीकृत गरिएको छ । शुक्रबार सम्पन्न संस्थाको वार्षिक साधारणसभाले १४.२५ प्रतिशत बोनस र ०.७५ प्रतिशत नगद (बोनस सेयरको कर प्रयोजनका लागि) गरी १५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो ।

सभा सञ्चालक समितिका अध्यक्ष डा. सुमित्रा मानन्धर गुरुङको अध्यक्षतामा बसेको थियो । साथै, सभाले सर्वसाधारण सेयरधनीका तर्फबाट प्रतिनिधित्व गर्ने एकजना सञ्चालक रविनकुमार श्रेष्ठलाई निर्विरोध निर्वाचित गरेको छ ।

त्यसैगरी, गत आवको वासलात, नाफा-नोक्सान हिसाबलगायत अन्य वित्तीय विवरणसमेत पारित गरिएको छ । संस्थाका अनुसार गत आर्थिक वर्ष ०८०/८१ मा ३५ करोड ९७ लाख रुपैयाँ खुद नाफा कमाएको छ ।

नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले ल्यायो युनियन-पे कार्ड सेवा

काठमाडौं/ नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेडले एनआइएमबी युनियन-पे कार्ड सेवा ल्याएको छ । बैंकले आफ्ना ग्राहकका लागि आधुनिक भुक्तानी समाधान विस्तार गर्ने उद्देश्यसहित एनआइएमबी युनियन-पे कार्ड ल्याएको जनाएको छ ।

नवप्रवर्तनयुक्त सुविधासहित प्रस्तुत गरिएको एनआइएमबी युनियन-पे कार्डमार्फत ग्राहकले देशभित्र तथा विदेशमा सहज रूपमा कारोबार गर्न सक्नेछन् । विश्वभरका लाखौं व्यापारिक केन्द्र तथा एटिएममा स्वीकार्य हुने यो कार्डले भुक्तानी, अनलाइन कारोबार तथा अन्तर्राष्ट्रिय यात्रालाई अझ सरल र सुरक्षित बनाउने अपेक्षा गरिएको छ ।

कार्डको औपचारिक सुरुवातका अवसरमा बैंकले विशेष प्रारम्भिक अभियानअन्तर्गत अन्तर्राष्ट्रिय तथा स्वदेशी दुवै प्रकारका



एनआइएमबी युनियन-पे कार्डमा पाँच वर्षसम्म शतप्रतिशत कार्ड शुल्क छुट प्रदान गर्ने व्यवस्था गरेको छ । सीमित अवधिका लागि उपलब्ध यो अफरमार्फत ग्राहकवर्गले कुनै पनि कार्ड शुल्क नतिरी दीर्घकालीन कार्ड सुविधाको लाभ लिन सक्नेछन् ।

बैंकले हाल दुई सय ७१ शाखा, दुई सय ५९ एटिएम, ६५ एक्सटेन्सन काउन्टर एवं ६० शाखारहित बैंकिङमार्फत अत्याधुनिक सेवा प्रदान गरिरहेको छ ।

मुक्तिनाथ क्यापिटल सिँगटी हाइड्रोको हकप्रद बिक्री प्रबन्धक

काठमाडौं/ मुक्तिनाथ क्यापिटल लिमिटेड र सिँगटी हाइड्रो इनर्जी लिमिटेडबिच हकप्रद सेयर निष्कासन तथा बिक्री प्रबन्धकसम्बन्धी सम्झौता भएको छ । एक कार्यक्रमबिच मुक्तिनाथ क्यापिटल प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशी र सिंगटी हाइड्रोका प्रबन्ध सञ्चालक सुदीप खड्काले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । सिँगटीको १६औँ वार्षिक साधारणसभाबाट चुक्ता पुँजीको १:१ को अनुपातमा प्रतिकित्ता १०० रुपैयाँ अंकित दरका तीन करोड ४५ लाख कित्ता हकप्रद निष्कासन गर्ने प्रस्ताव पारित भएको थियो । कम्पनीले उक्त निष्कासनबाट प्राप्त हुने रकम ६१.११ मेगावाटको नारखोला जलविद्युत् आयोजना तथा ८६.५९ मेगावाटको लान्द्रुक मोदी जलविद्युत् आयोजनामा लगानी गर्ने जनाएको छ ।

एनएमबि बैंकको १० प्रतिशत लाभांश पारित



काठमाडौं/ एनएमबि बैंकको ३०औँ वार्षिक साधारणसभाबाट लाभांश पारित गरिएको हो । जसमा हाल कायम चुक्ता पुँजीको पाँच प्रतिशत बोनस सेयर र पाँच प्रतिशत नगद लाभांश (करसहित) गरी कुल १० प्रतिशत लाभांश पारित गरिएको हो । सभा बिहीबार त्रिभुवन आर्मी अफिसर्स क्लब, काठमाडौंमा भएको हो । एनएमबि बैंक सञ्चालक समितिका अध्यक्ष मनोजकुमार गोयलको सभापतित्वमा सम्पन्न सभाले सहभागी सेयरधनीले बैंकका विविध पक्षमाथि छलफल गरेका थिए । असार मसान्तसम्म दुई अर्ब ८५ करोड खुद नाफा आर्जन, दुई खर्ब ८३ अर्बभन्दा बढी निक्षेप संकलन र दुई खर्ब ४३ अर्ब कर्जा प्रवाह गरेको बैंकले जनाएको छ । बैंकका देशभरमा दुई सय दुई शाखा, एक सय ८४ एटिएम र नौ एक्सटेन्सन काउन्टर सञ्चालनमा छन् ।

मोटरसाइकल हरायो

मिति २०८२/०९/१० गते बिहान ३ देखि ४ बजेको समयमा ललितपुर महानगरपालिका-११ मडिडो टोल शंखमुलमा पार्किङ गरिराखेको सिल्भर मेटालिक रङको २०० सि.सि.को केटिएम ड्युक मोटरसाइकल हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम: ईश्वर चालिसे
मो.सा. नं. : बा.प्र.०२-०५१ प ३५९७
च्यासिस नं. : MD2JPCXC7RN005529
इन्जिन नं. : R-936-25062
सम्पर्क नं. : ९८४४४९१५५९

सर्टिफिकेट हरायो

मिति २०८२/८/१६ गते वानेश्वर बाट बागबजारसम्म जाँदा मेरो निम्न व्योहरा भएको NEB बाट जारी माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

Name: Bhuwan Sharki
Symbol No.: 37201782
NEB Reg. No.: 757262008
Contact No.: 9806402662

न्यु डायमन्डलाई एकै महिना लगातार दुई उपाधि

अघिल्लो साता मात्रै विभागीय टोली नेपाल पुलिसलाई हराउँदै न्यु डायमन्डले एनभिए महिला तथा पुरुष च्याम्पियनसिप उपाधि जितेको थियो, शनिबार शेरबहादुर खड्का स्मृति भलिबलको ट्रफी पनि उचालेको छ



च्याम्पियन बनेपछि न्यु डायमन्ड स्पोर्टस् क्लब।

नयाँ पत्रिका

न्यु डायमन्ड स्पोर्टस् क्लबले अपराजित रहँदै शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबलको उपाधि जितेको छ। शनिबार त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा सम्पन्न फाइनलमा न्यु डायमन्डले विभागीय टोली नेपाल पुलिसलाई हराउँदै ३-१ को सेटमा पराजित गर्दै लगातार दुई उपाधि जितेको हो।

यो प्रतियोगिताको उपाधि सबैभन्दा बढी ६ पटक अर्को विभागीय टोली एपिएफ क्लबले जितेको छ। एपिएफले लगातार पहिलो ६ संस्करण उपाधि जित्दा सार्तौं र नवौं संस्करण न्यु डायमन्डले तथा आठौं संस्करण नेपाल पुलिसले जितेको हो। फाइनल खेल न्यु डायमन्डले खेल २५-२२, २५-१८, १५-२५ र २७-२५ को अंकले जित्यो। तर, तेस्रो सेटको निर्णायक क्षणमा दिएको अंकको कारण खेल विवादास्पद बन्यो। नेपाल पुलिसकी उषा भण्डारीले स्पाइक प्रहार गर्दा हातले नेट पार गरेको इसारा देखाउँदै रेफ्रीले न्यु डायमन्डलाई अंक दिए।

यही अंकपछि प्रतिस्पर्धात्मक बनेको सेटमा न्यु डायमन्ड जित्न पुग्यो। यदि यो सेट पुलिसले जितेको भए पाँचौं सेटमा नतिजा आउने थियो। त्यसपछि कोर्टमा केहीबेर पुलिसले असन्तुष्टि जनायो। तर, रेफ्रीले आफ्नो निर्णय पनि उल्टाएनन्। पुलिस यसपटक न्यु डायमन्डसँग बदला लिने योजनामा थियो। अघिल्लो साता मात्रै न्यु डायमन्डले पुलिसलाई सोझो सेटमै हराउँदै एनभिए च्याम्पियनसिपको उपाधि जितेको थियो।

शनिबार पनि खेलमा न्यु डायमन्ड नै हाबी देखियो। राष्ट्रिय टोलीबाट खेलिसकेकी प्रतिभा माली, सुमित्रा रेग्मी, प्रगति नाथ, सलिना श्रेष्ठको साथ पाएको न्यु डायमन्डले प्रभावशाली प्रदर्शन गऱ्यो। युवा खेलाडी सुनिता खत्री, निशा महर, सलिना श्रेष्ठले पनि लगातार उत्कृष्ट प्रदर्शन गर्न सफल भए। जेनिशा विश्वकर्मा भने फाइनलमा पनि बेन्चमै रहिन्।

खेलको पहिलो र दोस्रो सेट न्यु डायमन्डले २५-२२ र २५-१८ ले जितेको थियो। राष्ट्रिय टोलीका खेलाडीहरू उषा, पुनम चन्द, कोपिला राना, कमला पुन कामना विष्ट तथा रिमा कुँवर र एलिसा मानन्धरको साथ पाएको पुलिसले तेस्रो सेट भने २५-१५ ले आफ्नो पक्षमा पाऱ्यो। तर, चौथो सेटमा न्यु डायमन्डले पुनरागमन गर्दै २७-२५ ले जित निकालेसँगै पुलिस निराश बनेको थियो।

प्रतियोगितामा अर्को विभागीय टोली एपिएफ तेस्रो भयो। प्रतियोगितामा न्यु डायमन्ड, पुलिस, आर्मीसहित एपिएफ र एभरेष्ट भलिबल क्लबको सहभागिता रहेको थियो। विजेता न्यु डायमन्डले पाँच लाख, उपविजेता पुलिसले दुई लाख ५० हजार तथा तेस्रो भएको एपिएफले २५ हजार पाएका छन्।

एपिएफ तेस्रो

विभागीय टोली एपिएफ क्लबले प्रतियोगितामा तेस्रो स्थान हासिल गरेको छ। अर्को विभागीय टोली त्रिभुवन आर्मीलाई ३-० सेटले पराजित गर्दै एपिएफ तेस्रो स्थान हासिल गर्न सफल भयो। त्रिपुरेश्वरस्थित कभर्डहलमा एपिएफले सहज जित निकाल्यो। पहिलो सेट एपिएफले २५-१३ दोस्रो सेट २५-२३ तथा तेस्रो सेट २५-१८ ले जितेको हो। पहिलोपटक एपिएफबाट खेलिरहेकी मीना सुनारले सर्वाधिक २२ अंक जोडिन्। उनी नै प्रतियोगिताको उत्कृष्ट स्पाइकर बनेकी छिन्। यता, आर्मीका लागि भावना डांगीले सर्वाधिक ११ अंक जोडिन्।

प्रतिभा लगातार सर्वोत्कृष्ट

अस्ट्रेलियाबाट फर्किएकी प्रतिभा माली प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चुनिएकी छिन्। यो उपाधिसहित उनले ५० हजार रुपैयाँ प्राप्त गरिन्। यसअघि एनभिए च्याम्पियनसिपमा पनि प्रगति सर्वोत्कृष्ट खेलाडी चुनिएकी हुन्। पछिल्लो एक वर्ष अस्ट्रेलियामा बिताएकी प्रतिभा पुस तेस्रो साता नेपाल फर्किएकी थिइन्। पहिलो दुई प्रतियोगितामै सानदार प्रदर्शन गर्दै उनले राष्ट्रिय टिममा फर्किन तयार रहेको प्रस्ट पारेकी छिन्। विधागत उपाधितर्फ पनि न्यु डायमन्ड हाबी रह्यो। न्यु डायमन्डकी सुमित्रा रेग्मी बेस्ट बल्कर तथा बेस्ट सेटरको उपाधि न्यु डायमन्डकै प्रगति नाथले जितिन्। न्यु डायमन्डका कुमार उत्कृष्ट प्रशिक्षक बने। एपिएफकी मीना सुनुवार बेस्ट स्पाइकर बनिन्। उनले प्रतियोगिताभर ७४ अंक जोडेकी थिइन्। नेपाल पुलिस क्लबकी शान्तिकला तामाङ बेस्ट लिबेरो र पुलिसकी पुनम चन्द बेस्ट सर्भर बनिन्। उत्कृष्ट बन्न सफल खेलाडी र प्रशिक्षकले समान २५ हजार रुपैयाँ प्राप्त गरेका छन्।



मच्छिन्द्रको प्रशिक्षकमा पुनः प्रवेश कटुवाल

नयाँ पत्रिका

प्रवेश कटुवाललाई मच्छिन्द्र फुटबल क्लबले बुधबारबाट सुरु हुने राष्ट्रिय लिगका लागि अनुबन्ध गरेको छ। शनिबार क्लबले उनलाई सामाजिक सञ्जालबाट प्रतियोगिता सुरु हुन चार दिनअघि भित्र्याएको जानकारी गरायो। प्रवेशले यसअघि लगातार दुईपटक मच्छिन्द्रलाई सहिद स्मारक 'ए' डिभिजन लिगको च्याम्पियन बनाएका थिए।

चर्च ब्वाइज क्लब पछिल्लोपटक च्याम्पियन हुँदा मच्छिन्द्र भने उपविजेता भएको थियो। राष्ट्रिय लिग च्याम्पियन बन्ने योजनासहित मच्छिन्द्रले प्रशिक्षकमा कटुवाललाई भित्र्याएको हो। शनिबार नै क्लबले व्यवस्थापकमा नवीन चित्रकारलाई भित्र्याएको छ। त्यस्तै, विदेशी खेलाडीहरू जोनाथन र एलिजनलाई पनि अनुबन्ध गरेको जनाएको छ। यता, नेपाली खेलाडीको विषयमा भने क्लबले केही जानकारी गराएको छैन। यद्यपि, क्लबले राष्ट्रिय टिमका अधिकांश खेलाडीलाई अनुबन्ध गर्ने तयारी गरेको क्लब स्रोतले नयाँ पत्रिकालाई जानकारी गरायो। कटुवालले यसअघि नेपाली टिमको मुख्य प्रशिक्षक भएर पनि काम गरिसकेका छन्। उनले पछिल्लोपटक भिन्सेन्जो अल्बर्टो एनेस मुख्य प्रशिक्षक हुँदा सहायक प्रशिक्षकको रूपमा काम गरेका हुन्। तर, त्यसपछि उनी केही समय अस्ट्रेलिया पनि पुगेका थिए।

दुई विदेशी खेलाडी अनुबन्ध

मच्छिन्द्रले महत्त्वाकांक्षी योजनासहित दुई विदेशी खेलाडी प्यालेस्टाइनका जोनाथन र उज्वेकिस्तानका एलिजनलाई पनि अनुबन्ध गरेको छ। क्लबले दुवै खेलाडी राष्ट्रिय लिगलाई अनुबन्ध गरेको जानकारी गराए। व्यवस्थापक चित्रकारले भने, 'हामीले यसपटक फरक योजना बनाएका छौं। त्यसैले दुई विदेशी खेलाडी भित्र्याएका हौं।' उनले भने। ललितपुर सिटी एफसीले लगातार दोस्रोपटक नेपाल प्रिमियर लिग (एनएसएल)को उपाधि जित्दा मिडफिल्डर जोनाथनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। जोनाथन तेस्रो एनएसएलमा पहिलो गोल गर्ने खेलाडी हुन्। उनले काठमाडौंविरुद्ध पाँचौं मिनेटमा गोल गरेका थिए। उनले प्रतियोगिताभर मात्र तीन खेल खेल्दा तीन गोल नै गरेका थिए। मात्र १९१ मिनेट खेले।

यता, उज्वेकिस्तानका एलिजन अलिजोनोभले भने काठमाडौं रेजर्सबाट खेलेका थिए। २८ वर्षीय उनले लिग चरणका ६ खेल नै खेलेका थिए। उनले सबै खेलमा ९० मिनेट नै बिताएका थिए। व्यवस्थापक चित्रकारले अन्य विदेशी र नेपाली खेलाडी चाँडै सार्वजनिक गरिने पनि बताएका छन्।



१७ क्लब प्रतिस्पर्धा गर्दै

राष्ट्रिय लिगमा १७ क्लब प्रतिस्पर्धा गर्दै छन्। यसपटक राष्ट्रिय लिगमा सहिद स्मारक ए डिभिजन लिगका १३ सहित राष्ट्रिय छनोटबाट आएका चार क्लब सहभागी छन्। यसअघि एन्फाले सहिद स्मारक ए डिभिजन लिग खेलेका ६ टिमलाई मात्रै राष्ट्रिय लिग खेल्ने दिने घोषणा गरे पनि अन्तिममा सबै टिमलाई खुला गरेको थियो। यद्यपि, हिमालयन शेर्पाले सहभागी जनाउनेछैन। लिगमा तीन विभागीय टोली (आर्मी, पुलिस र एपिएफ) तथा राष्ट्रिय लिगबाट छनोट भएका (कांक्रेविहार, चित्लाङ एफसी, लालीगुराँस संघ र नव जनजागृति क्लब)सँगै बढुवा भएका दुई क्लब प्लानिङ ब्वाइज तथा श्रीभगवती क्लब, मच्छिन्द्र, चर्च ब्वाइज, मनाङ मर्स्याङ्दी, न्युरोड टिम एनआरटी, जावलाखेल युथ क्लब, संकटा क्लब, फ्रेन्ड्स क्लब र सातदोबाटो क्लब रहेका छन्।

राष्ट्रिय लिगको उद्घाटन खेलमा काँक्रे बिहार र फ्रेन्ड्स क्लब प्रतिस्पर्धा गर्ने भएका छन्। आयोजक अखिल नेपाल फुटबल संघ (एन्फा)ले आइतबार लिगको खेल तालिका सार्वजनिक गर्दै खेल पाँच दिन सारेको हो। यसअघि एन्फाले पुस २५ बाट लिग गर्ने घोषणा गरेको थियो। तर, क्लबहरूले तयारी अभावलगायत विषय उठान गरेपछि प्रतियोगिता पर सारिएको हो।

एन्फाले राष्ट्रिय लिगका खेल सातदोबाटोस्थित एन्फा मैदान, च्यासल मैदान र त्रिपुरेश्वरको दशरथ रंगशालामा गरी तीन मैदानमा आयोजना गर्दै छ। एन्फाले एकै दिन तीन वटासम्म खेल आयोजना गर्दै छ। नेपाली राष्ट्रिय टिमको खेलका दिन तथा विभिन्न समयमा लिगलाई विश्राम दिएको छ।

खेल संक्षेप

हिमरश्मिलाई फुटसल उपाधि

काठमाडौं/ हिमरश्मिले आठौं ओप्स खेलकुद महोत्सवअन्तर्गत महिलातर्फ फुटसलको उपाधि शनिबार जितेको छ। तार्केश्वर नगरपालिकाको गोलढुंगास्थित सिर्जना ज्ञानसागरमा भएको फाइनलमा हिमरश्मिले सिर्जना ज्ञानसागरलाई २-० गोलले पराजित गऱ्यो। न्यु एरा एकेडेमी र प्रगति माविं तेस्रो भए। पुरुषतर्फ क्वार्टरफाइनल समीकरण तयार भएको छ। सेक्रेड हार्टले मनास्लु, न्यु एराले सिर्जना ज्ञानसागर, एन्जल्स हार्टले सेब र प्रगतिले न्युटनविरुद्ध खेल्नेछन्। अर्गनाइजेसन अफ प्राइभेट स्कुल (ओप्स)द्वारा आयोजित प्रतियोगिताको ब्वाइज भलिबलमा न्युटन, सेक्रेड हार्ट, हिमरश्मि र सेब सेमिफाइनलमा प्रवेश गरेका छन्। सिनियर ब्वाइज फुटसल र ब्वाइज भलिबल शेषमतीस्थित सेक्रेड हार्टमा भइरहेको छ। दुवैको फाइनल आइतबार हुने ओप्सका इसिए विभाग प्रमुख राजेश रायमाझीले जनाएका छन्। खेलकुद महोत्वसअन्तर्गत एथलेटिक्स र ब्याडमिन्टनको प्रतिस्पर्धा सम्पन्न भइसकेको छ। एथलेटिक्समा कौशल तथा व्याडमिन्टनमा हिमरश्मि च्याम्पियन बनेका थिए।

मिलन र सोनिया पहिलो

काठमाडौं/ केबिआर समिट च्यालेन्ज तेस्रो संस्करणको चौथो चरणमा पुरुषतर्फ मिलन कुलुङ र महिलातर्फ अमेरिकाकी सोनिया मार्टिन पहिलो भएका छन्। ट्रेलमान्डु नेपालको आयोजनामा शनिबार भएको २५ किलोमिटरको रेसमा पुरुषतर्फको विजेता मिलनले दुई घण्टा २३ मिनेट २४ सेकेन्ड समय लगाए। नेपालकै लोकेन्द्र राई दोस्रो र दिवाकर बुढामगर तेस्रो स्थानमा रहेका छन्। लोकेन्द्रले दुई घण्टा २६ मिनेट १६ सेकेन्ड र दिवाकरले तीन घण्टा ११ मनेट ३५ सकेन्डमा दौड पूरा गरे। महिलातर्फ सोनियाले तीन घण्टा २८ मिनेट नौ सेकेन्ड समय लगाइन्। सोनियाले गत महिना भएको तेस्रो चरणमा पनि पहिलो स्थान हासिल गरेकी थिइन्। एनी माई बान दोस्रो र बेलायतकी सेली रेबेका तेस्रो स्थानमा रहे। १० किलोमिटर दौडमा पुरुषतर्फ स्विट्जरल्यान्डका सिमन डाल्चर पहिलो स्थानमा रहे।

एनकेएलको प्लेयर ट्रायल्स आजबाट

काठमाडौं/ नेपाल कबड्डी लिग (एनकेएल)को दोस्रो सिजनका लागि खेलाडी छनोटको रूपमा 'प्लेयर ट्रायल्स' आइतबारदेखि दशरथ रंगशालास्थित कभर्ड हलमा हुने भएको छ। जसमा उत्कृष्ट प्रदर्शन गर्दै खेलाडीहरूले एनकेएल ड्राफ्टमा स्थान बनाउन सक्नेछन्। एनकेएल आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टको प्राविधिक टोलीले दोस्रो सिजनका लागि दर्ता भएका पाँच सय १२ जना खेलाडीबाट छनोट गरेका एक सय ८० जना खेलाडी दुईदिने प्लेयर ट्रायल्समा सहभागी हुनेछन्। प्लेयर ट्रायल्समा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई एनकेएल ड्राफ्टमा छनोट गरिनेछ। र, ड्राफ्टमार्फत ६ टिमले एनकेएल दोस्रो सिजनमा प्रतिस्पर्धा गर्ने टिम तयार पार्नेछन्। त्रिपुरेश्वरस्थित कभर्ड हलमा आयोजित रोमाञ्चक फाइनलमा काठमाडौं माभरिक्सलाई ४३-४१ ले पराजित गर्दै जनकपुर नाइट्स एनकेएल च्याम्पियन भएको थियो।

क्लासिकल चेस प्रतियोगिता हुने

काठमाडौं/ हिमालयन चेस एकेडेमीले युवा खेलाडी उत्पादन गर्ने उद्देश्यले 'हिमालयन च्यालेन्जर्स यू १८ फिडे रेटिङ चेस प्रतियोगिता' आयोजना गर्ने भएको छ। उमेर समूहमा आयोजना गर्न लागिएको दुर्लभ क्लासिकल चेसमा छनोट गरिएका प्रतिभावान २४ खेलाडीले आइतबारदेखि नौ दिन प्रतिस्पर्धा गर्नेछन्। काठमाडौं जिल्ला चेस संघसँगको सहकार्यमा आयोजित प्रतियोगिताबारे एकेडेमीकी संस्थापक मोनालिसा खम्बू भन्छिन्, 'नेपालमा २५ मिनेटसम्म खेल्ने च्यापिड र ब्लिजका प्रतियोगिता अत्यधिक हुने गरेको छ। तर, खेलाडी उत्पादन र स्तर मापनका लागि महत्त्वपूर्ण मानिएको क्लासिकल चेसको प्रतियोगिता विरलै आयोजना गरिन्छ। हिमालयन चेस एकेडेमीले एसइई कप, हिमालयन १०० फर गिनिज वर्ल्ड रेकर्ड्स, हिमालयन तिज चेस टोर्नी, प्याट्रिओटिक ओपन च्याम्पियनसिप, हिमालयन डुओ, हिमालयन ब्लिज कप, देशकै पहिलो फ्रिस्टाइल चेस प्रतियोगिता हिमालयन फ्रिस्टाइल च्याम्पियनसिप, हिमालयन १०० एक्स टु, हिमालयन क्विन्स ग्याम्बिट र एचसिए युथ कप गरी १० प्रतियोगिता आयोजना गरिसकेको छ।

खुसी, प्रतिभा र सोयालाई स्वर्ण पदक



काठमाडौं/ ललितपुरकी खुसी घलान, चितवनकी प्रतिभा श्रेष्ठ र भक्तपुरकी सोया चक्रधरले बागमती प्रदेशस्तरीय खुला तेक्वान्दो लिगमा शनिबार स्वर्ण पदक जितेका छन्। जिल्ला समन्वय समिति काठमाडौंको संयोजन, बागमती प्रदेश तेक्वान्दो संघको प्राविधिक सहयोग र कागेश्वरी मनोहरा नगरपालिकाको आयोजनामा भइरहेको प्रतियोगिताको सिनियर महिला ४९-५३ केजीको फाइनलमा खुसीले भक्तपुरकी सविना तामाङलाई पराजित गरिन्। सिनियर महिला ५३-५७ केजीमा प्रतिभाले काठमाडौंकी अनुरा श्रेष्ठ तथा ५७-६१ केजीमा सोयाले काभ्रेकी एलिना बन्मालीलाई फाइनलमा हराएका थिए।

ताप्लेजुङमा माघेमेला गोल्डकप हुँदै

ताप्लेजुङमा केशवप्रसाद भट्टराई

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-३ लिमिस्थित सिंवा बजारमा पहिलोपटक माघेमेला फुटबल प्रतियोगिता सञ्चालन हुने भएको छ। माघे संक्रान्ति तथा ऐतिहासिक माघेनी मेलाको अवसरमा प्रतियोगिता आयोजना गर्न लागिएको हो। शनिबार फुङलिङमा आयोजित पत्रकार सम्मेलनमार्फत आयोजकले गोल्डकप सञ्चालनको जानकारी दिएका हुन्। माघेनी मेला यसअघि पनि हुँदै आएको भए पनि गोल्ड कप भने यस वर्षदेखि सुरु गर्न लागिएको मेला सञ्चालन समितिले जनाएको छ।



आमन्त्रित प्रतियोगितामा आठवटा टिमको सहभागिता रहनेछ। आयोजक सिंवा स्पोर्टिङ क्लब लिमिसहित धनकुटा, तेह्रथुम, पाँचथर, झापा र ताप्लेजुङका विभिन्न क्लबले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिताको विजेताले नगद तीन लाख ५० हजार ८२ तथा उपविजेताले एक लाख ७५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र पाउनेछन्। साथै, उत्कृष्ट खेलाडी, डिफेन्डर, गोलकर्ता र गोलकिपरलाई पनि पुरस्कार प्रदान गरिनेछ।

रसिलालाई लगातार चौथोपटक उपाधि

नयाँ पत्रिका

विभागीय टोली त्रिभुवन आर्मी क्लबकी रसिला महर्जनले ललितपुर मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको उपाधि लगातार चौथोपटक जितेकी छिन्। शनिबार तीनपटककी उपाधि जितिसकेकी महर्जनले चौथो उपाधि जित्ने क्रममा आफ्नै क्लबकी शेस्ना सिरपालीमाथि पुनरागमन जित निकालिन्। पहिलो सेट २०-२२ ले पछाडि परेकी रसिला खेलमा फर्कंदै दोस्रो २१-१५ र २१-९ ले आफ्नो पक्षमा पारिन्। रसिलाले नगद ५० हजार तथा उपविजेता बनेकी शेस्नाले नगद २५ हजार प्राप्त गरिन्। तेस्रो स्थानमा आर्मीकी रिहाना शेरचन र भोजपुरकी नंगसल तामाङ रहे। शेरचन र तामाङले समान १० हजार पाएका छन्।

ललितपुर महानगरपालिकाको मुख्य प्रायोजन रहेको प्रतियोगिताको पुरुष एकलतर्फ आर्मीका प्रल्फुल महर्जनले पहिलोपटक उपाधि जिते। महर्जनले सप्तरीका विष्णु कटुवाललाई २१-९ र २१-६ ले पराजित गरेका हुन्। प्रफुल्लले नगद ५० हजार तथा उपविजेता विष्णुले नगद २५ हजार जितेका छन्। तेस्रो स्थान प्राप्त गरेका आर्मीका विधान अधिकारी र एपिएफका क्षितिज खनालले समान १० हजार पाए।

युगलतर्फ विधान र पविन पहिलो

पुरुषको युगलतर्फ भएको प्रतिस्पर्धामा आर्मीका विधान अधिकारी र पविन लिङथेपको जोडीले जित हात पारे। विधान र पविनको यो प्रतियोगितामा लगातार चौथोपटकको जित हो। बालकुमारी रिमिक्स क्लबको कभर्डहलमा विधान र पविनको जोडीले आर्मीका प्रफुल्ल महर्जन र टाइमआउटका रुकेश महर्जनको जोडीलाई २१-२३, २१-१७ र २१-१८ ले पराजित गरेका हुन्। तेस्रो स्थानमा एपिएफका देवराज राना र प्रनिश सिंह ठकुरीको जोडी तथा तीनचुलीका सुनील कार्की र महेश खड्काको जोडी रहे। विजयी खेलाडीहरूले नगद ५० हजार, उपविजेताले २५ हजार र तेस्रो स्थान प्राप्त गर्नेले नगद १० हजार पाएका छन्।



तीनपटककी विजेता रसिला महर्जनले चौथो उपाधि जित्ने क्रममा आफ्नै क्लबकी शेस्ना सिरपालीलाई हराइन्

यू-१७ महिला एकलतर्फको खेलमा आर्मीकी रिहाना सेरचन विजय भइन्। शेरचनले फिट नेपाल स्पोर्टस्प्लेक्सकी निभा राईलाई २१-१४ र २१-१४ ले हराइन्। यस विधामा एपिएफकी स्वर्लिन श्रेष्ठ र आर्मीकी समृद्धि श्रेष्ठ संयुक्त तेस्रो स्थानमा रहे। यू-१७ पुरुष एकलतर्फ आर्मीका सदीप राईले उपाधिमा नाम लेखाए। उनले आफ्नै क्लबका प्रतीक विष्टलाई २१-१९, २१-१५ ले पराजित गर्दै उपाधि चुमेका हुन्। आर्मीका रिजन महर्जन र सौर्य महर्जनले तेस्रो स्थानमा चित्त बुझाए। मास्टर युगल ४५ वर्षमाथिको प्रतिस्पर्धामा पिस फिटनेस क्लबका सञ्जय कपाली र अनिल थामसुहाङको जोडीले युनिटी ब्याडमिन्टन क्लबका आङकुसाङ शेर्पा र लाक्पा शेर्पाको जोडीलाई हराउँदै च्याम्पियन बने।

विजेता खेलाडीहरूलाई ललितपुर महानगरपालिकाकी उपमेयर मञ्जली शाक्य बज्राचार्यलगायतले पुरस्कार वितरण गरेका थिए। प्रतियोगितामा पुरुष एकल र महिला एकल खुला, शीर्ष २० वरीयताबाहेकको पुरुष युगल, यू-१७ पुरुष तथा महिला एकल खुला, ४५ वर्षमाथिको मास्टर युगल खुला गरी ६ विधामा करिब दुई सय २६ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

खाँदबारीमा फुटबल सुरु

संखुवासभामा नवीन गुरुङ

संखुवासभाको खाँदबारी नगरपालिकामा रहेको खाँदबारी रंगशालामा तेस्रो तीनपोखरी कप पुरुष फुटबल प्रतियोगिता शनिबारबाट सुरु भएको छ। प्रतियोगितामा उद्घाटन समारोहसँगै दुईवटा खेल सम्पन्न भए। पहिलो खेलमा आयोजक तीनपोखरी क्लबलाई १-० ले हराउँदै मकालु फ्रेन्डस क्लबले विजयी सुरुवात गऱ्यो। दोस्रो खेलमा शीतलपाटी क्लबले नेपाल सशस्त्र प्रहरी पकली कोशी प्रदेशलाई २-० ले हरायो।

प्रतियोगितामा कुल ८ क्लबको सहभागिता रहेको छ। जसमा आयोजक तीनपोखरी क्लबसहित पाँचवटा क्लब खाँदबारी युथ क्लब, सेकाहा क्लब, मकालु फ्रेन्डस, शीतलपाटी क्लब सहभागी बनेका छन् भने जिल्लाबाहिरका नेपाल सशस्त्र प्रहरी पकली कोशी प्रदेश, बेलका युथ क्लब उदयपुर र चुलाचुली स्पोर्टिङ क्लब दमक झापा रहेको छ। खाँदबारी नगरपालिकाका मेयर महेश थपलियाले पानसमा बत्ती बालेर प्रतियोगिताको उद्घाटन गरे। उनले खाँदबारी नगरपालिकाभित्रका ११ वटै वडामा खेलमैदान बिस्तार गरी व्यावसायिक खेल प्रवर्द्धनका लागि सहयोग गरिरहेको बताए। प्रतियोगिताको विजेताले नगद दुई लाख ५१ हजार तथा उपविजेताले नगद एक लाख २१ हजार रुपैयाँ पाउनेछन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com